


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

» आइतबार साउन २०, २०७५ » Sunday, August 5, 2018 » www.newsofnepal.com » नेसं ११३८ दिल्लागा ८ » वर्ष २४, अंक २०७ » पृष्ठ १२ » मूल्य रू १०/–

२ { म्याग्दीमा पर्यटकको आकर्षण
७ { नदीकिनारका सुकुम्बासीलाई झुप्रोको चिन्ता
९ { हजको कोटा १२ सयमै सीमित
१० { पाँच दर्जन स्थानीय तह बैंकविहीन




# प्रमाणपत्र छानविन गर्न जोशीको चुनौती

## पेसी तोक्ने जिम्मा मिश्रलाई


प्रशान्त वली, काठमाडौं

सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशी आज आइतबारदेखि बिदामा बस्नुहुने भएको छ। संसदीय सुनुवाइ समितिले शुक्रबार प्रधानन्यायाधीशमा नाम अस्वीकृत गरेपछि उहाँ बिदामा बस्न लाग्नुभएको हो।

जोशी बिदामा बसेसँगै न्यायालयले अझै केही समय नेतृत्व नपाउने देखिएको छ। सर्वोच्चमा नयाँ प्रधानन्यायधीश नियुक्त भएपछि कायममुकायम प्रधानन्यायाधीश जोशीले राजीनामा दिने सम्भावना रहेको स्रोत बताउँछ। उहाँले राजीनामा नदिए न्यायाधीश भएर काम गर्न सक्ने पूर्वन्यायाधीश बलराम केसीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुली गत २०७४ चैत्र १ गते बर्खास्ती भएसँगै ४ महिनादेखि सर्वोच्च अदालत नेतृत्वविहीन छ। सर्वोच्चमा नीतिगत निर्णयमा समस्या पर्दै आएको त्यहाँ कार्यरत कर्मचारीहरू बताउँछन्।

जोशी शनिबारदेखि बिदामा बस्ने र रोलक्रमका आधारमा वरिष्ठ रहनुभएका न्यायाधीश ओमप्रकाश मिश्रले पेसी तोक्ने सर्वोच्च अदालतका सञ्चार विज्ञ किशोर पौडेलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। न्यायपरिषद्का अनुसार जोशीपछि



रोलक्रममा क्रमश: मिश्र, चोलेन्द्रशमशेर जबरा र दीपककुमार कार्की रहनुभएको छ। जोशीले १ सय २० दिन कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्नुभएको थियो। संवैधानिक

- जोशी आजैदेखि बिदामा
- नीतिगत निर्णयमा समस्या

परिषद्ले सिफारिस गरेकालाई संसदीय समितिले डेढ महिनाभित्र स्वीकृत/अस्वीकृतको निर्णय दिनुपर्ने संवैधानिक व्यवस्था छ। मिश्र प्रधानन्यायाधीशमा अनुमोदन भए आगामी पुससम्म जिम्मेवारीमा रहनुहुनेछ। सत्तामा रहेको नेकपाले जोशीले राजीनामा नदिए महाअभियोग लगाएर हटाउने बताउँदै आएको थियो।

रिक्त प्रधानन्यायाधीशका लागि संवैधानिक परिषद्ले पुन: न्यायाधीशहरुको नाम सिफारिस गर्नुपर्ने भएको छ। यस्तै सर्वोच्चका कायममुकायम प्रधानन्यायाधीश जोशीले आफ्नो शैक्षिक प्रमाणपत्रमाथि छानविन गर्न सरकारलाई आग्रह गर्नुभएको छ। शनिबार विज्ञप्ति जारी गर्दै उहाँले भन्नुभएको छ- 'मैले स्वतन्त्र न्यायालयमाथि हस्तक्षेप गरी न्यायालयलाई विस्तारै कमजोर बनाइँदै लगिएको बुझेको छु। आफ्नो अभिष्ट पूरा गर्न केही तत्त्व सक्रिय भएर लागे।' विज्ञप्तिमा थप भनिएको छ- 'सम्मानित संसदीय सुनुवाइ समितिमा संविधानबमोजिम सुनुवाइ भई सार्वजनिक सञ्चारमाध्यममा मेरो विषयमा सम्प्रेषित समाचारका आधार, आशंका र भ्रमका आधारमा तथ्यगत निष्कर्षबिना नै निर्णय भएको विषयमा आफ्नो गम्भीर सरोकार रहेको छ।'

तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालयको परीक्षा महाशाखाबाट एसएलसीसरह समकक्षी नेपाल राष्ट्रिय विद्यापीठमा २०२९ सालको ब्याचमा परीक्षा दिई २०३० वैशाख ३० गते प्रवेशिका परीक्षा उत्तीर्ण गरेको तथ्यलाई नजरअन्दाज गरिएको कायममुकायम प्रधानन्यायाधीश जोशीको दाबी छ। सुनुवाइका क्रममा आफूले समितिसमक्ष शैक्षिक प्रमाणपत्रहरू पेस गरेको भन्दै आधिकारिक निकायबाट अध्ययन अनुसन्धान नै नभएको जोशीको आरोप छ।

# बिमस्टेक सम्मेलनअघि 'सोम' बैठक

टीका बन्धन, काठमाडौं

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो शिखर सम्मेलनअगावै काठमाडौंमा सदस्य राष्ट्रका उच्च अधिकारीहरूको जमघट हुँदै छ।

सबै सदस्य राष्ट्रका परराष्ट्र सचिवस्तरीय अधिकारी संलग्न रहने 'सिनियर अफिसियल्स मिटिङ' (सोम) आयोजना हुने भएको हो। यही साउन २६ गतेका लागि सोम जमघटको मिति तय भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। 'अर्को हप्ता 'सोम' बैठक हुँदै छ, सम्मेलनको

पाहुनालाई गाडी जुटाउन गृहलाई धौधौ

तयारीलाई थप सहज बनाउन यस्तो बैठक हुन लागेको हो।' -मन्त्रालयका सहायक प्रवक्ता रामबाबु ढकालले नेपाल समाचारपत्रसँग भन्नुभयो।

बिमस्टेक मन्त्रीस्तरीय बैठकको तयारी, शिखर सम्मेलनका एजेन्डा तय गर्न, घोषणापत्रको मस्यौदा र अन्य वातावरण सहज बनाउन सोम जमघट हुने भएको हो। चौथो सम्मेलन आगामी भदौ १४ र १५ गते काठमाडौंमा आयोजना हुँदै छ, मन्त्रीस्तरीय बैठक पनि सोही बेला हुनेछ। सन् २०१४ को मार्चमा म्यानमारको राजधानी ने पी तोमा तेस्रो शिखर सम्मेलन सम्पन्न भएपश्चात् नेपाल बिमस्टेकको अध्यक्ष राष्ट्रको भूमिकामा छ।

(क्रमश : पृष्ठ ९)

# ७ दिनभन्दा बढी बैठक स्थगित भए अवैध

गंगा बराल, काठमाडौं

चालू अवस्थामा रहेको राष्ट्रिय सभाको बैठक ७ दिनभन्दा बढी स्थगित गर्न नमिल्ने राष्ट्रिय सभा नियमालवीमा उल्लेख गरिएको छ।

राष्ट्रिय सभा नियमावली-२०७५ को परिच्छेद २ मा 'राष्ट्रिय सभाको अधिवेशन तथा बैठक सञ्चालन' सम्बन्धी व्यवस्था गरिएको छ। नियमावलीको नियम ६ मा रहेको 'बैठकको सञ्चालन र स्थगन' सम्बन्धी प्रावधानमा लेखिएको छ- 'सभाले अन्यथा प्रस्ताव पारित गरी तोकेका बाहेक एउटा बैठक बस्ने अवधि र अर्को बैठक बस्ने अवधिबीचको फरक ७ दिनभन्दा बढी हुने गरी तोकिने छैन। राष्ट्रिय सभाको बैठक सामान्यतया ११ बजे र प्रतिनिधिसभाको बैठक सामान्यतया १ बजे बस्नेछ।'

राष्ट्रिय सभाको बैठक प्राय:जसो धेरै दिनको अन्तरमा नै हुँदै आएको छ। साउन १ गते बसेको बैठक ८ गतेसम्म स्थगित भयो, ९ गते बसेको बैठक १६ गतेका लागि आह्वान गरिएको थियो।

८ गते पनि सत्ता र प्रतिपक्षीको जुहारीका कारण बैठक कार्यसूचीमा प्रवेश गर्न सकेन, भोलिपल्ट पनि नेपाली कांग्रेसका सांसदहरूले पछिल्ला घटनाक्रमका बारेमा गृहमन्त्रीले जवाफ दिनुपर्ने माग राखेका थिए। राष्ट्रिय सभालाई माथिल्लो सदन भनिन्छ र प्रतिनिधिसभा तल्लो सदन भन्ने गरिएको छ। प्रतिनिधिसभाले गरेका काम कारबाहीलाई राष्ट्रिय सभाले अनुगमन, मूल्यांकन गर्दै सुझाव दिने काम गर्दछ।

(क्रमश : पृष्ठ ९)

## बहुविवाह बढ्दो

# पीडितले नै 'डिभोर्स' माग्दा पीडकलाई उन्मुक्ति

हिक्मत नेपाली, दैलेख

जिल्लाको नारायण नगरपालिका-४ सोतकी २३ वर्षकी चन्द्रा सुनारको विवाह भएको ६ वर्ष पुग्यो। उनका ५ सन्तान जन्मिसके। विवाह भएको पछिल्लो वर्ष पहिलो छोरा, तेस्रो वर्षमा अर्को एक छोरा अनि पाँचौं वर्षमा चाहिँ जुम्ल्याहा २ छोरी भए।

जुम्ल्याहा छोरी गत चैतमा वर्ष दिनका भएका थिए, एक वर्षमै गत वैशाखमै पाँचौं सन्तान छोरा जन्मियो। छोरा जन्मेको पनि ४ महिना पुग्दै छ, यी भएकै छोराछोरी सम्हाल्न चन्द्रालाई हैरानी छ तर उनका पति वसन्त सुनारले २१ वर्षकी एक युवतीलाई दोस्रो पत्नीको रूपमा भित्र्याएका छन्। शुक्रबार नारायण नगरपालिका-१० भवानीकी संगीता विकलाई दोस्रो पत्नीका रूपमा भित्र्याएका हुन् तर संगीतालाई भारत लैजाँदै गर्दा सुर्खेतबाट पक्राउ गरी उनीहरूविरुद्ध कानुनी कारबाही चलाउन चन्द्राले जिल्ला प्रहरी कार्यालय दैलेख पुग्नुभएको छ। हुर्किएका २ सन्तान आफन्तको जिम्मा लगाएर तीन दूधेबालक बोकी चन्द्रा जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा पुग्नुभएको हो।

दैलेखकै महाबु गाउँपालिका-३ बाँसीकी विजया नेपाली पनि बहुविवाहको मारमा पर्नुभएको छ। संयोग शुक्रबारकै हो। उहाँको पति प्रेमबहादुर नेपाली शुक्रबारै



अर्कै युवती लिएर भारत हिँडेको भन्दै प्रहरीमा उजुरी गर्न पुग्नुभएको थियो।

तेस्रो घटना पनि यी दुईभन्दा फरक छैन। गुराँस गाउँपालिका-४ तालपोखरीका २६ वर्षीय विष्णुबहादुर शाही र नारायण नगरपालिका-३ प्युसेकी २१ वर्षीया गीता गुरुङले बहुविवाह गरेपछि जेठी पत्नी सुनीता मल्लले प्रहरीमा उजुरी दिनुभयो। शाही र गुरुङलाई प्रहरीले शुक्रबारै पक्राउ गरेको छ। दैलेखी महिलाहरू बहुविवाहको चपेटामा परेको कुरा एकैदिनका यी प्रतिनिधि घटनाहरूबाट प्रस्ट हुन्छ। यहाँका महिला कानुनले विवाह गर्न तोकेको उमेर २० वर्ष पुग्दा कम्तीमा १-२ बच्चा जन्माइसक्छन्। आर्थिक अभावमा पारिवारिक कलह शुरू हुन्छ। त्यसपछि अधिकांशले सम्बन्ध विच्छेद गर्छन् भने धेरै बहुविवाहको पीडा भोग्न बाध्य हुन्छन्।

प्रहरीका अनुसार एकैदिन बहुविवाह भएको ठाडो निवेदन ३-४ वटा परे पनि प्रहरीले पक्रेपछि पीडित महिलाले नै सम्बन्ध विच्छेद गरेर कान्छी हुन आउनेलाई सजिलो बनाइदिने गरेका छन्। यस कारण बहुविवाहका मुद्दा मुस्किलले वर्षभरि ८-१० वटा मात्र चल्ने गरेका छन्। बहुविवाह जस्ता सरकारवादी मुद्दामा समेत राजनीतिक हस्तक्षेप र सामाजिक दबाब सिर्जना गरिने भएकाले आर्थिक प्रलोभनमा केही मुद्दा चल्न नसकेको अधिवक्ता गोपाल बिराजी बताउनुहुन्छ। यसले कानुन कार्यान्वयनमा चुनौती थपेको उहाँको ठम्याइ छ।

सानैमा विवाह गरेकै कारण बीचैमा अध्ययन रोकिने तथा शिक्षाको अभावमा रोजगार वा आत्मनिर्भर स्वरोजगारीका सीप, ज्ञानसमेत नहुँदा आर्थिक कठिनाइले पारिवारिक कलह बढ्दा सम्बन्ध विच्छेद वा बहुविवाहको अवस्था सिर्जना हुने गरेको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सरोज पौडेल बताउनुहुन्छ।

(क्रमश : पृष्ठ ९)

# महानगर

{ बँदेलको डरले गर्दा घाँसदाउरा ल्याउनका लागि जंगल जानसमेत समस्या भएको छ। वर्षेबाली जंगली जनावारले नष्ट गर्न थालेपछि किसानहरु भोकमरीको समस्या उत्पन्न हुने चिन्तामा रहेका छन्।



# म्याग्दीमा पर्यटकको आगमन बढ्यो

## पर्यटकीयस्थलमा पूर्वाधार नहुँदा समस्या





**प्रताप बानियाँ, म्याग्दी**

म्याग्दीमा गत आर्थिक वर्ष २०७४/७५ मा जिल्ला भ्रमण गर्ने बाह्य पर्यटकहरूको आगमन बढेको छ। विनाशकारी भूकम्पपछि विगतका वर्षको तुलनामा गतवर्ष म्याग्दी भित्रिने र बाहिरिने पर्यटकको संख्यामा वृद्धि भएको हो।

गएको वर्षमा कुल ७४ हजार १ सय ६३ जना पर्यटकले म्याग्दी जिल्लो भ्रमण गरेको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ। कार्यालयले दिएको जानकारीअनुसार म्याग्दी भ्रमण गर्नका लागि ४१ हजार १ सय ६७ जना पर्यटक भित्रिएका छन् भने ३२ हजार ९ सय ९६ जना पर्यटक बाहिरिएका छन्। म्याग्दी भ्रमणमा भित्रिने र बाहिरिनेमा पुरुष ३८ हजार ७ सय ७९ रहेकामा ३५ हजार ३ सय ८४ जना महिला पर्यटक छन्।

अघिल्लो आर्थिक वर्ष २०७३/७४ मा कुल ६९ हजार ८ सय १६ जनाले म्याग्दी भ्रमण गरेकामा आर्थिक वर्ष २०७२/७३ मा ४३ हजार ६ सय ३२ जना पर्यटक मात्रै म्याग्दी भ्रमणमा निस्किएका थिए। गतवर्षको पर्यटक आगमनको तथ्यांकअनुसार पछिल्लो समय म्याग्दी जिल्लामा भ्रमण गर्ने पर्यटकको संख्यामा वृद्धि हुँदै गएको देखिन्छ। म्याग्दी जिल्लाको भ्रमण गर्न आउने पर्यटकहरू अधिकांश सडकमार्ग भएर आउने गरेका छन्। पर्वतको मालढुंगा हुँदै बेनी, पश्चिम म्याग्दीको दरबाङ र उत्तरी भुरुङ-तातोपानी नाका भएर म्याग्दीको भ्रमणमा पर्यटक आउँछन्।

यसै गरी कतिपय पर्यटक ट्रेकिङ एजेन्सीमार्फत सिधै हवाई मार्ग भएर जिल्लाको भ्रमणमा आउने गरेका छन् भने हिमालपारिको जिल्ला मुस्ताङबाट समेत पर्यटकहरू जिल्ला भित्रिने गरेका छन्।

**कुन महिनामा कति पर्यटक**

| महिना | पर्यटक संख्या |
|---|---|
| साउन | ३०४९ |
| भदौ | २८५२ |
| असोज | १०२९७ |
| कात्तिक | १४००१ |
| मंसिर | ७३०३ |
| पुस | १०३६ |
| माघ | ३९०९ |
| फागुन | ५१५४ |
| चैत | ११७८१ |
| वैशाख | ९४८५ |
| जेठ | ३५१७ |
| असार | १७७९ |
| जम्मा | ७४१६३ |
| पुरुष | ३८७७९ |
| महिला | ३५३८४ |

स्रोत: जिल्ला प्रहरी कार्यालय, म्याग्दी।

जिल्ला भ्रमण गर्न भित्रिने बाह्य पर्यटकको तथ्यांक प्रहरीसँग रहे पनि आन्तरिक पर्यटक कति भित्रिन्छन् भनेर कुनै सरकारी वा गैरसरकारी निकाय तथा संघसंस्थाले तथ्यांक राख्न सकेका छैनन्। बेनीका होटल व्यवसायीका अनुसार जिल्लामा बाह्यभन्दा आन्तरिक पर्यटक धेरै आउने भए पनि आधिकारिक तथ्यांक कसैसँग छैन। सदरमुकाम बेनीस्थित कालीपुल बसपार्कमा यसवर्ष पर्यटक सूचना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

गत वैशाख ३० गते स्थापना गरिएको उक्त केन्द्रमा झन्डै ५ सयको हाराहारीमा पर्यटक जिल्ला भित्रिएका छन्। भ्रमण वर्षका अभियन्ता तथा म्याग्दी उद्योग वाणिज्य संघका द्वितीय उपाध्यक्ष राजेश शाक्यले 'म्याग्दी भ्रमण वर्ष-२०७५' घोषणा गरी मनाउन थालिएको हुँदा पर्यटक आगमन बढेको बताउँदै भ्रमण वर्षको अवसरमा पर्यटक लक्षित विभिन्न कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो। भ्रमण वर्षमा जिल्लाका भर्जिन पर्यटकीय गन्तव्यको पहिचान गरी पर्यटक आगमन बढाउने विभिन्न किसिमका योजना अगाडि सारिएको उहाँको भनाइ छ।

जिल्लामा रहेका विभिन्न पर्यटकीय, धार्मिक तथा ऐतिहासिक स्थलको विदेशी पर्यटकले भ्रमण गर्ने गरेका छन्। म्याग्दी भ्रमणमा आउने अधिकांश पर्यटक घोरेपानी, पुनहिल, खोप्रालेक, महरेडाँडा, रूपसे झरना, संसारकै गहिरो अन्धगल्छी, राउन्ड धौलागिरि र अन्नपूर्ण पदमार्गमा ट्रेकिङ, धौलागिरि बेसक्याम्प तथा धौलागिरि-अन्नपूर्ण हिमाल आरोहण गर्न आउने गरेका छन्। यसै गरी सिंगा तथा भूरुङ-तातोपानीको कुन्डमा स्नान गर्न, पर्यटकीय क्षेत्र टोड्के, राखुभगवतीको रुइसे भेडीओढार, भकिम्लीको स्वर्गाश्रम, धार्मिक क्षेत्र गलेश्वर, पुलहाश्रम, जगन्नाथ एवं मालिका मन्दिरलगायत अन्य क्षेत्रको दर्शन गर्न र ती ठाउँबाट मनोरम दृश्यावलोकन गर्न पर्यटकहरू आउने गरेका छन्।

म्याग्दीमा खास गरी अमेरिका, जर्मन, फ्रान्स, अस्टेलिया, स्वीजरल्यान्ड, न्युजिल्यान्ड, युक्रेन, इटाली, क्रोएसिया, बेल्जियम, इजरायल, डेनमार्क, क्यानडा, फिलिपिन्स, सिंगापुर, रोमानिया, जापान, मेक्सिको, स्वीडेन, आयरल्यान्ड, अर्जेन्टिना, स्पेन, इन्डोनेसिया, रसिया, स्लोभाकिया र कोरियाबाट पर्यटकहरू आउने गरेको प्रहरीले जनाएको छ। पर्यटकको सुरक्षाका लागि पर्यटकीयस्थलमा प्रहरी युनिट रहेको हुँदा आवश्यक परेमा तुरुन्तै परिचालन हुने गरिएको म्याग्दीका प्रहरी नायब उपरीक्षक वीरबहादुर बुढामगरले बताउनुभयो।

# बँदेल आतंकले किसानलाई सास्ती

विनोदसिंह विष्ट, बैतडी



जंगली जनावरले वर्षेबाली नष्ट गर्न थालेपछि बैतडीका किसान चिन्तित बनेका छन्। जिल्लाका अधिकांश ठाउँमा मकैबाली जोगाउन किसानलाई धौ-धौ परेको छ। दिउँसोमा बँदेल, बाँदर र रातिमा दुम्सी तथा जंगली बँदेलले मकैबाली नष्ट गर्न थालेपछि किसानलाई मकैबाली जोगाउन सकस परेको हो।

जंगली बँदेल, बाँदर र दुम्सीले बैतडीका विभिन्न ठाउँमा आतंक मच्चाउन थालेको हो। मुख्य खाद्यबालीका रूपमा रहेको मकै लगातार जंगली जनावरले नष्ट गर्न थालेपछि किसानहरू चिन्तित बनेका छन्। जिल्लाको सिगास गाउँपालिका-५ को कफटुडामा बर्खेबाली मकै दुम्सीले सखाप पारेको स्थानीय भानबहादुर बोहराले बताए। मकैको घोगा लाग्नै लागेको बेला जंगली जनावरले मकैबाली नष्ट गर्न थालेपछि किसान चिन्तामा परेको उनको भनाइ रहेको छ। दुम्सीले लगातारररूपमा केही दिनदेखि मकैबाली नष्ट गर्न थालेपछि दुम्सीलाई कसरी नियन्त्रण गर्ने भनेर किसानलाई पिरोलेको छ।

रातिको समयमा पहरा दिए पनि मकैबाली जोगाउन मुस्किल भएको सुर्नया गाउँपालिका-६ का भवानीदत्त अवस्थीले बताए। टहरा बनाएर रातिको समयमा पहरा दिए पनि मकैबाली जोगाउन नसकिएको सुर्नया गाउँपालिका-४ का कालु चन्दले बताए। जिल्लाका सबैजसो क्षेत्रमा मकैबाली जंगली बँदेलले नष्ट गर्न थालेको किसानले बताएका छन्।

उता दोगडाकेदार गाउँपालिकामा बादँरले मकैलगायतका अन्नबाली नष्ट पार्न थालेको छ। वडा नम्बर १ को रिमलगायतका ठाउँमा बाँदरले अन्नबाली नष्ट गरिदिँदा किसानहरू चिन्तित भएका छन्। बाँदर धपाउन सबै काम छोडेर आफूहरूले मकैको गोठालो लाग्नुपरेको स्थानीय वीरेन्द्र धामीले बताए। बाँदरले मकैबालीसँगै आँप, अनारलगायतका फलफूल पनि नष्ट पारेको छ। उनले भने- 'बाँदरको आतंक बढ्दै गएकाले नियन्त्रणका लागि स्थानीय तहले पहल गरिदिनुपर्छ।'

जिल्लाको तल्लो स्वराडस्थित शिवनाथ गाउँपालिका वडा नम्बर ३, ५ र ६ मा बँदेलले आतंक मच्चाउन थालेको छ। यस क्षेत्रको मुख्य खाद्यान्न बाली मकै भएकाले त्यही पनि बँदेलले सखाप पार्न लागेको वडा नम्बर ६ का किसान केशव सिंह धनाडीले बताए।

मेलौली नगरपालिका वडा नं २ र ३ मा जगंली बँदेलले मकै खान थालेपछि कृषक रातिको समयमा खेतमै पहरा बस्ने गरेका छन्। जंगलबाट आएका बँदेलले २० रोपनी खेतमा लगाएको मकै जरा उखेलेरै खान थालेपछि पहरा बस्नुपरेको स्थानीय हरिराम पार्कीको दुखेसो रहेको छ। दिनमा बाँदरले पनि मकै खान थालेका छन्। उनले भने- 'जंगलनजिक घर भएका २ परिवारका व्यक्तिहरू खरको छानो लगाएको टहरो बनाएर बस्ने गरेका छौं।'

रातभरि खेतमै बस्नुपरेपछि बाजागाजाका साधनहरू टहरोमै लगेर गीत गाएर बस्ने गरेको स्थानीय रमेश बिसीले बताए। उनले भने- 'आफूहरूले हरेक वर्ष बँदेल धपाउन पहरा बस्ने गरेका छौं।'

पाक्ने समय हुन लागेका मकै बँदेलले सखाप पारेको स्थानीय लोकबहादुर चन्दले जानकारी दिए।

पाटन नगरपालिका वडा नम्बर ५ का किसानको मकैबाली बँदेलले नष्ट गरिदिँदा किसानहरू समस्यामा परेको स्थानीय हिरा पाण्डेले बताए। बँदेल धपाउन उनीहरू रातभर वर्षाको समयमा मकैबारीमा बस्न बाध्य भएका छन्। बँदेलको डरले रातभर जाग्राम बस्नुपर्ने अवस्था आएको छ। उनले भने- 'बँदेलको डरले गर्दा घाँसदाउरा ल्याउनका लागि जंगल जानसमेत समस्या भएको छ।' वर्षेबाली जंगली जनावारले नष्ट गर्न थालेपछि किसानहरू भोकमरीको समस्या उत्पन्न हुने चिन्तामा रहेका छन्। साँझ बिहानको छाक टार्नका लागि लगाएको मकैबाली बँदेलले सखाप पार्दा निकै समस्या हुने देखिएको किसानहरूको भनाइ रहेको छ। यो वर्ष पानी समयमा नपर्दा धेरै ढिला गरी मकै लगाएका यहाँका किसानहरू बँदेलले नष्ट गर्दा झनै चिन्तामा परेका छन्।

बैतडीमा १४ हजार ९ सय हेक्टर क्षेत्रफल जमिनमा मकैखेती गरिँदै आएको छ। जंगल नष्ट हुँदा जंगली जनावर खेतबारीमा पस्ने गरेको वनकर्मीहरूको भनाइ रहेको छ।

# हप्तादिनमै उप्कियो पिच



विमल विष्ट, डोटी

डोटीको दिपायल राजपुरमा पिच गरिएको एक हप्तामै सडक उप्किएको छ। दिपायलको राजपुरबाट सुदूरपश्चिम पृतना हेडक्वार्टरको मुल गेटसम्म पिच गरिएको सडक साता नबित्दै उप्किएर हिलाम्मे हुन थालेको छ।

रकम सक्नका लागि पिच गरिएको सडक उप्किएर हिलाम्मे हुन थालेपछि यातायातका साधन तथा स्थानीयलाई हिँड्नमा समस्या उत्पन्न भएको छ। धनगढी-खुटिया-वीपीनगर-दिपायल फास्ट ट्र्याक योजना कार्यालयको टेन्डरअनुसार त्रिशक्ति कन्ट्रक्सनले उक्त सडक गएको केही दिन पहिले पिच गरेको हो। १२ सय मिटर सडक पिच गर्न १ करोड २७ लाखमा ठेक्का स्वीकृत भएको थियो। जेठ मसान्तमा काम सक्ने गरी सम्झौता भएको उक्त सडक हाल आएर पिच गरिएको स्थानीयबासी लालबहादुर धामीले बताउनुभयो।

'असार मसान्तसम्म समयसीमा तोकिए पनि वर्षायाममा गरिएको पिच गुणस्तरको नहुने भएकाले जेठ १५ भित्र काम सक्न निर्देशन दिइएको थियो।' धनगढी-खुटिया-वीपीनगर-दिपायल फास्ट ट्र्याक योजना कार्यालयका प्रमुख इन्जिनियर राजेन्द्र शाहले भन्नुभयो- 'हामीले जेठ १५ मै काम सक्न लिखित पत्राचारसमेत गरेका थियौं, किन अहिले आएर पिच गरे हामीलाई नि थाहा छैन।' सडक मापदण्डअनुसारको उक्त पिच नबनेको स्थानीयको आरोप छ।

सडकको चौडाइ ७ मिटर हुनुपर्ने भनी लिखित सम्झौता भए पनि तोकिएअनुसारको चौडाइ पनि नपुगेको स्थानीयको दाबी छ। सडकमा इस्टिमेटअनुसारको काम नभएकाले आफूले रकम भुक्तानीका लागि सिफारिस नगर्ने दिपायल सिलगढी नगरपालिका वडा नं ४ का वडाध्यक्ष विरेन्द्र शाहले बताउनुभयो। धनगढी-खुटिया-वीपीनगर-दिपायल फास्ट ट्र्याक योजना कार्यालयले सडक निर्माण कम्पनीलाई ५० लाख शुरूमा भुक्तानी दिएको इन्जिनियर शाहले बताउनुभयो। इन्जिनियर शाहले भन्नुभयो- 'काम हेरेर इस्टिमेटअनुसारका काम गराएर मात्रै भुक्तानी दिन्छौं नत्र भुक्तानी रोकिनेछ।'



## उद्घाटन

नायिका अनु शाह र कमला श्रेष्ठ स्टाइलिस्ट कस्टमेटिक ब्युटीको शुभारम्भ गर्दै।

PAGE3

## नमस्ते अमेरिका

नायिका तथा निर्मात्री श्वेता खड्का अमेरिकाको न्युयोर्कस्थित ज्याक्सन हाइटमा।





# युनिषालाई मिस एसिया नेपालको ताज

राजधानीमा हालै सम्पन्न एक सौन्दर्य प्रतियेगितामा युनिषा केसीले *मिस एसिया नेपाल २०१८* को ताज चुमेकी छिन्।

नेक्स्ट इभेन्ट इन्टरनेसनलद्वारा लाजिम्पाटको होटल र्‍याडिसनमा आयोजित प्रतियोगितामा *मिस एसिया नेपाल २०१८* को ताज चुम्न सफल युनिषा सीएकी विद्यार्थी हुन्। दीपकराज गिरी, दीपाश्री निरौला, सुनिल थापा, किरण केसी, गौरव पहारी, निर्मल शर्मालगायत कलाकारको सहभागितामा सम्पन्न प्रतियोगितामा हेमा हमाल *मिस ग्ल्याम वर्ल्ड नेपाल २०१८* चुनिएकी छिन्। यसअघिको प्रतियोगितामा उकुषा गिरी *मिस एसिया नेपाल*, परिचय विष्ट *फस्ट रनर्सअप* र जानकी श्रेष्ठ *सेकेन्ड रनर्सअप* भएका थिए। नयाँ संस्करणका विजेतालाई उनीहरूले नै ताज पहिर्‍याइदिएका थिए। यसपालिको प्रतियोगितामा रुस्वी प्रसाईं *फस्ट रनर्सअप* भएकी छिन्। युनिषाले प्रमुख उपाधि जितेबापत भारतको केरलामा हुने *मिस इन्टरनेसनल एसिया* र हेमाले *मिस ग्ल्याम वर्ल्ड नेपाल* भएबापत नेपालमै हुने *मिस ग्ल्याम वर्ल्ड २०१९* मा प्रतिस्पर्धा गर्ने आयोजकले जनाएका छन्। सांसद तथा पूर्वप्रहरी नायब महानिरीक्षक नवराज सिलवालको प्रमुख आतिथ्यतामा सम्पन्न प्रतियोगितामा फोटोग्राफर राजभाइ सुवाल, अभिनेता रमेश उप्रेती, सन्दीप क्षेत्री, गायक विजय लामा, व्यवसायी विशाल अग्रवाल, *मिस ग्रयान्ड नेपाल* सिर्जना रेग्मी, मिस सुपरेन्टेसनल पूजा श्रेष्ठ निर्णायक रहेका थिए। प्रतियोगिताका सहभागीलाई निलम चन्दले कोरियोग्राफी गरेकी थिइन्।

## सलमान छोडेर
# क्रिस रोजिन् प्रियंकाले

बलिउड नायक सलमानको फिल्म *भारत* छोडेर नायिका प्रियंका चोपडाले सबैलाई अचम्मित पारेकी छिन्। हुन पनि बलिउडमा सलमान खानसँग फिल्म खेल्न भनेपछि नायिकाहरू हुरुक्कै हुने गर्छन्।

केही मानिसहरूले उनको यो व्यवहारलाई अव्यावसीयक मानेका छन्। केहीले भने उनले प्रेमी निक जोनससँगको इन्गेज्मेन्टपश्चात् विवाहको तयारीका लागि फिल्म छोडेको भन्ने अड्कल लगाएका छन्। तर उनले *भारत* छोड्नुको कारण थाहा पाउनुभयो भने तपाईं पनि छक्क पर्नु हुनेछ।

एजेन्सीका अनुसार प्रियंकाले *भारत*भन्दा ठूलो एक हलिउड फिल्ममा काम गर्ने अवसर मिलेको कारण सलमानको *भारत* छोडेकी हुन्। उनले हलिउड फिल्म छोड्नु उचित नलागेका कारण २ दिन सुटिङ गरेपछि फिल्म *भारत* छोडेकी हुन्। समाचारअनुसार उक्त हलिउड फिल्म र भारतको सुटिङ डेट जुधेको र प्रियंकाले दुवै फिल्मलाई समय दिन नसकेको कारण फिल्मका निर्देशक अलि अब्बास जफर र लिमानलाई अप्ठ्यारोमा पारेकी हुन्। *क्वाटिको*पश्चात् हलिउडमा कुनै पनि फिल्म नपाएपछि उनले सलमानको फिल्ममा साइन गरेकी थिइन्। प्रियंकाले फिल्म छोडेपछि नायिका कट्रिना कैफ उक्त फिल्मका लागि तयारी गरिरहेकी छिन्। खबरअनुसार उनले *काउब्वाई निन्जा वाइकिङ* नामक हलिउड फिल्ममा काम गर्ने अफर पाएकी छिन्। उनी यस फिल्ममा हलिउड अभिनेता क्रिस पेटको हिरोइन बन्नेछिन्।



# थापाको मधुमास

गायक जगतमर्दन थापाको चौथो एल्बम *म पतझड तिमी मधुमास* सार्वजनिक गरिएको छ। शताब्दी पुरुष सत्यमोहन जोशी र फिल्मकर्मी तथा साहित्यकार चेतन कार्कीले एल्बम सार्वजनिक गरेका हुन्।

भारतीय गायिका उषा मङ्गेशकरसँग युगल गायन रहेको *म पतझड तिमी मधुमास*ले फरक मिठास र सौन्दर्यबोध दिलाएको भन्दै कार्यक्रमका अतिथिहरूले शुभकामना दिएका थिए। म्युजिक खबरको आयोजनामा भएको कार्यक्रममा संगीतकार शिखर सन्तोषले गायिका उषा मङ्गेशकरसँगको सहकार्यमा गायक जगतमर्दन थापासँग काम गर्न पाएकोमा खुसी व्यक्त गरेका गरे। गीतकार प्रकाश सायमी र गीतकार संघ नेपालका अध्यक्ष चूडामणि देवकोटाले जगतमर्दन थापाको चर्चा गरेका थिए।

त्यसै गरी प्रमुख अतिथि शताब्दी पुरुष सत्यमोहन जोशीले लाजिम्पाट, लैनचौरलाई कर्मथलो बनाउने थापा संगीत इतिहासमा अमर नाम भएको चर्चा गरे। गीतकार चेतन कार्कीले गायक थापा अपराह्न पुरुष भएको चर्चा गर्दै उनलाई शुभकामना दिएका थिए।

सार्वजनिक एल्बमभित्र *मायालु नयनको इसारा, सपनीमा रुवाउँछ, धूवाँजस्तै उड्छ यो मन, वसन्तझैं फुलिदिन्छु, मेरो माया कस्तो कस्तो* र *कोइलीले सम्झाइदियो*जस्ता माधुर्य गीत रहेका छन्। यी गीतमा गीतकार रत्नशमशेर थापा, विश्व वल्लभ, जगतमर्दन थापा, सहदेव ढुंगाना र मोहितमर्दन थापाका शब्द रहेका छन् भने मदनसिंह, मनोहर सुनाम, राजु सिंह, किरण कँडेल, शिखर सन्तोष र महेन्द्र संगीत निकेतनको संगीत रहेका छन्।

१९९३ साल माघ २७ गते जन्मेका थापाको साधना यात्रा २०१३ सालदेखि प्रारम्भ भएको हो। त्यस अवधिपश्चात् रेडियो नेपालबाट उनका कथा, कविता, गीत प्रसारण हुन थालेका थिए। गायक थापाका हालसम्म ४ गीति एल्बम संगीत पारखीहरूले उपहार पाइसकेका छन्।




कामना GAIJATRA 35Th EDITION
ENTERTAINING NEPALESE SINCE 1984

## आयो है गाईजात्रे तन्त्र
## पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुर्‍याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लड्िरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

**व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस**
**जनतामारा फटाहालाई जति सक्छौ घोच।**
**छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र**
**यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।**

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

**कामना न्यूज पब्लिकेसन्स्**
**कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं**
**पो. ब. नं. २०४५**
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

# विचार

भूल गर्नु पनि ज्ञान
प्राप्त गर्नु हो।
- शुक्रराज शास्त्री

पापीसँग होइन,
पापसँग घृणा गर।
- महात्मा गान्धी

## सम्पादकीय

नेपाल समाचारपत्र

### न्यायालयलाई राजनीतीकरण नगरौं

प्रधानन्याधीशका लागि सिफारिस गरिएको सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशीको नाम संसदीय सुनुवाइ समितिको बैठकले अस्वीकृत गरेपछि उहाँ सो पदका लागि अयोग्य ठहरिनु भएको छ। कुनै पनि पदका लागि सिफारिस भएका व्यक्तिलाई समितिले अयोग्य मान्दै अस्वीकृत गरेको यो पहिलो घटना हो। मुलुकमा गणतन्त्रात्मक अभ्यास शुरू भएपछि, अन्तरिम संविधान–२०६३ लागू भए पनि समितिले सुनुवाइ अभ्यास गर्दै आएको छ।

संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली–२०७५ को नियम २६ (५) तथा संसदीय सुनुवाइ समितिको कार्यविधिबमोजिम जोशीको नाम अस्वीकृत गरेको हो। जोशीले न्याय क्षेत्रको नेतृत्व लिने कार्ययोजना नदिएको, समितिमा परेका उजुरी र समितिका सदस्यले उठाएको प्रश्नको सन्तोषजनक उत्तर नदिएको, शैक्षिक योग्यता र आफ्नो जन्ममितिको विवाद निराकरण हुने पर्याप्त प्रमाण नदिएको जस्ता कारण देखाउँदै समितिले उहाँलाई अयोग्य ठहऱ्याएको हो। जोशीको विषय किनारा लगाउन समितिले एक हप्ता लामो समय खर्चिएको थियो, यति लामो अवधि यसअघि कसैको छानविनमा लागेको थिएन।

जोशीको विषयमा एकमत नजुटेपछि समितिका सत्तापक्षीय र प्रतिपक्षी सांसद विभाजित हुँदा शुक्रबार दुई तिहाइ मतले उहाँलाई अयोग्य ठहऱ्याएको हो। समितिमा नेकपाका ९, कांग्रेसका ४, फोरम र राजपाका १–१ सदस्य छन्। जोशीको सुनुवाइबारे प्रतिपक्षी कांग्रेसले असहमति राख्दै मतदान प्रक्रियामा भाग लिएको थिएन। संसदीय सुनुवाइ समिति कानुनबमोजिम हुनुपर्ने, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन–२०६६ को दफा ४ बमोजिम संवैधानिक परिषद्को सचिवालयले संविधानबमोजिम नियुक्त हुन योग्यता पुगेका व्यक्तिको छुटाछुट्टै अभिलेख तयार पार्नुपर्ने कांग्रेसको अडान थियो।

संवैधानिक परिषद्ले नियुक्तिका लागि सिफारिस गर्दा योग्यता, उपयुक्तताको कारण र आधारसमेत स्पष्टरूपमा उल्लेख गर्नुपर्ने व्यवस्था भएको र सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमानदारी, प्रस्तावित व्यक्तिले विगतमा गरेका सेवा र पेसागत अनुभवलाई विचार गर्नुपर्ने सो पार्टीको तर्क छ।

समितिले जोशी प्रधानन्यायाधीश हुन अयोग्य ठहर गरे पनि उहाँ न्यायाधीशमा भने बहाल रहनुहुनेछ। तर, प्रधानन्यायाधीशमा अयोग्य ठहर भइसकेको व्यक्ति न्यायाधीशमा बहाल रहिरहनु उपयुक्त हो/होइन भन्ने बहस अघि बढेको छ। न्यायाधीश पदमा रहेर उहाँले सम्पादन गर्ने काम कारबाही कति निष्पक्ष र तटस्थ हुन सक्छ भन्ने प्रश्नसमेत उठ्न थालेको छ। संवैधानिक परिषद्ले सिफारिस गरेका व्यक्तिलाई समितिले अयोग्य ठहऱ्याउनु कति व्यावहारिक हुन्छ, उसको क्षेत्राधिकार के–कति हो भन्ने चर्चासमेत भइरहेको छ।

न्यायाधीशलाई न्यायालयका न्यायमूर्ति मानिन्छ, त्यहीअनुसारको आदर सत्कार गरिन्छ तर केही वर्षयता न्यायमूर्ति प्रायः विवादमा तानिरहेका छन्। निष्पक्ष र तटस्थ भूमिकामा रहनुपर्ने न्यायपालिका बढ्दो राजनीतिक प्रभाव र दलीयकरणका कारण विवादमा तानिन थालेको छ। सत्तापक्ष र प्रतिपक्ष दुवैले प्राधानन्यायाधीशको विषयलाई आ–आफ्नो मुद्दा बनाएका छन्। अतः सबैले न्यायालय र न्यायाधीशलाई राजनीतिक प्रभाव र गन्धबाट सधैं टाढा राखौं।

## चर्चित अद्यतन न्यायिक सन्दर्भहरूमा घोत्लिँदा



मुक्तिबन्धु

कांग्रेसी न्यायाधीश हुँदा कांग्रेसका अन्यायहरू सबै न्यायमा दरिन्छन्। बेलामौका कांग्रेसले चाहेअनुसारको निर्णय गराउन सक्छ। यो थाहा पाएको कांग्रेसले आफ्नै कार्यकर्तालाई न्यायाधीश बनाउन मरिहत्ते किन नगर्ने ? कांग्रेसको देखासिकी गरेर हुर्केका कम्युनिस्टलगायतले पनि मौकामा चौका हान्न किन पछि पर्ने ?

जति पर्नु मर्कामा त नेपाली जनता परेका छन्। कुनै समस्या आइपऱ्यो भने न्यायको गुहार लगाउन कुन नेताकोमा जाने ? कसरी पहिल्याएर जाने ? के आधार बनाएर जाने ? उपाय नपाएपछि मन्दिर जाने। विगत केही वर्षबाट मन्दिरहरूमा भीड बढेको छ।

राज्य व्यवस्था जंगल होइन, बगैंचा हो। बगैंचामा विषवृक्षहरू उम्रन्छन् त रोपेरै उम्रन्छन्, हुर्कन्छन् त हुर्काएरै हुर्कन्छन्। 'विषवृक्षोपि सम्बर्ध्य स्वयं छेत्तुमसाम्प्रतम्।' अर्थात् आफूले हुर्काएको विषवृक्ष नै भए पनि आफैंले काट्न, ढाल्न ठीक हुँदैन।' चुनाव चिहन नै वृक्ष राखिआएको नेपाली कांग्रेसलाई अन्यथा निर्णय गर्न गाह्रो छ। विकृति विसंगतिको साथ दिनु नेपाली कांग्रेसको नियति नै हो। कांग्रेस अहिले आन्दोलनको मुडमा देखिएको छ। आन्दोलनको लक्ष जनहित प्रतिकूल यथास्थितिको उन्मूलन र संस्कृतिको प्रगतिशील रूपान्तरण होइन। लक्ष्य त यथास्थितिको संरक्षण नै हो। नेपाली कांग्रेसलाई प्रगति शब्द मन नै पर्दैन। कांग्रेसमा अझै शेरबहादुर नेता छन्। उनी बहादुर हुन्। उनका बहादुरीको महाभारत लेखिनै बाँकी छ। उनी प्रधानमन्त्री बनिपाउने न्याय खोज्न पहिले त गोर्खा जान्थे अहिले कहाँ जान्छन्, त्यो थाहा हुन पनि बाँकी नै छ।

निष्पक्ष हुनुको तात्पर्य न्यायको पक्षमा अडिग रहनु हो। नुनको सोझो गर्नु भन्ने बूढापाकाको अर्ती यहाँनिर आएर गलत सावित हुन्छ। दुर्योधनले सुटुक्क नुन खुवाएर पाण्डवको मामा शल्यलाई पाण्डवकै विपक्षमा लडाइँ गर्न बाध्य बनायो। न्यायका दृष्टिले शल्य अनुकरणीय दृष्टान्त होइनन्। हाम्रा न्यायमूर्तिहरूले यस्ता कुरालाई कसरी लिन्छन् हामी जनताका लागि चासोको कुरा हो।

हामीकहाँ नजिर नै गलत छन्। पूर्वप्रधानन्यायाधीश पराजुली महोदयलाई कुनै कारबाही नहुनु पनि एउटा नजिर हो। यसै त हामीकहाँ नेताहरू र निर्णायकहरूलाई पञ्चखतमाफीको परम्परा बासिसकेको छ। अब निर्णायक पदहरूमा भर्ना लिनुपर्दा एसएलसी फेल भएका र जन्ममिति निश्चित नभएकालाई विशेष ग्राह्यता दिइनेछ भनी विज्ञापनमै किटान किन नगर्ने ? ढाँट छल र कीर्ते क्रियाकलापबापत बडे-बडे नेता र निर्णायक पदासिनहरूमाथि फिटिक्कै कारबाही हुँदैन भने कारबाही नहनुलाई पनि कानुनसमम्मत र अझै सम्मानित बनाउन अनुकूल कानुनहरूको तर्जुमा किन नगर्ने ?

पीडितहरूले रात-दिन थर्कमान रहनुपर्ने र पीडकहरूले छाती फुलाउँदै हिँड्न पाउने राज्य व्यवस्था यस भूखण्डमा पहिले पनि थियो। 'अत्र सन्तो विषिदन्ति प्रहृष्यन्ति हृयसाधवः' अर्थात् यहाँ सज्जनहरू रोइरहेका छन् बदमासहरू हाँसिरहेका छन्। यो कुनै समय खण्डको वर्णन हो, जुन वर्णन हामी पुराणहरूमा पढ्छौं। मैले पटक-पटक शंका व्यक्त गरेको छु- हामी आज पनि पुराण र लोककथाका तिनै युगमा त छैनौं ?

ठूलाबडाका पनि विकृत असंगत देखिएका क्रियाकलापको गम्भीर छानविन हुनुपर्छ र अपआचरण वा अपराध ठहर भएमा ठूलाबडाहरूमाथि अझै सशक्त कारबाही हुनुपर्छ भन्न आजको प्रतिपक्ष कांग्रेसले किन सक्दैन ? हामीले त्यही चाहेका हौं, अब हामी त्यसै गर्छौं। असल प्रतिपक्ष बनेर असल काममा मद्दत गर्नुहोस् भन्न सत्तापक्षले किन सक्दैन ? यदि सक्दैसक्दैन भने किन सक्दैन ? सञ्चारजगत्मा लेनदेन नमिलेर बखेडा भएको भन्ने जस्ता कुरा किन उठ्छन् ? गलत वितर्क हो भने सम्बन्धितहरूबाट त्यसको खण्डन किन हुँदैन ?

यहाँ 'तैं चुप, मै चुप' का घटनावली अनगिन्ती छन्। नेताहरूका आचरणकै कुरा छन्। आर्थिक अपचलनकै कुरा छन्। तस्करहरू गुन्डाहरू र कुख्यात ठेकेदारहरूसँग राजनेताका साँठगाँठका कुरा छन्। असारे विकास र तज्जन्य विनाशका कुरा छन्। प्रतिबद्धता र विपरीतबद्धताका कुरा छन्। महिला हिंसा रोक्न नसक्नुका कुरा छन्। निरपेक्ष रूपपमा गरिब जनाता निचोरेर कर उठाउनुको औचित्य अनौचित्यका कुरा छन्। राज्यको हैसियतभन्दा धेरै माथि उफ्रेर भूतपूर्व ठूलाबडाहरूका लागि सेवा सुविधा उपलब्ध गराएका अचाक्लीका कुरा छन्। यी यस्ता कुरामा कांग्रेस, कम्युनिस्ट, मधेसवादी सबैको भातभान्छा मिल्छ। मिल्दै आएको छ। यी 'तैं चुप मैं चुप' का परम पवित्र कार्यक्षेत्रहरू हुन्।

आफू सत्तामा जबरजस्ती टासिँदाका बखतसमेत गरेका नितान्त अलोकतान्त्रिक कदम र निर्णयहरूमा साथ दिएबापत कुनै निर्णायकप्रति कृतज्ञ रहनु शेरबहादुरको बहादुरी हो भने पनि यस्ता प्रत्युत्पादक सोच व्यवहारसँग सती जान तम्सनु बाँकी कांग्रेसीजनको सरासर कायरता हो। यसैलाई लेनदेनको विषय बनाउन चाहेको हो भने सत्तापक्षको अर्को कायरता हो। हामी जनताले त समस्यालाई यसरी नै बुझेका छौं। यहाँनिर एउटा महाकाव्यिक प्रसङ्ग स्मरणीय छ। यो महाभारतकालीन कुरा हो। पाण्डव-कौरवलाई सबै किसिमका शिक्षा दिइसकेपछि गुरुहरूले अभ्यास र परीक्षाका लागि पनि समय व्यवस्थित गरेका थिए। न्याय इन्साफको अभ्यास सन्दर्भमा राजकुमारहरूलाई विभिन्न मुद्दा छिन्न पनि लगाइन्थ्यो। अहिलेको सर्वोच्च अदालत जस्तै सर्वोच्च न्यायिक निकाय पनि त्यति बेला राजदरबार नै थियो। यो परम्परा भारतीय उपमहाद्विपका विभिन्न मुलुकहरूले राजतन्त्र कायम रहँदासम्म पनि पछ्याए।

धृतराष्ट्रको राजदरबारमा एक दिन एउटा जघन्य अपराधको मुद्दा आयो। दुर्योधन र युधिष्ठिरलाई अलग-अलग अभ्यास इजलास दिएको थियो। दुर्योधनले राय दिइसकेपछि मुद्दा अन्तमा युधिष्ठिरकोमा आयो। अपराधी ३ जना थिए। मिलेर अपराध गरेका थिए। तीन जनामा एक पण्डित ब्राह्मण, एक राजन्य क्षत्रीय र एक शूद्र थिए। दुर्योधनले ब्राह्मणलाई उन्मुक्ति दिने क्षत्रीयलाई गालीदण्ड दिने र शूद्रलाई मृत्युदण्ड दिने राय पेस गरेका थिए। युधिष्ठिरले भने- 'मेरो विचारमा उन्मुक्ति त शूद्रले पाउनुपर्छ। उसले शिक्षादीक्षाको अवसर पाएको छैन। विवेक बुद्धिका विकासको अवसर पाएको छैन। उसले जे गऱ्यो लहैलहैमा लागेर गऱ्यो। ऊ स्वयंमा निर्दोष छ। सर्वाधिक दोषी यो राजन्य क्षत्रीय हो। जन-जनको संरक्षक बन्नुपर्ने जिम्मेवारीको यसले भक्षकको काम गऱ्यो। अपराधलाई कार्यान्वयन गर्ने मुख्य पात्र यही हो। यसले मृत्युदण्ड पाउनुपर्छ। पण्डित बाहुन धर्म र कानुनको व्याख्याता हो। जन-जनलाई गलत काम गर्नुबाट रोक्नु उसको जिम्मेवारी हो। यसले राजन्य क्षत्रीय र शूद्रलाई सम्झाएर बुझाएर यस्ता जघन्य अपराध गर्नबाट रोक्नुपर्थ्यो। आफ्नो जिम्मेवारीको अपहेलना गरेर ऊ यस्तो जघन्य अपराध कार्यमा आफैंसमेत सरिक भयो। न्यायको संरक्षण गर्नुपर्ने व्यक्ति आफैं अन्यायमा सरिक हुनु चरम अन्याय हो। सबैले भन्दा बढी र कडा दण्ड सजाय त अझ यस पण्डितले पाउनुपर्छ। यस्ता अन्यायीलाई क्षमा दिनु, उन्मुक्ति दिनु पनि न्यायका दृष्टिले भयंकर अन्याय हुन्छ। अपराधीलाई जोगाउनु पनि अपराध हो। यसबाट न्यायको विवेकसम्मत परम्परा नै बिग्रन्छ।'

युधिष्ठिरको अभिमत महाभारतको समय खण्डमा सायद नयाँ थियो। परम्परागत सोच समझभन्दा फरक थियो। अहिलेको चलनचल्तीको शब्दमा भन्नुपर्दा क्रान्तिकारी थियो। यसै भएर यस अभिमतलाई महाभारतमा 'युधिष्ठिरको न्याय' नामबाट जानिँदै आएको छ।

हामी जनताका विचारमा यो विवेक र इमानदारीको सवाल हो। विवेक र इमानदारी भयो भने जटिलभन्दा जटिल समस्याहरू पनि सजिलै सुल्झन्छन्। समस्या त आज यहाँ विवेक र इमानदारीको अभावले ल्याएको छ। त्यो अभावको पूर्ति कसले गर्ने ? कसरी गर्ने ?

सबैलाई थाहा छ- आज सत्तामा र प्रतिपक्षमा विभिन्न बहुश्रुत विद्वान्, प्रतिभाशाली र बहादुर व्यक्तित्वहरू होलान् तर युधिष्ठिर व्यक्तित्व छैनन्। युधिष्ठिर हुँदा त यदाकदा सत्य धरापमा पर्छ भने युधिष्ठिर नहुँदा सत्य सधैं धरापमा पर्छ। धरापमा पर्दापर्दै मर्छ पनि सत्य। यहाँ सत्य मरेका कथाहरू छन्। सत्य हार्नु भनेको सत्य मर्नु हो।

सबैलाई थाहा छ- आज सत्तामा र प्रतिपक्षमा विभिन्न बहुश्रुत विद्वान्, प्रतिभाशाली र बहादुर व्यक्तित्वहरु होलान् तर युधिष्ठिर व्यक्तित्व छैनन्। युधिष्ठिर हुँदा त यदाकदा सत्य धरापमा पर्छ भने युधिष्ठिर नहुँदा सत्य सधैं धरापमा पर्छ। धरापमा पर्दापर्दै मर्छ पनि सत्य। यहाँ सत्य मरेका कथाहरु छन्। सत्य हार्नु भनेको सत्य मर्नु हो।

## पाठक पत्र

### इन्टरनेट क्षमता कम भयो

नेपालमा सूचना प्रविधिमा अगाडि जाने र स्मार्ट सिटी बनाउने कार्यक्रम चलाइरहँदा यहाँ इन्टरनेटको समस्या देखिएको छ। आधाभन्दा बढी नेपाली इन्टरनेटको पहुँचमा रहेको सरकारी तथ्यांक छ। यो तथ्यांकलाई आधार मान्ने हो भने इन्टरनेटको पहुँचमा नेपाल छिमेकी देश भारत र चीनभन्दा अगाडि छ। चीनमा ४८ प्रतिशत र भारतमा ३३ प्रतिशत जनता इन्टरनेटको पहुँचमा छन् तर नेपालमा ५४ प्रतिशत जनसंख्या इन्टरनेटको पहुँमा रहेको दाबी नेपाल दूर सञ्चार प्राधिकरणका उपनिर्देशक अर्जुन घिमिरेको छ।

विश्वका करिब २ सय देशमध्ये जनतामा इन्टरनेटको पहुँचको हिसाबले नेपाल ४१औं नम्बरमा रहेको दूर सञ्चार प्राधिकारणको दाबी छ। इन्टरनेटको पहुँच हुनु भनेको सूचना प्रविधिमा पहुँच हुनु हो। अन्य क्षेत्रमा नेपाल पछाडि रहे पनि सूचनाको पुहँचमा भने विश्वका धेरै मुलुकभन्दा अगाडि रहेको यो तथ्यांकले देखाउँछ। तर, नेपालीको वास्तविकता हेर्ने हो भने सरकारको यो तथ्यांक पत्याउन सक्ने अवस्था छैन।

हचुवा तथ्यांक पेस गरेर बजेट सक्ने प्रवृत्ति मुलुकको कर्मचारी संयन्त्र तथा नीति निर्माण तहमा रहनेहरूमा देखिन्छ भन्ने उदाहरणमध्ये इन्टरनेट प्रयोगकर्ताका सन्दर्भमा दूर सञ्चार प्राधिकरणले यो तथ्यांक निकालेको हो। जस-जसको हातमा मोबाइल टेलिफोन छ, उनीहरू इन्टरनेटको पहुँचमा पुगिसके भन्ने तथ्यांक दूर सञ्चार प्राधिकरणले अघि सारेको देखिन्छ। तर, व्यवहारमा हेर्ने हो भने मोबाइल टेलिफोन सेट लिएकामध्ये आधाभन्दा बढीले इन्टरनेट सेवा प्रयोग गर्दैनन् भन्ने सहजै अनुमान गर्न सकिन्छ। कुराकानी गर्न, रेडियो सुन्न, गीत सुन्न र फोटो खिच्न मोबाइल टेलिफोन प्रयोग गर्नेहरूको संख्या निकै ठूलो छ।

फेसबुक चलाउन मोबाइल प्रयोग गर्नेहरूलाई इन्टरनेटको पहुँचमा पुगेको भन्न सकिएला तर यस्तो प्रयोगको खासै अर्थ रहन्न। सही अर्थमा इन्टरनेट प्रयोग गर्नेहरूको संख्या सरकारी तथ्यांकको तुलनामा निकै न्यून छ। विभिन्न कम्पनीले इन्टरनेट सेवा प्रवाह गरिरहेका छन्। तर, उनीहरूको सेवा धेरै ढिलो छ। राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनका अनुसार इन्टरनेट सुस्त गतिमा चल्ने देशमध्ये नेपाल संसारकै दोस्रो नम्बरमा आउँछ। नेपाल करिब २२ वर्षअघि इन्टरनेटमार्फत विश्वसँग जोडिन पुगेको हो। यो अवधिमा इन्टरनेट सेवा प्रदायक कम्पनीहरू करिब एक दर्जन पुगेका छन्, जसमध्ये आधा दर्जन जतिले मात्रै सेवा दिइरहेका छन्।

मुलुक अन्य क्षेत्रमा पछाडि परे पनि इन्टरनेट सेवाको व्यापकताका कारण सूचना प्रविधिको क्षेत्र सन्तोषजनक रहेको बताइने गरिन्छ। यो भनाइलाई धेरैजसोले पत्याउने गरेका पनि छन्। तर, परिणामलाई आधार बनाएर हेर्ने हो भने सूचना प्रविधिको क्षेत्रमा पनि नेपाली निकै पछाडि रहेको देखिन्छ। उदाहरणका लागि ३ वर्ष पहिले धादिङलाई पूर्ण साक्षर जिल्ला घोषणा गरिएको थियो। तर, नागरिकताको प्रमाणपत्र लिन जिल्ला प्रशासन कार्यालय पुग्ने कतिपय युवाले समेत हस्ताक्षर गर्न नजानेको भेटिएको छ।

यसै गरी, ०४८ सालको आमनिर्वाचनमा ३ प्रतिशत मत बदर भएकोमा ०७४ सालको आमनिर्वाचनमा ५ प्रतिशत मत बदर भयो, जबकि ०४८ सालमा मुलुकको साक्षरता ३९ प्रतिशत रहेको भनिएको थियो, अहिले ७० प्रतिशत नाघेको भनिएको छ। तर, व्यवहारमा हेर्ने हो भने साक्षरता तथा चेतनाको स्तर बढेको देखिन्न। इन्टरनेट प्रयोगका सन्दर्भमा पनि करिब-करिब यस्तै अवस्था रहेको देखिन्छ। इन्टरनेटको ग्राहक बन्नु भनेको ठगिनु हो भन्ने अवस्थामा नेपाली छन्।

इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले एक जना ग्राहकसँग न्यूनतम मासिक १ हजार ५ सय शुल्क लिने गर्दछन्। विभिन्न प्याकेज भन्दै शुरुमै एक वर्षको शुल्क अग्रिम भुक्तानी लिने गर्दछन्। शुल्क पहिले नै तिरिसकेका ग्रहकहरू सेवा प्रदायकसँग सन्तुष्ट हुन सकेको देखिँदैनन्। निमुखा ग्राहककहाँ अधिकांश समय इन्टरनेटको लाइन दिइँदैन। यसको उजुरी कहाँ गर्ने ? कसरी गर्ने ? भन्ने मामिलामा ग्राहक अनभिज्ञ छन्। इन्टरनेट सेवामा भइरहेको ठगीको अनुगमन गर्ने सरकारी निकाय पनि भरपर्दो छैन।

*- नवीन सुनार, भक्तपुर।*

### कालिकोटबाटै केही सिक्ने कि ?

कालिकोट जिल्ला अहिले युवाका लागि नमुना बनेको छ। रोजगारीका लागि दैनिक सयौंको संख्यामा युवा पलायन भइरहेको अवस्थामा पश्चिम पहाडको विकट जिल्ला कालिकोटमा उदाहरणीय काम शुरु भएको छ। युवालाई विदेश पलायन हुनबाट रोक्न कालिकोटको पलाता गाउँपालिकाले नयाँ र प्रशंसायोग्य काम शुरु गरेको छ। गाउँपालिकाले युवालाई विदेश जानबाट रोक्ने मात्र होइन, गाउँमै विदेशको भन्दा राम्रो रोजगारी पनि दिएको छ। युवामैत्री नीति तथा कार्यक्रम बनाएर गाउँपालिकाले युवालाई रोजगारी दिन शुरु गरेको हो।

युवालाई भौतिक पूर्वाधार निर्माणका काममा लगाइएको छ। युवा परिचालनका लागि गाउँपालिकाले युवा कार्यदल गठन गरेको छ। कार्यदलले उपभोक्ता समितिसँग मिलेर काम गर्दछ। गाउँपालिकाले पहिलो चरणमा १ सय युवालाई बेग्लै पोशाक दिएर १ लाख ५० हजार रुपियाँको बीमासहित काममा लगाउने गृहकार्य शुरु गरेको छ। उनीहरू दैनिक ८ घण्टा काम गर्छन्। त्योबापत उनीहरूले ८ सय रुपियाँ पारिश्रमिक पाउँछन्। दैनिक ८ सयका दरले महिनामा २४ हजार युवा कार्यदलका सदस्यको तलब तोकिएको छ।

गाउँपालिकाले गरेको यो उदाहरणीय कामपछि गाउँबाट विदेश जाने युवाको संख्या पनि घटेको छ। विदेशमा पनि खाडी मुलुकमा नेपाली कामदारले पाउने तलब २० देखि २५ हजारको हाराहारीमै छ। आफ्नै घरमा बसेर गाउँको विकास गर्ने त्यहाँका युवालाई योभन्दा राम्रो अवसर अर्को हुनै सक्दैन। पलाता गाउँपालिकाले गरेको यो उदाहरणीय कामलाई देशभर पुऱ्याउनुपर्छ। युवा पलायन रोक्न सके मात्र देशको विकास सम्भव छ। अहिले नेपाली समाज युवाविहीन बन्दै गएको छ। युवा विदेश पलायन भएपछि गाउँमा वृद्ध, महिला, बालबालिका र अशक्त मात्र रहेपछि उत्पादन शून्यतर्फ ओरालो लाग्ने र बाध्यात्मक अवस्थामा भएको जनसंख्या पनि गाउँ छोड्नुपर्ने अवस्था छ। यही अवस्थाकै कारण हिमाली र पहाडी क्षेत्रका सयौं गाउँ मानवरहित भइसकेका छन्। मुलुकले यसको दीर्घकालीन असर भोग्नुपर्ने निश्चित छ। काम गर्न सक्ने जति सबै पलायन भएपछि उत्पादन घट्ने र हरेक वर्ष भोकमरीको समस्या युवाविहीनताकै परिणाम हो। सरकारले यस विषयमा कुनै चासो लिएकै छैन। हाम्रा सबैखाले युवालाई पलायन हुनबाट रोक्न सकिएन भने देशको अवस्था अझ भयावह बन्दै जाने कुरालाई नकार्न सकिन्न।

पलाता गाउँपालिकाको उदाहरणीय कदमलाई देशभर पुऱ्याउन सरकारले तत्कालै कदम चाल्नुपर्छ। हरेक गाउँलाई अहिले पैसाको नभएर जाँगरिला युवाको खाँचो छ, युवा लक्षित अवसरको खाँचो छ। सिंहदरबारदेखि दुर्गम हिमाली क्षेत्रका गाउँमा समेत युवाको आवश्यकता छ। युवालाई परिचालन गरे मात्र देशको विकास हुन्छ र तीव्र समृद्धिको बाटोमा अघि बढ्न सकिन्छ भन्ने कुरालाई सरकार र राजनीतिक दलले बिर्सनुहुन्न।

*- प्रेम सुनार, कालिकोट।*

## सामाजिक सञ्जाल



समृद्धिको लक्ष्य हासिल गर्न भ्रष्टाचारको उन्मूलन र सुशासनको स्थापना अनिवार्य सर्त हो। तर आफ्ना वरिपरिका बाहेक अरुको भ्रष्टाचार रोक्न खोज्ने हो भने भ्रष्टाचार कहिल्यै रोकिन्न र समृद्धि कहिल्यै आउँदैन भन्ने कुरा समयमै बुझ्नु जरूरी छ।

**NKShresthaPrakash**
**@nksthaprakash**



भन्न हुन्छ वा हुन्न थाहा छैन, यसो भन्नु सदाचारी सुनिन्छ कि सुनिन्न त्यो पनि थाहा छैन। तर वर्तमान सरकार खासमा आफ्नै शक्ति र सामर्थ्य नचिनेको जस्तो गर्दै छ। कि ऊ अझै हिजोको जितको रमितामा छ, कि भोलिको लागि उसको दृष्टि कमजोर छ ! नत्र यो गन्जागोल नहुनुपर्ने हो। सम्भावना खेर जाने सम्भावना।

**Suresh Dhakal**
**@suracedhakal**

नेपालको शिक्षा विरोधाभाष भएको बताउँदे उहाँले भन्नुभयो- 'नेपालको शिक्षाले देश चिन्दैन, शिक्षाले देश बुझ्दैन।' शिक्षा र ज्ञान अलग भएकोमा उहाँको जोड थियो। 'हरेक परीक्षामा शिक्षकको परीक्षा हुन्छ, त्यसैले यो शिक्षक र विद्यार्थी दुवैको नतिजा हो।'

# 'शिक्षा जीवनका लागि होइन'

**नेपाल समाचारपत्र**

काठमाडौं



पूर्वसांसद एवम् शिक्षाविद् लक्ष्मण राजवंशीले शिक्षा जीवनका लागि नभएको बताउनुभएको छ। शनिबार सिद्धार्थ वनस्थली इन्स्टिच्युटको एसईई २०७४ का विद्यार्थीलाइ बिदाइ, बधाई तथा शुभकामना दिन आयोजित कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो।

नेपालको शिक्षा विरोधाभाष भएको बताउँदे उहाँले भन्नुभयो- 'नेपालको शिक्षाले देश चिन्दैन, शिक्षाले देश बुझ्दैन।' शिक्षा र ज्ञान अलग भएकोमा उहाँको जोड थियो। 'हरेक परीक्षामा शिक्षकको परीक्षा हुन्छ, त्यसैले यो शिक्षक र विद्यार्थी दुवैको नतिजा हो' -उहाँको भनाइ थियो। उहाँले आफू ४ वर्षसम्म संसद्को सदस्य हुनु जीवनकै ठूलो भूल भएको बताउनुभयो।

कार्यक्रममा उत्कृष्ट नतिजा ल्याउने ७ विद्यार्थीलाई प्रमुख अतिथि पूर्वविद्यार्थी, पूर्वस्वास्थ्यमन्त्री तथा सांसद गगनकुमार थापाले मेडल प्रदान गर्नुभएको थियो भने विद्यालयका प्रधानाध्यापक रूपक राजवंशीले प्रमाणपत्र वितरण गर्नुभएको थियो। उहाँले सबै विद्यार्थीलाई असल बन्न आग्रह गर्नुभयो। यस वर्ष सो विद्यालयबाट २ सय ६४ विद्यार्थीले एसईई परीक्षा उत्तीर्ण गरेका थिए।

सोही कार्यक्रमलाई सम्बोधन गर्दै सांसद थापाले बीसौं वर्षपछि आफूले अध्ययन गरेको विद्यालयमा प्रमुख अतिथि भएर आउन पाउँदा ज्यादै सुखी लागेको बताउनुभयो। स्कुल जीवन स्मृतिको खुत्रुके भएको बताउँदै थापाले प्रतिकूलताबाट लड्न सिकाउने शिक्षा आफूले यही विद्यालयबाट पाएको बताउनुभयो। संसारका हरेक कुनामा एक न एकजना वनस्थलीको विद्यार्थी भेटिनु विद्यालयको देन भएको उहाँको भनाइ थियो।

समापन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानाध्यापक रूपक राजवंशीले सिद्धार्थ वनस्थलीको सान संसारभर रहेको बताउनुभयो। सबैभन्दा ठूलो एल्मुनाई एसोसिएसन सिद्धार्थ वनस्थलीको रहेको उहाँको भनाइ थियो। उहाँले

प्रमुख अतिथि थापालाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

# समाचारपत्रकर्मी कार्कीलाई पत्नीशोक

काठमाडौं, (नेस)



नेपाल समाचारपत्रका गौर रौतहट संवाददाता, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य तथा नारायणीअञ्चल संयोजक सञ्जय कार्कीलाई पत्नीशोक परेको छ। कार्कीकी पत्नी नम्रता कार्कीको गोसाइँकुण्ड गएका बेला पहिरोमा परेर निधन भएको हो।

साथीहरूसँग गोसाइँकुण्डतर्फ जाने क्रममा धुञ्चेभन्दा एक घण्टाको दूरीपूर्व पैदल मार्गमा पर्ने मिनिगोसाइँकुण्ड आसपासका क्षेत्रमा गएको पहिरोसँगै आएको ढुंगाले टाउकोमा लागेर कार्कीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ।

कार्कीको शव शनिबार बिहान काठमाडौं ल्याई शनिबार नै अन्तिम संस्कारका लागि रौतहट लगिएको छ। रौतहटमा नै हिन्दू संस्कारअनुसार अन्तिम संस्कार गरिने कार्की परिवारले जनाएको छ। कार्कीका एक छोरा र एक छोरी छन्। छोराको यसै वर्ष चूडाकर्म गर्ने कर्यक्रम थियो।

यसैबीच पहिरोमा परी घाइते भएकी चन्द्रनिगाहपुरकी अन्दाजी ३५ वर्षीया रमा आचार्यको जिल्ला अस्पतालमा उपचार भइरहेको छ। घाइते आचार्यको टाउकोमा चोट लागेको उहाँको उपचारमा संलग्न डा. समृद्ध थापाले जानकारी दिए।

सिनेमा कर्नर










# जनप्रतिनिधिका लागि स्थानीय सरकार सञ्चालनसम्बन्धी तालिम

**पुष्कर बुढाथोकी, भक्तपुर**

राष्ट्रनिर्माण मञ्च नेपालले सूर्यविनायक र चाँगुनारायण नगरपालिकाका जनप्रतिनिधिका लागि तीन दिने भूकम्प पुनर्निर्माण र स्थानीय सरकार सञ्चालन विधि सम्बन्धी आवासीय तालिम सञ्चालन गरेको छ।

शुक्रबारबाट नगरकोटमा शुरु भएको तालिममा पहिलो दिन जनप्रतिनिधिहरूलाई न्यायाधीश बामदेव ज्ञवालीले स्थानीय तहमा कानुन निर्माणका प्रकृया र नमुना अभ्यास र अधिवक्ता टिकाराम भट्टराईले मुलुक देवानी (संहिता) र कार्यविधि (संहिता) ऐन (२०७४) सम्बन्धी प्रशिक्षण दिनुभएको मञ्चका अध्यक्ष निर्मलकुमार उप्रेतीले जानकारी दिनुभयो।

यसैगरी अधिवक्ता अनिलकुमार श्रेष्ठले स्थानीय सरकार सञ्चालन विधि सम्बन्धी कानुनी व्यवस्थाका सम्बन्धमा, अधिवक्ता रामकृष्ण काफ्लेले मेलमिलाप चरण ,कानुनी व्यवस्था र नमुना अभ्यासका बारेमा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका शाखा अधिकृत लालबहादुर बस्नेतले भूकम्प प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन ,नियमावली र कार्यविधिका बारेमा सहजीकरण गर्नुभएको थियो।

जनप्रतिनिधिलाई तालिमका क्रममा अधिवक्ता टीकाराम भट्टराईले मुलुकी फौजदारी (संहिता, ऐन र कार्यविधि २०७४ बारे, डा. चन्द्रकान्त ज्ञवालीले संघीय शासनमा नेपालको न्याधिक संरचना र न्यायिक समितिको क्षेत्राधिकार, अधिवक्ता वसन्त आचार्यले स्थानीय कानुन तर्जुमा र न्यायिक समितिको विवाद निरूपण प्रकृया र नमुना अभ्यास र चार्टर एकाउन्टेन्ट विश्वराज बसौलाले स्थानीय तहको आम्दानी,कर प्रणाली, एकीकृत सम्पति कर, मूल्यांकन विधि र व्यवस्थापन बारे सहजीकरण गर्ने मञ्चले जनाएको छ।

यसैगरी तालिममा संघीय मामिला ,तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव पुरुषोत्तम नेपाल, सामाजिक अभियन्ता विष्णुबहादुर खत्रीले जनप्रतिनिधिको नेतृत्व विकास र मञ्चका प्रतिनिधिले भूकम्प प्रभावित संरचनाको पुनर्निर्माणमा भएका उपलब्धी र चालिएका कदम बारे प्रशिक्षण दिने अध्यक्ष उप्रेतीले बताउनुभयो।

यस अघि तालिमको उद्घाटन गर्दै प्रदेशसभाका सांसद शशिजंग थापाले सीमित स्रोत साधनका बाबजुद जनताका असीमित आवाश्यकता पुरा गर्नु चुनौतीपूर्ण रहेको उल्लेख गर्दै तालिम जनप्रतिनिधिका लागि फलदायी हुने बताउनुभयो।

तालिममा सूर्यविनायक नगरपालिकाका उपप्रमुख, दुईवटै नगरपालिकाका विभिन्न वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, नगर समिति सदस्य, वडा सदस्यलगायत ४५ जनाको सहभागिता रहेको छ। मञ्चका अध्यक्ष उप्रेतीले जनतालाई न्यायमा पहुँच अभिवृद्धिका लागि विभिन्न जिल्लामा मञ्चले परियोजना सञ्चालन गर्दै आएको बताउनुभयो।

# विश्व कीर्तिमानी राख्ने दाउमा केसी

काठमाडौं, (नेस)



'विश्वले सम्मान गर्ने छ नेपालीलाई' भन्ने मुल नाराका साथ नुवाकोटको शिवपुरी गाँउपालिका वडा नं १ घर भई हाल काठमाडौं टोखा नगरपालिका वडा नं ११ बस्ने अनन्तराम केसीले भाद्र ११ गतेदेखि प्रवचन गर्ने हुनुभएको छ।

विहान ६ बजेबाट विश्वको सबैभन्दा लामो वक्तव्य/प्रवचन काठमाडौंको गोकर्णेश्वर नगरपालिकाको जोरपाटीस्थित इस्टपोल स्कुलमा गर्दै हुनुहुन्छ। नेपालका ७७ जिल्ला र भारतको ६ प्रान्त गरी १२ हजार ५ सय किलोमिटर पैदलयात्रा गरिसक्नुभएका केसी एक अध्यात्मिक साधकका रूपमा चिनिनुहुन्छ। २१ दिन जलउपवास, ६ महिना मौनध्यान साधना, ९ दिन जमिनमुनिको निराहार भू-तपश्यालगायत कठोर साधनाहरू पुरा गरेका अनन्तराम केसीले यसअघि पनि ८० घण्टा लगातार बोलेर विश्व कीर्तिमानीको प्रयास गर्नुभएको थियो।

त्यतिबेला केही प्राविधिक त्रुटीले गिनिज बुकमा रेकर्ड हुन नसकेकाले यसपटक बेलायतदेखि गिनिज प्रतिनिधिलाई नै नेपालमा बोलाएर उहाँको रोहबरमा विश्वकै सबैभन्दा लामो वक्तव्यको प्रयास गरिने केसीले जनाउनुभयो।

उक्त विश्व रेकर्डका लागि लगभग २५ लाख खर्च हुने अनुमान गरिएको छ। देशको इज्जतसँगै जोडिएको केसीको कीर्तिमानीलाई सफल बनाउनका लागि लाइन्स क्लब 'ए' वानका पूर्वडिस्ट्रिक गर्भनर कुमारराज सुवेदीको नेतृत्वमा ५ सय १ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ। केसीलाई विश्व कीर्तिमानी गराउन तथा आर्थिक सहयोग जुटाउनका लागि मूल आयोजक समितिअन्तर्गतको आर्थिक समितिले यही साउन १२ सामाखुसीमा अन्तरक्रिया तथा सहयोग संकलन कार्यक्रम गरेको थियो।

# पाँचवटा स्रोतकेन्द्र बनाउने देवकोटाको बिदाइ



काठमाडौं, (नेस)

काठमाडौंका २ र उपत्यका बाहिर ३ गरी ५ वटा स्रोतकेन्द्र निर्माण गर्ने विद्यालय स्रोतव्यक्ति विश्व देवकोटाको एक कार्यक्रम गरी बिदाइ गरियो। उहाँले काठमाडौंको गोंगबु र बालाजुमा दुईवटा स्रोतकेन्द्र स्थापना गर्नुभएको थियो।

शिक्षा क्षेत्रमा क्रियाशील व्यक्तित्व देवकोटाको १६ वडाका वडा अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि मुकुन्द रिजालले प्रशंसापत्र, खादा तथा माला लगाएर बिदाइ गर्नुभएको थियो।

नयाँ विद्यालय निरीक्षक बुद्धि भट्ट तथा स्रोतव्यक्ति बाबुराम वाग्लेको पनि सोही कार्यक्रममा स्वागत गरिएको थियो। १६ वडाका विभिन्न विद्यालयका प्रिन्सिपलहरूको सहभागिता रहेको थियो।

भूल सुधार

[illegible] भूल सुधार गरिएको छ।

# ललितपुरको दुर्गम भेगमा स्तनपान सप्ताह

**नेपाल समाचारपत्र**

ललितपुर



संरक्षण तथा विकास संस्था (सीडीओ नेपाल) ले जिल्लाको दक्षिणी क्षेत्रको दुर्गम भेगमा स्तनपान सप्ताह कार्यक्रम सञ्चालन गरेको छ। विश्वभर विश्व स्तनपान सप्ताह विभिन्न कार्यक्रम गरी मनाइरहेको बेला सीडीओ नेपालले पनि जिल्लाको दुर्गम भेगमा सप्ताह सञ्चालन गरेको हो।

संस्थाले जिल्लाको कोन्ज्योसोम र महाँकाल गाउँपालिकाको २/२ वडामा यस्तो कार्यक्रम गएको बुधबारदेखि सञ्चालन भएको छ। कोन्ज्योसोमको शंखु र नल्लु, महाँकाल गाउँपालिकाको मानिखेल र ठूलादुर्लुङमा आउने मंगलबारसम्म स्तनपान सप्ताह सञ्चालन हुने सीडीओ नेपालकी कार्यक्रम संयोजक राममाया तामाङले बताउनुभयो।

स्तनपानको महत्त्व, फाइदा, बेफाइदा, स्तनपान गराउने विधिलगायतका जानकारीहरू यस दौरानमा दिइरहेको उहाँले बताउनुभयो। उहाँले बताउनुभयो- '६ महिनासम्म शिशुलाई आवश्यक पौष्टिक तत्त्वहरू आमाको दूधबाट नै प्राप्त हुने हुनाले ६ महिनासम्म शिशुलाई आमाको दूध मात्र खुवाउनुपर्ने, स्तनपान गराउँदाको आसन, तरिका र कतिपटक स्तनपान गराउने भन्ने जानकारी दिइरहेका छौं।'

बच्चाले चाहेको समयमा दिनमा ८ देखि १० पटक स्तनपान गराउनु राम्रो मानिने स्वास्थ्यकर्मी बताउँछन्। शिशु जन्मेको १ घण्टाभित्र नै आमाको बिगौती दूध खुवाउँदा बच्चा स्वास्थ्य हुने स्वास्थ्यकर्मीहरू सुझाउँछन्।

जिल्लाको दक्षिणी भेगमा तामाङ समुदायमा शिक्षाको कमी, संस्कारको प्रभावका कारण कायम रहेको अन्धविश्वासका कारणले सानै उमेरमा विवाह गर्ने, सानै उमेरमा छिटो छिटो बच्चा जन्माउने गरेको कैयौं उदाहरणहरू भेट्टाउन सकिन्छ। जसले गर्दा बच्चालाई आमाको दूध अपुग हुने, आमाले शिशुलाई सही तरिकाले स्तनपान गर्न नजान्ने समस्याले बच्चा कुपोषणको शिकार बन्ने, झाडापखाला, निमोनिया हुनुका साथै मानासिक तथा शारीरिक रूपमा अस्वास्थ्य हुने गर्दछ।

यसै कार्यक्रममार्फत् सीडीओ नेपालले यस भेगमा स्तनपान गराउने आमालाई पारिवारिक सहयोग गनुपर्ने, ६ महिनादेखि २ वर्षसम्म बच्चालाई निरन्तर स्तनपानसँगै हरेक बार खाना चारपटक मिलाएर खुवाउनुपर्ने स्तनपान गराउँदा शिशु र आमालाई मात्र फाइदा नभई सिंगो परिवार, समाज र राष्ट्रलाई समेत फाइदा हुने कुराहरू सुत्केरी आमालाई प्रयोगात्मक अभ्यास गराउँदै जानकारी दिइएको छ।

यस्ता समस्याहरूलाई हटाउने प्रयत्न गर्दै सीडीओ नेपालले गर्भवती तथा स्तनपान गराउने आमाहरूलाई सर्वोत्तम लिटो, सरसफाइका सामग्री र कपडा वितरण गराइरहेको छ।


अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, उपहारादि वस्तु प्राप्ति, चाहेको पुग्ने सम्भावना।
**वृष** : धन खर्च, चोटपटकको सम्भावना, वादविवाद, निरर्थक खर्च।
**मिथुन** : आम्दानी, साथीभाइ-इष्टमित्रबाट सहयोग, खाद्यान्न प्राप्ति।
**कर्कट** : स्वस्थता, आनन्दको अनुभूति, कार्य सफल, सुख-सन्तोष।
**सिंह** : राजकाज, मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट, तनाव।
**कन्या** : शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धन-सम्पत्ति प्राप्ति, समस्या समाधान, पुरस्कार-सम्मान पाइने।
**वृश्चिक** : धनलाभ, सफलता, पैसा प्राप्तिको सम्भावना।
**धनु** : बाथ-वायुजन्य रोग, गर्न लागेको काममा बाधा-अड्चन, सन्ताप।
**मकर** : विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप।
**कुम्भ** : द्रव्यलाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, कार्य सफल, प्रसन्नता।
**मीन** : नोक्सानी, मानसिक चञ्चलता, निरर्थक धन र समयको बरबाद।



# प्रदेश-३



त्यहाँबाट दूध संकलन गरेर ल्याउँदा बीचमा खोला रहेको छ। खोलामा निर्माण गरिएको तुइनबाट दूध वारि ल्याउने गरिएको छ।

# व्यवस्थित बन्दै भरतपुरका हाटबजार

कृष्ण आचार्य, चितवन

भरतपुर महानगरभित्र सञ्चालित हाटबजार व्यवस्थित बनाउने अभियान शुरू भएको छ।

भरतपुर महानगरपालिकाको वडा नम्बर ७ का २ स्थानमा सञ्चालन हुने हाटबजार व्यवस्थित बनाएर सञ्चालनमा ल्याइएको छ। वडाको गौतम चोक र नारायणपुर चोकमा सञ्चालन भइरहेका हाटबजार स्थललाई व्यवस्थित बनाइएको हो। स्थानीय तह सञ्चालन ऐन निर्देशिकामा हाटबजारलाई व्यवस्थापन गर्ने उल्लेख भएबमोजिम हाटबजारलाई व्यवस्थित बनाइएको हाटबजार विकास व्यवसाय समिति चितवनका अध्यक्ष लालबहादुर रायले बताए। भरतपुरका सबै हाटबजारलाई ५ वर्षभित्र व्यवस्थित गरिने उनले जानकारी दिए। 'हाटबजारको संरचना आफैं निर्माण गरेका हौं', रायले भने- 'कसैले सहयोग गर्छकि भनेर हेरेको भए अहिलेसम्म उस्तै हुने थियो।'

प्रत्येक व्यवसायीले दैनिक ५० रुपियाँ बचत गरेर वार्षिक १८ हजार जम्मा गरेर हाट बजारलाई व्यवस्थित गरिएको रायले बताए। यसअघिका अव्यवस्थित हाटबजार व्यवस्थित बनाएपछि सुन्दर देखिएको र पार्किङलगायतका समस्या समाधान भएको उनको भनाइ छ। हाटबजारमा व्यापार गर्ने प्रत्येक व्यवसायीले दैनिक न्यूनतम १ हजार रुपियाँ आम्दानी गर्ने गरेका छन् भने परिवारको दैनिक खर्च, छोराछोरीको पढाउने र दैनिक बचतसमेत गरेका छन्।

हाटबजारमा १८ वटा स्टलमा स्थानीय उत्पादन राख्ने गरिएको र त्यसमा पनि केही स्टलमा अर्गानिक तरकारी बिक्रीवितरण हुने गरेको अध्यक्ष रायले जानकारी दिए। उनले स्थानीयले घरमा उत्पादन गरेका तरकारी पनि हाटबजारमा



ल्याएर बिक्रीवितरण गर्न सकिने बताए। हाटबजारमा शौचालय, खानेपानीको व्यवस्था गरिएको छ भने हाटबजार सकिएको १ घण्टाभित्र फोहोर उठिसक्ने व्यवस्था गरिएको रायको दाबी छ।

'तराई क्षेत्रको मुख्य बजार भनेकै हाटबजार हो', अध्यक्ष रायले भने- 'यसलाई राज्यले पनि विशेष ध्यान दिनुपर्छ।' अमेरिका, जापान र लन्डनमा सञ्चालनमा भएका हाटबजारका सफल प्रयोग नेपालमा ल्याएर प्रयोग गर्न कोसिस गरिरहेको रायले बताए।

देशभर १ हजार २६५ वटा हाटबजार रहेका छन्। जसमा ५ लाख मानिसले रोजगार पाएका छन् भने १० लाख किसानको उत्पादित तरकारी हाटबजारमार्फत बिक्री हुने गरेको छ। २० लाख मानिसले हाटबजारमार्फत तरकारीलगायतका दैनिक उपभोग्य सामान किन्ने गरेका छन्। चितवनमा मात्रै ७ स्थानका हाटबजारमार्फत ३ सय ५० जना हाटबजार व्यवसायीले व्यवसाय गर्दै आएका छन्। करिब ५ सय किसानले उत्पादन गरेको तरकारी चितवनका हाटबजारमार्फत बिक्री हुने गरेको छ।

भरतपुर महानगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष राजेन्द्रमणि काफ्लेले वडालाई सुन्दर र सफा बनाउने अभिप्रायले हाटबजारलाई व्यवस्थित गरिँदै लगेको बताए। उनले व्यवस्थित हाटबजार सञ्चालन भएसँगै हाटबजारमा देखिने गरेको अस्तव्यस्तता कम भएको दाबी गरे।

# राणाकालीन फोहरा पुनः सञ्चालनमा

नेपाल समाचारपत्र

हेटौंडा

मकवानपुरको पुरानो सदरमुकाम भीमफेदी गाउँपालिकामा रहेको ऐतिहासिक आकाशे फोहरा धारा जीर्णोद्धारपछि सञ्चालनमा ल्याइएको छ।

राणाकालमा श्री ३ जंगबहादुर राणाको बेलायत भ्रमणपश्चात् निर्माण भएको आकाशे धारा पुनः सञ्चालनमा ल्याइएको हो। काठमाडौंबाट भीमफेदी हुँदै चितवनको सौराहा अवलोकनमा रात्रि बसोबासका लागि तत्कालीन अवस्थामा फोहरा बनाइएको थियो।



फोहरा बंगलानजिक मनोरमस्थलका रूपमा परिचित आकाशे फोहरा धारा पूर्णरूपमा जीर्ण भएपछि संरचनालाई गाउँपालिकाले २० लाख बजेट उपलब्ध गराएको थियो। यसबाट धाराको स्वरुप बदलिएको हो।

विक्रम संवत् १८६४ मा ऐतिहासिक फोहरा धारा निर्माण भएको थियो। राणाकालीन अवस्थाको बनाउन नसकिए पनि त्यस्तै झल्को दिने गरी फोहरा फुट्ने गरी पानी चल्ने व्यवस्था मिलाइएको गाउँपालिका अध्यक्ष हिदम लामाले बताउनुभयो।

आकाशे धारालाई पुरानै स्वरुप दिन नसके पनि पुरानो सम्झनालाई जीवन्त राख्ने कार्य गरिएको आकाशे फोहरा धारा पार्क निर्माण समिति अध्यक्ष मेघराज लामा बताउनुहुन्छ।

भीमफेदी-६ का अध्यक्ष सीताराम थापाले ऐतिहासिक फोहरा धारा पार्कलाई नेपालको दोस्रो पुस्तकालय ज्योति पुस्तकालयलाई स्मरण गराउँदै पार्कभित्र सूचना पार्क बनाउन २ लाख विनियोजन भएको बताउनुभयो।

# लाङटाङमा चीज उत्पादनमा कमी

नेपाल समाचारपत्र

रसुवा

रसुवाको गोसाइँकुण्ड गाउँपालिकाको लाङटाङमा जनशक्ति अभावमा चीज उत्पादनमा कमी आएको छ। भूकम्प जानुपूर्व वार्षिक ५ हजार केजी चीज उत्पादन गर्दै आएको केन्द्रले त्यसपछिका दिनमा २ हजार ७ सय केजी चीज उत्पादन गरिरहेको छ।

भूकम्पपछि चौरीपालक कृषक घटेको, उपकरणको अभाव, जनशक्तिको अभाव, अगाडि पेस्की दिने कार्य रोकिनु र दूधको मूल्य नबढेका कारण कृषकले केन्द्रलाई दूध उपलब्ध गराउन छाडेका छन्। जसको कारण वर्षेनी चीज उत्पादन घट्दै जान थालेको छ। भूकम्प जानुभन्दा पहिले लाङटाङमा ४३ जना व्यावसायिक चौरीपालक कृषक थिए। भूकम्पको कारण बगरमा परिणत भएको लाङटाङमा पालिएका ६ सयभन्दा बढी चौरी मरे। कृषकले सहुलियत पाएनन्। त्यसपपछि कृषकले चौरी पाल्नै छाडे।

दूग्ध विकास संस्थानको स्वामित्वमा रहेको केन्द्रमा दूधको मूल्य नबढ्दा कृषकले दूध उपलब्ध गराउन छाडेका हुन्। पर्यटक आउने समयमा चिया बेचेर कृषकले आम्दानी गर्ने गरेका छन्। 'केन्द्रले १ लिटर दूधको फ्याट हेरेर अधिकतम ७६ रुपियाँसम्म दिन्छ', केन्द्र प्रमुख ग्याल्बो लामाले भने- 'यहाँ १ कप चियाको मूल्य १ सयभन्दा बढी पर्छ। केन्द्रमा उत्पादन भएको मखन तथा चीज स्थानीयस्तरमा नै खपत हुने गरेको छ।' उत्पादित चीज बिक्रीका लागि समस्या नभएको लाङटाङ चीज उत्पादन केन्द्रका प्रमुख लामाले बताए। लाङटाङ राष्ट्रिय निकुञ्जमा आउने पर्यटकमध्ये ९० प्रतिशत पर्यटक लाङटाङ जाने गरेका छन्। लाङटाङ गएका विदेशी पर्यटकले चीज लैजाने गरेका केन्द्रले जनाएको छ। सडक सञ्जालले नजोडिएको लाङटाङ क्षेत्रमा दूध संकलनका लागि ३ घन्टा हिँड्नुपर्ने बाध्यता रहेको छ। 'हामी ३ घन्टा हिँडेर दैनिक दूध संकलन गर्छौं', केन्द्र प्रमुख लामाले भने- 'केन्द्रमा दैनिक ४ सय लिटर दूध संकलन हुन्छ।' दूध ३ ठाउँमा संकलन गर्ने गरिएको छ।

केन्द्रबाट सबैभन्दा टाढा रहेका झ्याबुखर्कबाट दूध बोकेर ल्याउने गरिएको केन्द्रले जनाएको छ। त्यहाँबाट दूध संकलन गरेर ल्याउँदा बीचमा खोला रहेको छ। खोलामा निर्माण गरिएको तुइनबाट दूध वारि ल्याउने गरिएको छ। केन्द्रले यो वर्ष २ हजार ७ सय केजी चीज उत्पादन गर्ने लक्ष्य लिएको छ। हालसम्म १ हजार ३ सय केजी चीज उत्पादन भइसकेको उनले बताए। पर्यटकीय क्षेत्र लाङटाङको क्यान्जिनमा रहेको चीज उत्पादन केन्द्र २००९ सालमा स्थापना भएको थियो।

चीजको बजार मूल्य प्रतिकेजी १ हजार ७ सय र मखनको १ हजार रहेको छ। १ सय लिटर दूधबाट ११ किलो चीज र ४ किलो मखन उत्पादन हुन्छ। यो नेपालको पहिलो चीज उत्पादन केन्द्र हो। केन्द्रमा अहिले २ जना स्थायी र ३ जना अस्थायी कर्मचारी रहेका छन्। जिल्लाको गोसाइँकुण्ड गाउँपालिकास्थित धुन्चे, चन्दनबारी र लाङटाङ तथा आमाछोदिङ्मो गाउँपालिकाको गत्लाङमा चीज उत्पादन हुँदै आएको छ। वार्षिक ३६ हजार केजी चीज उत्पादन गर्ने क्षमता रहेको भए पनि पर्याप्त मात्रामा दूध संकलन हुन नसक्दा ३४ हजारको हाराहारीमा चीज उत्पादन हुने गरेको केन्द्रले जनाएका छन्। गत्लाङ, धुन्चे र चन्दनबारीको केन्द्रमा वार्षिक १० हजार किलो र लाङटाङमा ६ हजार किलो चीज उत्पादन गर्ने क्षमता रहेको छ।

## वर्गीकृत डिस्प्ले




**सच्याइएको सूचना**

[illegible]

श्री भगवानधुम्की सामुदायिक वन उपभोक्ता समूह
मनेपा १० काभ्रेपलाञ्चोक

# जिल्ला हुलाकद्वारा राजस्व संकलन

नुवाकोट, (नेस)

जिल्ला हुलाक कार्यलय नुवाकोटले गत आर्थिक वर्ष २०७४/७५ मा १७ लाख ९० हजार ८ सय २० रुपियाँ राजश्व संकलन गरेको छ।

कार्यलयका निमित्त प्रमुख गोपाल अधिकारीका अनुसार कार्यालयले गत आवमा सबैभन्दा बढी टिकट बिक्रीमार्फत ९ लाख ९४ हजार ५ सय रुपियाँ राजश्व संकलन गरेको छ। कार्यालयमा रेडियो र केवल टेलिभिजन नवीकरणबाट ९८ हजार ८ सय ७० रुपियाँ नवीकरण शुल्क उठेको अधिकारीले बताए। त्यस्तै कार्यालयले रेडियो र केवल टेलिभिजनबाट २ लाख ८२ हजार २ सय ५७ रुपियाँ राजश्व प्राप्त गरेको जिल्ला हुलाक कार्यालय नुवाकोटले जनाएको छ।

कार्यालयका निमित्त प्रमुख गोपाल अधिकारीले कार्यालयले लोकसेवा आयोगको सेवा शुल्कबाट २ लाख ६३ हजार २ सय रुपियाँ, भन्सार शुल्कबाट ३८ हजार ४ सय ७४ रुपियाँ राजश्व संकलन गरेको बताए। त्यस्तै कार्यालयले अटोमेसिन शुल्कबाट ८४ हजार ५

# हेटौंडामा जतातत्तै 'नो पार्किङ'

नेपाल समाचारपत्र

हेटौंडा

हेटौंडामा अब जतातत्तै 'नो पार्किङ' व्यवस्था लागु गरिने भएको छ। यसले सर्वसाधारणलाई हैरानी भएको छ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत् हेटौंडा राप्तिपुलदेखि बुद्धचोक र बनविज्ञान अध्ययन संस्थानसम्म तथा त्रिभुवन राजपथको चौकीटोल ओरालोदेखि बुद्धचोकसम्म सानाठूला सवारीसाधन पार्किङलाई पूर्णरुपमा बन्द गरिएको छ।

लामो छलफलपछिको निर्णयसँगै राप्तिरोड, स्कुलरोड तथा बुद्धचोकजस्ता क्षेत्रमा पार्किङ गर्न नपाइने भएको छ। कान्ति लोकपथ क्षेत्रमा 'नो पार्किङ' गर्न यथाशीघ्र विकल्प खोजी गरी व्यवस्थापन गर्ने निर्णय भएको छ।

हेटौंडा उपमहानगर मेयर हरिबहादुर महतको सभाध्यक्षतामा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय प्रमुख सम्मिलित बैठकले यस्तो निर्णय गरेको हो। बैठकले राप्तिपुलदेखि बुद्धचोक क्षेत्रमा 'नो पार्किङ' गर्ने सम्बन्धमा राप्तिरोडमा अवस्थित रक्त सञ्चार केन्द्रको दक्षिणपट्टिको खाली ठाउँ र बुद्धचोकको दक्षिणमा अवस्थित भीमसेन मिनीमार्केट क्षेत्रमा पार्किङ क्षेत्र तोक्ने निर्णय भएको छ।

चौकीटोल ओरालोदेखि बुद्धचोकसम्म दुईपांग्रे सवारी पार्किङ हुँदै आएकोमा उक्त क्षेत्रलाई 'नो पार्किङ' गरी पुरानो देवी सिनेमा हल रोड र पिपलबोटको भित्री रोडमा पार्किङ स्थल तोकी त्रिभुवन राजपथलाई 'नो पार्किङ' घोषणा गरिने भएको छ।

बुद्धचोकदेखि फरेष्ट्रीसम्म 'नो पार्किङ' क्षेत्र घोषणाका लागि उक्त क्षेत्रमा पार्किङ हुँदै आएका दुईपांग्रे तथा चारपांग्रे सवारी पार्किङलाई हटाएर टीसीएनको खाली जग्गामा पार्किङ व्यवस्था मिलाउने बैठकमा निर्णय भएको छ।

'नो पार्किङ' क्षेत्रमा चारपांग्रे भारी सवारीसाधन लोड/अनलेड गर्ने व्यवस्था मिलाउन विहान साढे ८ बजे अगाडि र साँझ साढे ७ बजेपछि मात्र लोड/अनलोड गर्न पाइने छ। स्कुलरोडमा 'नो पार्किङ' गरी त्यहाँ पार्किङ हुँदै आएका दुईपांग्रे सवारीलाई भुटनदेवी स्कुलअगाडि पार्किङ व्यवस्था मिलाइने निर्णय भएको छ।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङ्टा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
**नारायणी पेट्रोल पम्प**
**रिङरोड, बाफल**
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

## नेपाल समाचारपत्रको वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

> 'रसायनिक विषादीको कारण माटो, पर्यावरण र कृषि प्रणालीका साथै मानव स्वास्थ्यमा असर पार्ने भएकाले सूर्योदय नगरपालिकाले यो कार्य अगाडि बढाएको हो', मेयर राईले भने- 'तीन चरणमा विषादीमुक्त नगर कार्ययोजना अगाडि बढाइएको छ।'

# नदी किनारका सुकुम्बासीलाई झुप्रो बनाउने चिन्ता

**दुर्गाप्रसाद शर्मा, पर्वत**

कुस्मा नगरपालिका-१ का सुकुम्बासी तथा माझी परिवार बस्ने झुपडी भए पनि झुपुडीको लालपुर्जा नहुँदा चिन्तित बनेका छन्। मालढुंगाका भीमबहादुर माझी भन्छन्- 'आफैले बनाएको छाप्राको समेत लालपुर्जा नहुँदा निकै समस्या छ।' उनलाई २०७१ असोजमा सुकुम्बासी आयोगले १२ आना जग्गा निःशुल्क दिन्छ भन्ने बुझेपछि सदरमुकामस्थित कार्यालयमा आफ्नो पारिवारिक विवरण बुझाएका थिए।

जग्गाधनी पुर्जाकै आसमा सदरमुकाम आएर तीनपुस्ते पारिवारिक विवरण बुझाउनेमा भीमबहादुर मात्रै एक्ला होइनन्। जिल्लाकै बिहादी गाउँपालिका-१ बाच्छाका भूपाल विकसहितका २४ परिवारले पनि २०७१ असोज दोस्रो साता ४ दिन लगाएर तीनपुस्ते विवरण आयोगको जिल्ला कार्यालयमा बुझाएका थिए। सरकारको निःशुल्क जग्गा बाँड्ने आशा बोकी सदरमुकाम पुगेर पारिवारिक विवरण बुझाएका उनीहरू हालसम्म जग्गा पाउने आशै आशामा छन्।

मुलुकभरका सुकुम्बासी समस्या समाधान गर्न तत्कालीन सरकारले २०७१ साउन १९ गते शारदाप्रसाद सुवेदीको अध्यक्षतामा १३ सदस्यीय सुकुम्बासी समस्या समाधान आयोग गठन गरेको थियो। आयोगले काठमाडौं उपत्यकाका ३ बाहेक मुलुकका तत्कालीन ७२ जिल्लामा जिल्ला कार्यालय सञ्चालन गरेर लगत संकलन गरेको थियो। त्यतिबेला ८ लाख ६१ हजार ३ सय १७ परिवारको विवरण संकलन भएको थियो।

तत्कालीन आयोगद्वारा स्थापित पर्वतको जिल्ला कार्यालयमा ६ सय ३७ परिवारले विवरण पेस गरेको तत्कालीन जिल्ला अध्यक्ष तोयानाथ चालिसे बताउँछन्। जिल्लामा ६ महिनासम्म कार्यालय सञ्चालन भएकोमा आयोग अवैधानिक ठहर भएपछि जिल्ला कार्यालय स्वतः खारेज भएको थियो। खारेजीपछि कार्यालयले सबै कागजात मालपोत कार्यालयमा जिम्मा लगाएर छाडेको जिल्ला अध्यक्ष चालिसे बताउँछन्।

उतिबेला भूमिहीनले जग्गा तथा अव्यवस्थित बसोबास गर्नेलाई ७० प्रतिशत मूल्य अनुदानमा बस्तीको लालपुर्जा दिने व्यवस्थाको तयारीमा आयोग थियो। आयोगले मुख्य शहरी क्षेत्रका भूमिहीनका लागि न्यूनतम ३ आनादेखि हिमाली क्षेत्रमा २ रोपनी, पहाडमा १ रोपनी र तराईमा १ कठ्ठा जग्गा निःशुल्क वितरण गर्नेगरी काम अघि बढाएको थियो।



मालढुंगाका मात्रै सयभन्दा बढी परिवारसँग आफ्नै बासको लालपुर्जा छैन। एकाध परिवारका युवा वैदेशिक रोजगारी र सवारीमा मजदुरी गर्छन् तर ९० प्रतिशतभन्दा बढीको मुख्य पेसा बालुवा र गिटी बिक्री नै हो। मजदुरी गरेर गुजारा चलाउँदै आएका जिल्लाका सुकुमबासी जुनसुकै सरकार आए पनि आफूहरूको गुनासो सुनुवाइ नगरेको भन्दै निरास बनेका छन्।

## उपचारका क्रममा महिलाको मृत्यु

वीरगन्ज, (नेस)

वीरगन्जमा रहेको नारायणी उपक्षेत्रीय अस्पतलमा उचारका क्रममा महिलाको मृत्यु भएको घटनाबारे छानबिन गर्न ७ सदस्यीय समिति गठन गरिएको छ।

बाराको परवानीपुर गाउँपालिका वडा नं ५ बहुअरी बस्ने २५ वर्षीया रमिलादेवीको उपचारको क्रममा मृत्यु भएको थियो। चिकित्सकको लापरबाहीले मृत्यु भएको आफन्तको दाबी छ। उनीहरूले अस्पताल परिसरमा प्रदर्शन गरेका छन्। घटनाबारे छानबिन गर्न नारायणी उपक्षेत्रीय अस्पतालका प्रसूति विभाग प्रमुख डा. सुरेन्द्र चौधरीको नेतृत्वमा ७ सदस्यीय छानबिन समिति गठन गरिएको हो।

समितिमा अस्पतालमै कार्यरत डा. उदयनारायण सिंह, मेट्रोन माधवी चौधरी, मानव अधिकारकमी कृष्णकुमार खनाल, राजपाका नेता नेजामुद्दिन समानी, परवानीपुर गाउँपालिका अध्यक्ष हरिनारायण साह र पीडितका आफन्त दीपक साह कानु सदस्य छन्। आफन्तजनका अनसार झन्डै दुई महिनाको गर्भवती रमिलालाई शुक्रबार बेलुका पेट दुख्न थालेपछि अस्पतालको आकस्मिक कक्षमा भर्ना गरिएको थियो। राति चिकित्सकले चेकजाँच गरी सुई लगाउँदासम्म उनको अवस्था सामान्य नै थियो।

बिहान उनले उठेर जुस पनि पिएकी थिइन्। अचानक दुखाइ बढेपछि चिकित्सकले ट्रमाडोल, बुस्कोपान इन्जेक्सन लगाइदिएका थिए। त्यसपछि छटपटाउन थालेकी उनको मुखबाट फिँज निक्लिएको थियो। त्यसको केहीबेरमै उनको मृत्यु भएको मृतकका आफन्त दीपक साहले बताए। छानबिन समिति गठनपछि पनि आक्रोशित स्थानीयले क्षतिपूर्तिको माग राख्दै शव उठाउन मानेका छैनन्। उनको शव नारायणी उपक्षेत्रिय अस्पतालकै शव गृहमा राखिएको प्रहरी नायब उपरीक्षक मानबहादुर राईले जानकारी दिए। समय समयमा अस्पतालमा घट्ने यस्तो घटनाहरूले वीरगन्जको एक मात्र सरकारी अस्पताल बदनाम हुने गरेको छ भने त्यसको फाइदा अन्य निजी अस्पतालहरूले लिँदै आएको पाइएको छ।

## ट्र्याक्टर दुर्घटनामा चालकको मृत्यु

कालिकोट, (नेस)

कर्णाली राजमार्गअन्तर्गत सुर्खेत जुम्ला सडक खण्डअन्तर्गत कालिकोट खाँडाचक्र नगरपालिका-८ सेराबाडामा ट्र्याक्टर दुर्घटना हुँदा सुर्खेत गुटु-८ का २६ वर्षीय चालक सुरथसिंह बोहराको मृत्यु भएको छ।

तिलागुफा नगरपालिका-७ छाप्रेबाट खाँडाचक्रतर्फ आउँदै गरेको ट्र्याक्टर शुक्रबार राति दुर्घटना हुँदा चालक बोहोराका मृत्यु भएको कालिकोटका प्रहरी प्रमुख डीएसपी सुवासचन्द्र बोहोराले बताएका छन्।

डीएसपी बोहोराका अनुसार ट्र्याक्टरको ब्रेक फेल भई सडकभन्दा २ सय मिटर तल खसेर घटनास्थलमै चालकको मृत्यु भएको र उनको शव पोस्टमार्टमका लागि शनिबार जिल्ला अस्पतालमा राखिएको छ।

### शिक्षा र स्वास्थ्यलाई राष्ट्रियकरण गर्न माग

## साढे सात हजारको हस्ताक्षर संकलन

बैतडी, (नेस)

शिक्षा र स्वास्थ्यलाई राष्ट्रियकरण गर्न अनेरास्ववियु र अखिल (क्रान्तिकारी) बैतडीले साउन १३ गतेदेखि थालेको हस्ताक्षर संकलन अभियान जारी रहेको छ। हालसम्म ७ हजार ५ सय जनाको हस्ताक्षर संकलन गरिएको अनेरास्ववियु बैतडीका अध्यक्ष भुवन कार्कीले जानकारी दिए। हस्ताक्षर संकलन अभियान अहिले बैतडी र दार्चुलामा जारी रहेको छ। त्यसपश्चात् प्रदेश नं ७ का सबै जिल्लामा हस्ताक्षर संकलन अभियान सञ्चालन गरिने उनले बताए।

१५ दिनसम्म सञ्चालन हुने उक्त हस्ताक्षर अभियानमा ५० हजार जनाको हस्ताक्षर संकलन गरिने लक्ष्य रहेको छ। शिक्षा र स्वास्थ्यलाई राष्ट्रियरण र निःशुल्क गर्न, स्वास्थ्य क्षेत्रको अनियमितता अन्त्य गर्न हस्ताक्षर अभियान सञ्चालन गरिएको बताइएको छ।

राज्यले नियन्त्रण कायम गर्न नसक्दा स्वास्थ्य र शिक्षा सामान्य जनताको पहुँचबाट टाढा भएको, विभिन्न किसिमका विकृति देखापरेको र सुलभ एवं सरल स्वास्थ्य तथा शिक्षाबाट वञ्चित हुनुपरेको भन्दै हस्ताक्षर अभियान सञ्चालन गरिएको हो।

५० हजार जनाको हस्ताक्षर संकलन गरिसकेपछि प्रदेश नं ७ को सरकार तथा मुख्यमन्त्री, शिक्षामन्त्री र प्रधानमन्त्रीलाई बुझाइने अनेरास्ववियु बैतडीका अध्यक्ष कार्कीले बताए। हस्ताक्षर अभियानलाई सफल पार्न सबैलाई आआफ्नो क्षेत्रबाट सहयोग गरिदिन अनेरास्ववियु र अखिल (क्रान्तीकारी) बैतडीले अनुरोधसमेत गरेको छ।

## माई खोलाले कान्छालाई बगायो

इलाम, (नेस)

शनिबार दिउँसो जिल्लाको माई नगरपालिकामा बग्ने माई खोला तर्ने क्रममा एक जनाको अकालमा ज्यान गएको छ। माई नगरपालिका-८ स्थित बागे चौरीका ४८ वर्षीय तिलकबहादुर राई (कान्छा)को ज्यान गएको हो। घरबाट नजिकै गाउँमा जाने क्रममा माई खोला तर्ने क्रममा राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।

## तीन किलो चरेससहित दुई पक्राउ

भद्रपुर, (नेस)

नेपालबाट लागूऔषध चरेस भारततर्फ लैजाने एक नेपाली नागरिकसहित दुई युवक पक्राउ परेका छन्।

दुवै जनालाई झापाको काकँडभिट्टा नाकासँग जोडिएको पानीटयांकी क्षेत्रबाट विशेष सूचनाको आधारमा भारतीय एसएसबीका ४१ बी बटालियिनको टोलीले शुक्रबार पक्राउ गरेको प्रहरीले जनाएको छ।

पक्राउ पर्ने नेपालका गणेश तामाङ र कालिम्पोङ निवासी लुका शेर्पा रहेको जनाइएको छ। भारतीय सुरक्षाकर्मीका अनुसार स्कुटरमा सवार दुवै जनाको साथबाट ३ किलो चरेस, ४ थान डेबिट कार्ड, ३ थान मोबाइल फोन, नेपाल, भारत र भुटानको पैसा भेटिएको थियो। बरामद गरिएको चरेस नेपालबाट ल्याइएको र सिलगुढीको बाटो भएर कलकत्ता लैजाने तयारीमा रहेको प्रहरी अनुसन्धानबाट खुलेको जनाइएको छ।

## २५ रोपनी खेतमा रहेको गाँजा नष्ट

डोटी, (नेस)

जिल्ला प्रहरी कार्यालय डोटीले करीब २५ रोपनी क्षेत्रफलमा रहेको गाँजा नष्ट गरेको छ। जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी निरीक्षक ध्रुवबहादुर विष्टको नेतृत्वमा गएको टोलीले दीपायल सिलगढी नगरपालिका वडा नम्बर ७ अन्तर्गत वनखेतमा बाँझो जमिन र खेतबारीमा उम्रिएको करीब २५ रोपनी क्षेत्रफलभित्र रहेको गाँजा नष्ट गरेको हो।

जिल्ला सदरमुकाम सिलगढी क्षेत्रबाट नजिकको क्षेत्रभित्र पर्ने हुँदा दिनानुदिन गाँजा प्रयोगकर्ताको संख्या बढिरहेकोले नष्ट गर्ने अभियान चलाइएको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रवक्ता तथा डीएसपी लालबहादुर धामीले बताउनुभयो। उहाँले भन्नुभयो- 'खाली जमिनमा गाँजा उम्रिएको र उक्त गाँजा खानेको संख्या पनि दिनहुँ थपिन थालेपछि हामीले नष्ट गर्ने अभियान चलाएका हौं।'

साथै प्रवक्ता तथा डीएसपी धामीले डोटी प्रहरीले चलाएको अभियानलाई सफल पार्न स्थानीयबाट पनि सहयोगको आशा गरिएको बताउनुभयो। त्यस्तै प्रहरीले यसअघि डोटीको जोरायल क्षेत्रमा रहेको १५ रोपनी क्षेत्रफल भित्ररहेको गाँजा पनि नष्ट गरेको थियो। प्रहरीले यहाँका विभिन्न ठाउँका जमिनमा उम्रिएको जागा नष्ट गर्न थालेपछि स्थानीयबासीहरू पनि खुसी भएका छन्।

## अर्गानिक नगरको अभियानमा सूनपा

**नेपाल समाचारपत्र**

इलाम

जिल्लाको पूर्वी सूर्योदय नगरपालिकाले अर्गानिक नगरको अभियानलाई अगाडि बढाएको छ। निषेधित विषादीमुक्त नगर निर्माण घोषणापत्र २०७५ सार्वजनिक गर्दै नगरपालिकाले अर्गानीकरण अभियानलाई अगाडि बढाएको हो।

स्वच्छ कृषि वस्तु उत्पादन, दिगो खेती प्रणालीको संरक्षण गर्न प्राकृतिक सन्तुलन कायम गर्न, मानव स्वास्थ्य तथा पारिस्थितिक प्रणाली बचाउन अभियानलाई अगाडि बढाइएको नगर प्रमुख रणबहादुर राईले बताए। 'रसायनिक विषादीको कारण माटो, पर्यावरण र कृषि प्रणालीका साथै मानव स्वास्थ्यमा असर पार्ने भएकाले सूर्योदय नगरपालिकाले यो कार्य अगाडि बढाएको हो', मेयर राईले भने- 'तीन चरणमा विषादीमुक्त नगर कार्ययोजना अगाडि बढाइएको छ।'

पहिलो चरणमा विद्यालयमा प्रशिक्षण, प्रतिबन्धित विषादीको वर्गीकरण, लेबलरहित विषादी बिक्रीमा रोक लगाइनेछ भने दोस्रो चरणमा विषादीको वैकल्पिक उपायको बारेमा जनचेतनामूलक कार्यक्रम, विषादी बजार एवं प्रयोगशालामा छड्के जाँच तथा जैविक विषादी उत्पादन केन्द्र निर्माणलगायतका कार्यक्रम रहनेछ। यसैगरी तेस्रो तथा अन्तिम चरणमा विषादी अवशेष नियन्त्रण, आवादी एवं पर्यटकीय क्षेत्रमा 'नो स्प्रे जोन' र दीर्घकालीन विषादी नियमन एवं नियन्त्रण नीति बनाएर लागू गरिने भएको हो।

निषेधित विषादीमुक्त नगर घोषणा गरी विकल्पसहित ३ वर्षमा पहेंलो र निलो लेबलका रसायनिक विषादीमुक्त नगर निर्माण गरिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भट्टराईले बताए। डीडीटी, क्लोरोडोन, टोक्साफेन, इथियनलगायत १५ प्रकारका विषादी नेपालमा प्रतिबन्धित गरिएको छ। यसबाहेक पनि नेपालमा सूचीकृतबिनाको कतिपय विषादी किसानले प्रयोगमा ल्याइरहेका छन्। जिल्लामा सबैभन्दा बढी सूर्योदय नगरपालिकामै विषादीको प्रयोग हुँदै आएको छ। त्यहाँका कृषकले चिया तथा कृषिजन्य बालीमा विषादीको प्रयोग बढी गर्ने गरेका हुन्।

## बँदेलले अनिदै किसान
## खेती जोगाउनै मुस्किल

**सलिम अन्सारी, प्युठान**

जिल्लाको उदयपुरकोटमा खेतबारीमा लगाइएको मकै बँदेलले खाएर सत्यानाश पार्न थालेपछि स्थानीय कृषक हैरान परेका छन्। वर्षभरि खान खेतबारीमा दुःख गरी उब्जाएको अन्नबाली केही वर्ष यता बँदेलको आहार बन्न थालेपछि गाउँका कृषक चिन्तित बनेका हुन्। खेती बचाउन गाह्रो भएपछि किसान चिन्तित छन्। माण्डवी गाउँपालिका-४ का धोवाघाट, खजुरे, गैरावारीलगायतका गाउँमा बँदेलले मकैबाली खाएर सखाप पार्न थालेपछि किसानहरू बारीमै टहरा बनाई रातभर पहरा दिन थालेका हुन्। जीविकोपार्जनको मुख्य स्रोत मकैबाली भएकाले उनीहरू रातभर बारीमै जाग्राम बस्ने गरेका हुन्।



मकै जरैबाट उखेलेर नोक्सान बनाएको माण्डवी-४ धोवाघाटका किसान रोमबहादुर महराले बताए। उनले भने- 'गैराबारी, भेडाबारी, धोबाघाटलगायत गाउँका झन्डै १ हजारभन्दा बढी रोपनीमा लगाएको मकैबालीमा बँदेलले नोक्सान पुऱ्याएका छन्।' गाउँभरिकाले रातिमा बारीमा बसेर पहरा दिँदै आएको उनले सुनाए। मकैबारीभित्र रातीमा बँदेल पस्ने गरेकाले दिनरात पहरा दिनुपरेको उनले बताए। महरा भन्छन्- 'भर्खर घोघा हाल्न लागेको मकैबालीमा मन चुटुचुटु हुने गरी बँदेलले उपद्रो मच्चाउँछन्। विगत ५ वर्षदेखि गाउँमा बँदेल आतंक बढेको हो।'

'चारैतिरबाट घेरा हालेर या पासोमा पारेर मार्न सकिँदैन। जतिसक्यो ड्रम, थाल ठटाएर हल्ला गरेर धपाउनेबाहेक अरू विकल्प छैन', स्थानीय कृषक हेमन्त महराले भने- 'जति गरे पनि नियन्त्रण गर्न सकिएन।' '५/६ रोपनी जग्गामा मकै लगाएको थिएँ', महराले भने- 'बँदेलले स्वाहा पाऱ्यो। बारीमा लगाइएको आधा जति मकै बँदेलले नोक्सान गरिसकेका छन्। गत वर्ष पनि बँदेलले मकै सखाप पारेको थियो।' अहिले किसानलाई घरभित्र मकै भित्र्याउन नपाइने हो कि भन्ने चिन्ताले सताउन थालेको छ। दिनभरि जंगलमा बस्ने बँदेल रातको समयमा भने बथानसहित गाउँ पस्ने गरेको छ।

मकै मात्र नभई बँदेलले गहुँ र धानसमेत रहन नदिएको गाउँलेले बताए। 'आँखा झिमिक्क गर्न दिँदैनन्, बारीमा पसिहाल्छन्। कृषक सानु परियारले भने- 'त्यही भएर पनि बारीमा टहरा बनाउनुपरेको हो', उनले भने- 'पहाडका लागि मुख्य बाली भनेकै मकै हो। नजिकै ठूलो जंगल भएकाले पनि समस्या जटिल बन्दै गएको छ।' बँदेलले दुःख दिन थालेपछि गाउँभन्दा टाढाका खेतबारी बाँझै छोडेको स्थानीयले बताए। यो वर्ष गाउँमा मकै उत्पादन घट्ने अनुमानसमेत गरिएको छ। बाली जोगाउन बँदेल धपाउनको कार्यम उनीहरूले सहयोगको अपिल गरे।

## तीन महिलासहित ३९ जनाद्वारा रक्तदान

**नेपाल समाचारपत्र**

नेपालगन्ज

नेपालगन्जबाट प्रकाशित हुँदै आएको जनमत अर्धसाप्ताहिक पत्रिकाको आयोजनामा र आशीर्वाद पेन्ट्स प्रालि. नेपालगन्जको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। सो रक्तदान कार्यक्रममा ३ जना महिलासहित ३९ जनाले रक्तदान गरेका छन्। जनमत अर्धसाप्ताहिक पत्रिकाले हरेक तीन महिनामा रक्तदान कार्यक्रमको आयोजना गर्दै आइरहेको छ।



रक्तदाताहरूलाई आशीर्वाद पेन्ट्स प्रालिका सञ्चालक सुनिल आचार्य, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कृष्णप्रसाद श्रेष्ठ, उत्कृष्ट महिला रक्तदाता सरिता ज्ञवाली, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य झलक गैरे, नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष पद्मा बस्नेत, अन्तरालका कार्यकारी प्रमुख जयनारायण शाहलगायतले प्रशंसापत्र तथा टिसर्ट वितरण गर्नुभएको थियो।

रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित क्षेत्रीय रक्त सञ्चार सेवा केन्द्रका होमराज गिरी, सोमप्रकाश सापकोटा, गुन्जा कनौजिया, केशरबहादुर डाँगी, रवीन्द्रकुमार मिश्रले प्राविधिकमा सहयोग गर्नुभएको थियो।

**कम्पनी गाभिएको (मर्ज भएको) सूचना**

नेपाल बुलियन कम्पनी प्रा.लि.मा नेपाल रेमिटान्स प्रा.लि.र इन्स्टेन्ट ट्रेडिङ्ग कम्पनी प्रा.लि.एक आपसमा गाभिएर (मर्ज) बनेको नेपाल बुलियन कम्पनी प्रा.लि. कायम गर्न श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५।०४।११ मा निर्णय भै नेपाल बुलियन कम्पनी प्रा.लि. कायम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

रजिष्टर्ड कार्यालय
का.म.न.पा. - ३३, सानोगौचरण, ज्ञानेश्वर, काठमाण्डौं।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी, भक्तपुर, स्तर निर्धारण महाशाखाको**
**विराट हेल्थ कलेज विराटनगर मोरङको नामसारी, ठाउँसारी, स्थानीय हस्तान्तर तथा कार्यक्रम समायोजन सम्बन्धी ३५ दिने हकदावी सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५/०४/१८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर। फो.नं. ०१-६६३०४०८

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी, भक्तपुर, स्तर निर्धारण महाशाखाको**
**विराटनगर अस्पताल प्रा.ली. विराटनगर मोरङको नामसारी स्थानीय हस्तान्तर तथा कार्यक्रम समायोजन सम्बन्धी ३५ दिने हकदावी सम्बन्धी सूचना**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर। फो.नं. ०१-६६३०४०८

# विश्व

2018, AUG Sunday 5

**अन्तरीक्ष**

एक महिनाका लागि अन्तर्राष्ट्रिय अन्तरीक्ष केन्द्रको हिस्सा भएर अन्तरीक्षमा तैरिरहेको स्पेस एक्सको ड्रागन क्याप्सुल। पृथ्वीमा अवस्थति कम्पनीको मुख्यालय र चन्द्रमाको बीचबाट गइरहेको उक्त क्याप्सुलको उक्त तस्वीर स्पेस एक्सले जारी गरेको हो।



**ध्वस्त**

फिलिपिन्सको लुजोन टापुमा तस्करी गरिएका ५५ लाख डलर मूल्यबराबरका ६८ विलासी गाडी र मोटरसाइकल नष्ट गरिँदै। तस्करी तथा भ्रष्टाचार नियन्त्रणअन्तर्गतको उक्त कार्यक्रममा राष्ट्रपति रोड्रिगो डुटेर्टे आफैं उपस्थित भएका थिए।



**विश्व २ मिनेट**

**अमेरिका**

## गुगल चीन पस्ने

लस एन्जल्स, (एजेन्सी)

चीनमा गुगल सर्च इन्जिन चल्दैन। चीनमा प्रवेश गर्ने ठूलो प्रयास गरिरहेका गुगलले आफ्नो सर्च इन्जिनको नयाँ संस्करण विकास गरिरहेको छ। यो नयाँ सर्च इन्जिन चीनको सेन्सरसिप कानुनअनुरूप हुने बताइएको छ। उक्त कम्पनीबाट चुहावट भएका केही गोप्य दस्तावेजका आधारमा 'द इन्टरसेप्ट' नामक एक अनलाइनले उक्त समाचार दिएको हो। गुगलले ड्रागनफ्लाई नामको कोड प्रोजेक्टमा काम गरिरहेको र उक्त सर्च इन्जिनले मानवअधिकार र धर्मजस्ता शब्दावलीलाई ब्लक गर्न सक्ने इन्टरसेप्टले जनाएको छ। यदि यो हो भने यसबाट मानवअधिकारवादी रुष्ट हुने बताइएको छ।

**इजरायल**

## इरानलाई चेतावनी

तेल अभिव, (एजेन्सी)

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले बुधबार इरानलाई बाब अल मन्देब जलमार्ग अवरुद्ध गर्ने कार्य बन्द गर्न चेतावनी दिएका छन्। हनिफा सहरमा नौसैन्य अधिकारीको ग्र्याजुएसन समारोहमा गरेको सम्बोधनमा नेतान्याहुले यदि इरानले बाब अल मन्दब मार्ग अवरुद्ध गर्न खोजेमा इजरायलले अन्तर्राष्ट्रिय गठबन्धनको सहयोगबाट त्यसको तोड निकाल्ने बताएका थिए। उक्त गठबन्धनमा इजरायल र उसका सम्पूर्ण सेना संलग्न हुने उनले बताए। यसैबीच रक्षामन्त्री एबिग्डर लिबरम्यानले लाल सागरमा इजरायली जहाज नष्ट गर्ने धम्की इजरायलले सुनेको बताएका थिए।

**फ्रान्स**

## चन्द्रमामा छुद्रग्रह

पेरिस, (एजेन्सी)

पृथ्वीको एकमात्र उपग्रह चन्द्रमामा गत मध्य जुलाइमा २ छुद्रग्रह ठोक्किएको युरोपियन स्पेस एजेन्सी (ईएसए)ले जनाएको छ। उक्त ठोक्काइ स्पेनस्थित शक्तिशाली टेलिस्कोपमा देखिएको हो। २४ घन्टाभित्रै ती २ घटना भएको बताइएको छ। यसलाई अनलाइनमा हेर्न सक्ने जनाइको छ। ईएसले हालै मात्र जुलाइ १७ र १८ को उक्त २ छुद्रग्रह चन्द्रमाको सतहमा ठोक्किएको भिडियो फुटेज पोस्ट गरेको छ। मध्य ग्रीष्ममा अल्फा क्याप्रिकोर्निडस उल्कापातबाट उछिट्टिएका ती छुद्रग्रहको आकार ओखरजत्रो मात्र भएपछि त्यसको ठोक्काइमा निस्केको झिल्का पृथ्वीबाट पत्ता लगाउन सम्भव भएको अनुसन्धानकर्ताले बताए।

**पाकिस्तान**

## इमरानलाई चुनौती

इस्लामावाद, (एजेन्सी)

राजनीतिमा कुनै पनि स्थायी शत्रु र मित्र हुँदैन। यो कुरा अहिले पाकिस्तानमा लागू हुन गइरहेको छ। पाकिस्तानको हालै सम्पन्न आम चुनावमा सबैभन्दा ठूलो पार्टीका रूपमा उदय भएको पीटीआईका नेता इमरान खानको प्रधानमन्त्री बन्ने दाबीलाई २ प्रतिद्वन्द्वी मिलेर चुनौती दिने भएका छन्। पीएमएल-एन र पीपीपी पार्टीले प्रधानमन्त्री पदका लागि आफ्नो उम्मेदवार उठाउने भएको छ। इमरानको पार्टीले सबैभन्दा धेरै सिट जितेको भए पनि आवश्यक बहुमत हासिल गर्न सकेन। बहुमत पूरा गर्न पीटीआईले अन्य साना दल र स्वतन्त्र उम्मेदवारसँग गठबन्धन गर्नुपर्ने हुन्छ।

# लादेनकी आमाको पहिलो अन्तरवार्ता

## उनी तेजिलो र स्वच्छ बच्चा थिए : आलिया घानेम



लन्डन, (एजेन्सी)

विश्वकै सबैभन्दा चर्चित इस्लामिक कट्टरपन्थी ओसामा बिन लादेन कुनै बेला अत्यन्तै लजालु स्वभावका थिए। उनी अरू सामान्य बच्चाजस्तै आफ्नी आमालाई अत्यन्त माया गर्थे। पढाइमा पनि अत्यन्त राम्रा थिए। लादेनको बाल्यकालका विषयमा उनकै आमाले ती कुरा भनेकी हुन्। ओसामा मारिएको ७ वर्षपछि उनकी आमाले पहिलो पटक सञ्चार माध्यममा आफ्ना छोराका विषयमा बोलेकी हुन्।

द गार्जियनलाई दिएको अन्तरवार्तामा आलिया घानेमले ओसामा जन्मेको केही समयपछि नै उनका पितासँग उनले पारपाचुके गरी दोस्रो विवाह गरेकी थिइन्। अहिले उनको एक परिवार छ, तर ओसामाका बारेमा उनी भन्छिन्- 'उनको पहिलो सन्तान लादेन अत्यन्तै लजालु स्वभावका थिए र उसलाई अत्यन्तै माया गर्थे। बिन लादेनको परिवार साउदी अरेबियामा सबैभन्दा प्रभावशाली परिवारमध्येको एक हो। यो परिवारले निर्माण व्यवसायबाट सम्पत्ति जोडेको हो।' ओसामा बिन लादेनका पिता मोहम्मद बिन अवाद बिन लादेनले आलिया घानेमलाई ओसामा जन्मेको ३ वर्षपछि तलाक दिएका थिए। अवाद बिन लादेनका ५० भन्दा धेरै बच्चा छन्।

ओसामा २० वर्षको हुँदा अत्यन्तै बलियो, उत्साही र स्वच्छ थिए तर पछि परिवर्तन भए। जेद्दास्थित किङ अब्दुल्लाजिज युनिभर्सिटीमा पढाइका क्रममा नै ओसामा कट्टरपन्थी बनेका थिए। छोराका बाल्यकाल सम्झँदै घानेमले बताइन्- 'युनिभर्सिटीका विद्यार्थीहरूले उनलाई परिवर्तन गरे। उनी एक फरक व्यक्ति बने। त्यहाँ उनले अब्दुल्ला अजाम नामका एक व्यक्तिसँग भेटे, जो मुस्लिम ब्रदरहुदका सदस्य थिए। उनलाई साउदी अरेबियाबाट निर्वासित गरिएको थियो र पछि उनी नै ओसामाको धमगुरु बने।'


अन्तरवार्ताका क्रममा बिन लादेनका २ भाइ हसन र अहमद पनि सँगै थिए। घानेमले अगाडि बताइन्- 'ऊ अत्यन्तै राम्रो बच्चा थियो, जबसम्म उसले त्यस्ता व्यक्तिसँग संगत गरेको थिएन। उनीहरूले नै उसको ब्रेनवास गरे। उनीहरूले त्यस्तो गर्दा पैसा पाउँथे। मैले सधैं ओसामालाई त्यस्ता व्यक्तिबाट टाढा रहन भन्थें र उसले के गरिरहेको छ भन्ने कुरा कहिले पनि मलाई भनेन, किनभने ऊ मलाई धेरै माया गर्थ्यो।'

सन् १९८० को दशकको शुरुआती वर्षमा ओसामा रुसको हस्तक्षेपविरुद्ध लड्न उनी अफगानिस्तान पुगे। घानेमले भनिन्- 'शुरूका दिनमा ओसामासँग जसले पनि भेटे, उनीहरू उनलाई सम्मान नै गर्थे। शुरूमा हामीलाई ऊमाथि अत्यन्तै गर्व महसुस हुन्थ्यो।' यहाँसम्मकि साउदी सरकारले पनि ऊसँग अत्यन्त राम्रो सम्बन्ध राखेका थियो। फेरि सबै कुरा अगाडि आयो- 'ओसामा द मुहाजिद।' छोरा जिहादी बन्छ भन्ने लागेको थियो? भन्ने प्रश्नको जवाफमा घानेमले भनिन्- 'यो मेरो दिमागमा कहिल्यै आएन।'

यसको जानकारी कसरी पाएपछि उनलाई कस्तो लाग्यो भन्ने प्रश्नको जवाफमा उनले भनिन्- 'हामी अत्यन्तै दुखी थियौं। यो अरू कसैलाई होस् भन्ने मैले चाहेकी पनि थिइनँ। उसले सबै कुरा त्यत्तिकै किन बर्बाद गर्‍यो ?'

अन्तिम पटक ओसामालाई सन् १९९९ मा अफगानिस्तानमा देखेको घानेमले बताइन्। त्यो वर्ष उनी २ पटक ओसामासँग भेट्न गएकी थिइन्। त्यतिबेला ओसामा कान्धारबाहिर १ भवनमा बस्थे। सेप्टेम्बर ११ को घटना घटेको अब १७ वर्ष भइसकेको छ तर पनि घानेमले अहिलेसम्म पनि त्यसका लागि आफ्नो छोरा होइन, ऊसँग बस्नेहरूलाई दोषी मानिरहेको ओसामाका सौतेला भाइ बताउँछन्। उनले भने- 'हमला भएको ४८ घन्टाभित्रै हामीले थाहा पाएका थियौंकि ओसामा नै यसको जिम्मेवार हो। हामी सबैका लागि त्यो लज्जास्पद थियो। हामीलाई थाहा थियो कि हामी सबैले यसको परिणाम भोग्नुपर्नेछ।'

# सूर्यलाई नजिकबाट जाँच गर्ने यान प्रक्षेपणको तयारी पूरा



नासा, (एजेन्सी)

अमेरिकी अन्तरीक्ष एजेन्सी नासाले सूर्यको नजिक यान पठाउने आफ्नो पहिलो अभियानका लागि तयारी पूरा गरेको छ। यो एक गाडी आकारको अन्तरीक्षयानलाई सूर्यको सतहबाट ४० लाख माइल दूरीसम्म पुऱ्याइनेछ।

सूर्यबाट ३ लाख ८३ हजार माइल दूरीमा २ हजार ५ सय फरेनहाइट तापक्रमको रापबाट बचाउन पार्कर सोलार प्रोबलाई ४ दशमलव ५ इन्चको बाक्लो कार्बनले सिल्ड गरेको छ। यसअघि कुनै पनि अन्तरीक्ष यानले यति ताप र प्रकाशको सामना गरका छैनन्। पार्कर सोलार प्रोबले अर्को महिना चाँडोमा अगस्ट ११ सम्ममा युनाइटेड लन्च एलाइन्स डेल्टा ४ हेभी रकेटबाट सूर्यतर्फ उडान भर्नेछ। यसअघि अगस्ट ६ मा प्रक्षेपण गर्ने योजना थियो। रकेटमा सामान बोक्ने अग्रभागको चुच्चोभित्रको फोममा खराबी देखिएपछि ढिलाइ गर्नुपरेको बताइएको छ।

यो अन्तरीक्ष यानले मानवद्वारा अहिलेसम्म निर्मित कुनै पनि वस्तुको तुलनामा सूर्यको सबैभन्दा नजिक बसेर अध्ययन गर्नेछ। अमेरिकामा नासाका गोडार्ड स्पेस फ्लाइट सेन्टरका हेलियोफिजिक्स साइन्स विभागका सहयोगी निर्देशक एलेक्स यंगले भने- 'हामी कैयौं दशकदेखि सूर्यको अध्ययन गरिरहेका छौं र अब अन्त्यमा हामीलाई थाहा हुनेछ, कति हदसम्म हामी सफल भयौं। हामी आँखाले जुन सूर्यलाई देखेका छौं, यो हामीले देखेकोभन्दा धेरै जटिल छ। मान्छेको आँखाले कहिल्यै नबदल्ने एक गोलाका रूपमा देखिने भए पनि सूर्य एक गतिशील तथा चुम्बकीयरूपमा सक्रिय तारा हो।' पार्कर सोलार प्रोबमा कैयौं अत्याधुनिक उपकरण जडान गरिएका छन्। यसले सूर्यभित्र र त्यसको वरपरका स्थितिको प्रत्यक्षरूपमा अध्ययन गर्नेछ। ती उपकरणले उपलब्ध गराउने आँकडाबाट वैज्ञानिकलाई उक्त ताराका बारेमा ३ वटा आधारभूत प्रश्नको जवाफ दिनमा मद्दत मिल्नेछ।

पार्कर सोलार प्रोब विगतका कुनै पनि अभियानको तुलनामा ७ गुणा सूर्यनजिकपुग्ने छ। यसले सौर्य कोरोना अर्थात् सूर्यको बाहिरी वायुमण्डललाई लिएर अनुत्तरित रहेका प्रश्नको जवाफ दिनेछ। सौर्य कोरोना सूर्यको सतहको तुलनामा सयौं गुणा तातो हुने गर्छ र वैज्ञानिक अझै पनि यसको कारण पत्ता लगाउन प्रयासरत छन्। त्यसैगरी यो अन्वेषक यानले सूर्यबाट उत्सर्जित हुने 'सोलार विन्ड' र 'स्पेस वेडर'का विषयमा जानकारी उपलब्ध गराउनेमा वैज्ञानिकहरू आशावादी रहेका छन्।

# हेलिकोप्टर दुर्घटना

मस्को, (एजेन्सी)



रुसको सुदूरपूर्वी साइबेरयाको क्रासनायरास्कमा शनिबार एक एमआई ८ हेलिकोप्टर दुर्घटनामा त्यसमा सवार सबै १८ जनाको मृत्यु भएको छ। हेलिकोप्टरमा १५ यात्री र ३ चालक दलका सदस्य रहको रुसी समाचार एजेन्सी तासले जनाएको छ।

हेलिकोप्टर इगारका नामको स्थानबाट उडान भरेको एक प्रहरी अधिकारीले जानकारी दिए। हेलिकोप्टर टेकअफ भएको केही समयपछि विमानस्थलबाट करिब २ किलोमिटरको दूरीमा दुर्घटनागस्त भएको हो। हेलिकोप्टर साइबेरियाको स्थानीय समयअनुसार बिहान १० बजेर २० मिनेट जाँदा दुर्घटनागस्त भएको क्रासनायरास्कका विपत्ति व्यवस्थापन सेवासँग आबद्ध अधिकारीले जानकारी दिए।

उक्त हेलिकोप्टर अर्को हेलिकोप्टरमा झुन्ड्याइएको सामानमा ठोक्किन पुग्दा दुर्घटनामा परेको उनीहरूले बताए। दुर्घटनास्थलमा उद्धार तथा राहतकर्मी पुगिसकेको बताइएको छ।

# अर्जेन्टिनामा चिनियाँ विशाल एन्टेना

## ल्याटिन अमेरिकामा चीनको प्रभाव विस्तार

क्विन्टुको, (एजेन्सी)

अर्जेन्टिनाको रेगिस्तानमा भीमकाय एन्टेना र चम्किरहेको टावर, खुला आकाशमा ४ सय ५० टन तौलको यो यन्त्रले विदेशी भूमिमा चीनको कथा बुनिरहेको छ। हो यो चीनको फौजद्वारा निर्माण गरेको अन्तरीक्ष अभियानको नियन्त्रण केन्द्र हो। दक्षिण अमेरिकामा बनेको यो केन्द्र चिनियाँ भूउपग्रहको प्रमुख केन्द्र पनि हो। बेइजिङले देशबाहिर ल्याटिन अमेरिकामा प्रभाव बढाइरहेको प्रतीकका रूपमा रहेको यो स्टेसनले त्यस क्षेत्रमा अमेरिकाको राजनीतिक, आर्थिक तथा सामरिक शक्तिलाई सीधा चुनौती दिइरहेको छ।

उक्त स्टेसनले मार्चमा काम थालेको थियो र चीनको अन्तरीक्ष अभियानमा महत्त्वपुर्ण भूमिका निभाइरहेको छ। अर्जेन्टिनाका अधिकारीले उक्त अभियानमा सहयोग गर्नका लागि उनीहरू उत्सुक रहेको बताएका छन्। यद्यपि यो स्टेसन निर्माणका लागि अत्यन्तै गोप्य तरिकाले सम्झौता भएको थियो। न्युयोर्क टाइम्सले यस विषयमा विस्तृत जानकारी दिइएको छ। यो सम्झौता त्यतिबेला भएको थियो, जुन बेला अर्जेन्टिनालाई लगानीको अत्यन्तै खाँचो थियो। यो संरचनालाई लिएर गुप्तचर जानकारी संकलन गर्ने चीनको क्षमता क्षेत्र विस्तार हुन सक्ने अनुमान गरिएको छ। अर्जेन्टिनामा पनि चीनको यस प्रकारको उपस्थितिले कस्तो खालको खतरा उत्पन्न गराउन सक्छ भन्ने बहसको विषय बनेको छ।



अमेरिकाको यूएस आर्मी वार कलेजमा ल्याटिन अमेरिकन स्टडिजका प्रोफेसर आर इभेन एलिसले भने- 'चीनको अर्थव्यवस्था, राजनीति र सुरक्षा तन्त्रले आफ्ना नेता र व्यवसायीको एजेन्डामा गएर क्षेत्रको स्वरूप नै परिवर्तन गरिदिएको छ। विगतको दशकमा अमेरिकाले आफ्नो योपछाडिको भूमिमा कम ध्यान दियो। अमेरिकाले यसको सट्टा एसियामा धेरै ध्यान केन्द्रित गर्‍यो। विशेषगरी ओबामा प्रशासनले चीनको तुलनामा आफ्नो रणनीतिभित्र एसियाली देशसँग आर्थिक, शैन्य र कूटनीतिक सम्बन्ध बलियो बनायो। त्यसपछि सत्ता सम्हालेका ट्रम्प प्रशासनले प्रशान्त देशसँग मुक्त व्यापार सम्झौताबाट दूरी बनायो र विश्व व्यापार युद्ध शुरू गर्‍यो। ट्रम्प सरकारको भनाइमा एसिया र विश्वका अन्य क्षेत्रमा सहयोगीको सुरक्षाको चक्करमा अमेरिकाले बोझ बढाएको छ।

चीनले त्यसको फाइदा लिँदै ल्याटिन अमेरिकासम्म पुग्न सफल भयो। उसले आफ्नो व्यापार व्यापक विस्तार गरेको छ, कैयौं सरकारलाई उकासेको छ, ठूला संरचनागत परियोजना शुरू गरेको छ, सैन्य सम्बन्ध बलियो पारेको छ र ठूलो परिमाणमा संसाधनमाथि दाबी पनि गरेको छ।

ल्याटिन अमेरिकाको केही हिस्सामा हालैका समयमा राजनीतिक परिवर्तन पनि देखिएका छन्। त्यहाँका नेता चीनको माग पूरा गर्नका लागि आफ्ना नीतिमा परिवर्तन गरिरहेका छन्। अहिले बेइजिङको यस क्षेत्रका धेरैजसो हिस्सामा प्रभाव छ। चीन र ल्याटिन अमेरिकी देशका बीच कारोबार विगत वर्षमा २ सय ४४ अर्ब डलरसम्म पुग्यो। यो गत दशकको तुलनामा २ गुणाभन्दा धेरै हो।

अमेरिकालाई पछाडि पार्दै चीन सन् २०१५ देखि दक्षिण अमेरिकाको सबैभन्दा ठूलो व्यापारिक साझेदार बनिसकेको छ। अर्को महत्त्वपूर्ण कुरा भनेको चीनले यहाँको पूरै क्षेत्रमा अर्बौं डलर लगानी गरिसकेको छ। त्यसको बदलामा यस क्षेत्रको ठूलो हिस्सामा रहेको तेलमाथि वर्षौंका लागि उसको दाबी कायम भएको छ। यसमा इक्वेडरको करिब ९० प्रतिशत भन्डार पनि पर्छ। चीनले भेनेजुयला र ब्राजिलजस्ता देशको संकटग्रस्त सरकारी कम्पनीलाई उकास्न पर्याप्त मद्दत गरेको छ। अर्जेन्टिनाका लागि पनि इन्टरनेसनले क्रेडिट मार्केटको ढोका बन्द भएपछि चीनले आफ्नो ढोका खोलेको हो। सहयोगका लागि हात बढाउने क्रममा चीनले ऊसँग गोप्य सम्झौता गरेको छ। जसमा पेन्टागोनियामा निर्माण भएको स्याटलाइट र स्पेस कन्ट्रोल स्टेसन पनि सहभागी छ।

उहाँले राजनीतिमा प्रतिस्पर्धा विकासमा एकता देखाउनुपर्छ भन्दै हरेक कामका लागि जनप्रतिनिधिले नेतृत्व गर्ने र जनसहभागिता भएमा काम पनि राम्रो र पारदर्शी हुन्छ भन्दै जनताले जनप्रतिधिलाई खबरदारी गरिरहनुपर्छ भन्नुभयो।

# स्थानीयबासीले आफैं कालोपत्रे गरे सडक

**नेपाल समाचारपत्र**

काठमाडौं



०५२ सालमा आफ्नो गाउँ आफैं बनाऊँ भन्ने सरकारको घोषणा जसरी देशव्यापी रूपमा सार्थक र प्रभावकारी भएको थियो त्यस्तै उदाहरणीय नमुनायोग्य विकासको थालनी काठमाडौंको टोखानगरपालिका ६ मा भएको छ।

शिवमन्दिर परिसरदेखि संचार चोक हुँदै नमोबुद्ध स्कुलसम्म सरकार र नगरपालिकाको थोरै सहयोग तर अत्यधिक जनसहभागितामा सडकको उदाहरणीय खालको कालोपत्रे सम्पन्न भएको छ। टोखा नगरपालिकाको वडा ५ मा पनि जनसहभागितामा महत्त्वपूर्ण कार्य भइरहेको छ।

सोही वडाको मनकामना मन्दिरनजिक गतवर्ष गरिएको कालोपत्रे एक महिनामै भत्किएको यसपटक टाल्दा पनि पुन भत्किएको एवं मनकामना मन्दिर तलतिरबाट ग्रान्डितिर जाने बाटोमा गरिएको कालोपत्रे पनि एक महिनामै उप्किएका कारण शिवमन्दिर परिसरका नागरिकहरूले आफैं सहभागी भएर नमुनायोग्य सडक बनाएका छन्। पूर्वसैनिक सेवा समाज नेपालको सयोजन एवं शिवमन्दिर परिसर टोल सुधार समितिको सहभागितामा निर्माण सम्पन्न भएको अवसरमा आयोजित कार्यक्रममा उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले जनसहभागितामा जुन खालको स्तरीय सडक निर्माण भएको छ त्यसले सबैका लागि सकारात्मक सन्देश दिएको बताउनुभयो।

पारदर्शी ढंगले जनसहभागितामा भएको विकास निर्माण अन्य विकासप्रेमीलाई उदाहरणीय र नमुना हुने उल्लेख गर्दै उपप्रधानमन्त्री पोखरेलले जनता आफैं मिलेर गरेमा निकै राम्रो काम हुनेरहेछ भन्ने कुरा देखिएको उल्लेख गर्नुभएको छ।

उहाँले राजनीतिमा प्रतिस्पर्धा विकासमा एकता देखाउनुपर्छ भन्दै हरेक कामका लागि जनप्रतिनिधिले नेतृत्व गर्ने र जनसहभागिता भएमा काम पनि राम्रो र पारदर्शी हुन्छ भन्दै जनताले जनप्रतिधिलाई खबरदारी गरिरहनुपर्छ भन्नुभयो। पूर्वसैनिक सेवा समाजका अध्यक्ष मेघराज टण्डनको अध्यक्षतामा भएको कार्यक्रममा टोखा नगरपालिकाका मेयर प्रकाश अधिकारीले टोखा नगरपालिकाले २० वटा कानुन आफ्नै लागि बनाइसकेकाले अब नगरपालिका विकासमा केन्द्रित हुने जानकारी दिनुभयो।

टोखा नगरपालिका ६ का वडाध्यक्ष महेश्वर केसीले आगामी वर्षसम्म आफ्नो वडाका सडकमा कच्ची माटो नदेखिने बताउनुभयो। टोखा नगरपालिका वडा ५ का वडाध्यक्ष जगनाथ ढकाल, धापासी बुद्धिजिवी समाजका अध्यक्ष एवं वरिष्ठ पत्रकार टंक पन्त, बाटो निर्माण समितिका अध्यक्ष प्रकाश बानियाँ, शिवमन्दिर टोलसुधार समितिका अध्यक्ष ध्रुवबन्धु अर्याललगायतले यस्तो कार्य देशकै लागि नमुना भएको बताउनुभयो।

सोही अवसरमा सडकको सम्पूर्ण बिवरण शिवमन्दिर परिसर टोल सुधार समितिलाई हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा स्थानीय बुद्धिजिवी, स्थानीय नागरिकले आगामी महिनादेखि आफ्नो टोलको आफैं सफा गर्ने र आफ्नो गाउँको विकास आफैं गर्ने योजनाका साथ लाग्ने प्रतिवद्धता व्यक्त गरेका छन्। सो अभियानलाई उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले र मेयर अधिकारीले आवश्यक सहयोग गर्ने बताउनुभएको छ।

# हजको कोटा बाह्र सयमै सीमित

**नेपाल समाचारपत्र**

काठमाडौं

साउदीको मक्कामदिनामा हज गर्न जाने नेपालीको संख्यामा यसपालि पनि वृद्धि गरिएन। सधैंको जस्तै १२ सयको कोटा निर्धारण गरिएको छ।

गृह मन्त्रालयअन्तर्गत रहेको हज समितिले नै उनीहरूलाई पठाउने गर्छ। नेपाल जामे मस्जिदका सचिव मन्सुर हुसेनले साउदीले छुट्याइदिएको कोटा थोरै भएकाले थप गर्न आग्रह गर्नुभएको छ। 'पुरानै संख्या निर्धारण गरिएको छ, नेपालका लागि यो अत्यन्तै थोरै हो', उहाँले भन्नुभयो- 'हज गर्न जानेको रुची बढिरहेकाले पनि संख्या थपिदिन भनेका हौं, मुस्लिमको जनसंख्या ४ दशमलव ७ प्रतिशत भएकाले सीमित कोटाले भ्याउँदैन।' मुस्लिम समुदायबाहेक अरूले हज गर्न जान पाउँदैनन्। मंगलबारसम्म हज गर्न साउदीतर्फ जानेछन्। प्रतिव्यक्ति २ लाख २५ हजार रुपियाँ लाग्नेछ। यात्रुले यो पैसा बुझाएपछि अन्य प्रक्रिया भने हज समितिले नै गर्ने प्रचलन छ।

मस्जिदका अध्यक्ष मोहम्मद सामिमले झण्डै २ हजारभन्दा बढीले वर्षेनी फारम भरेको हुँदा धेरैले हज गर्ने अवसर नपाएको गुनासो गर्नुभयो। 'सबैलाई जान मन लाग्छ तर कोही पनि मनखुसी आफैं जान पाउँदैन यही समस्या हो', सामिमले भन्नुभयो- 'हज गरेपछि एउटा लक्ष्य प्राप्ति हुने भएकाले यसलाई निकै महत्वका साथ हेरिन्छ।' जिल्ला प्रशासन कार्यालयमा भरेका फारम गृहमन्त्रालय आइसकेपछि हज समितिले कसलाई पठाउने भन्ने निर्णय गर्नेछ। गृहमन्त्रालयले हज समिति अध्यक्षलाई सुविधासहित जिम्मेवारी दिएको छ।

झन्डै ४५ दिन लामो बसाइमा हजयात्रीले १ महिनासम्म विभिन्न अध्ययन गर्नुका साथै अन्य प्रक्रियाहरू पूरा गर्ने गर्छन्। अन्तिम ५ दिनमा पैदल यात्रा गरेर हज गर्न जानुपर्ने भएकाले वृद्धवृद्धाका लागि भने कष्टकर रहेको मस्जिदका सचिव हुसेनले जनाउनुभयो। 'बालिग भएपछि मात्र जान मिल्छ, स्वास्थ्यमा समस्या भएको व्यक्ति जान सम्भव छैन,' उहाँले भन्नुभयो- 'विश्वभरका मानिसहरूले एकैपटक हज गर्ने भएकाले त्यो बेला भिडभाड हुने गर्छ अलिकति असहज भयो भने भिडमा च्यापिने र हराउने खतरा हुन्छ।'

# वाग्मती अभियानमा खानेपानी मन्त्री

काठमाडौं, (नेस)

मुहानदेखि नै वाग्मती सफा राखौं भन्ने आग्रहसहित प्रारम्भ भएको वाग्मती सफाई अभियानको २३४ हप्ता तथा महाअभियानको २७३ हप्ताको सफाइ अभियान साउन १९ गते सम्पन्न भएको छ।

वाग्मती सुन्दरता सरोकार मञ्चको संयोजन तथा काठमाडौं महानगरपालिका वडा नं. ८ को आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा निरन्तर रूपमा वाग्मती सफाइ अभियानमा संलग्न रहँदै आएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, पुडासैनी मैत्री समाज, तिलगंगा महिला समूह, माकलबारी टोल सुधार समाज तथा राम्रो जोरपाटी हाम्रो जोरपाटीलाई कामनपा वडा नं. ८ को तर्फबाट सम्मान गरिएको थियो।

कार्यक्रमको शुभारम्भमा आफ्नो मन्तव्य राख्नुहुँदै खानेपानी तथा सरसफाइ मन्त्री बिना मगरले वाग्मती सफाइ अभियानको प्रभाव र दायरा निकै फराकिलो हुँदै गइरहेको आफूले पाएको बताउनुहुँदै नेपाल सफाइ अभियानको थालनी वाग्मतीबाट प्रारम्भ भएको बताउनुभयो। सो असरमा प्रदेशसभा सांसद नरोत्तम वैद्य, कामनपा वडा नं. ८ का वडा अध्यक्ष दिनेशकुमार डंगोलसमेतले वाग्मती अभियानमा स्थानीय सहभागिता अपरिहार्य रहेको र आफूहरू यसको नेतृत्वका लागि तयार रहेको बताउनुभएको थियो।

कामनपा वडा नं. ८ स्थित राममन्दिर क्षेत्रबाट शुरु भएको वाग्मती अभियानले उक्त क्षेत्रमा मौलाइरहेको झाडी फाँड्दै वाग्मती र किनारमा रहेको फोहोरहरूको व्यवस्थापनसमेत गरेको थियो। सफाइ अभियानमा आंशिक रूपमा कुहिने फोहोरहरूलाई नदी किनारमा खाडल खनेर गाडने कार्यसमेत गरिएको थियो।

# शैक्षिक सामग्री वितरण

भक्तपुर, (नेस)

श्यामबहादुर कार्की स्मृति प्रतिष्ठान् बालकोटले सामुदायिक विद्यालयका १२८ विद्यार्थीलाई पोशाक, झोला एवं स्टेसनरी सामान वितरण गरेको छ। प्रजातान्त्रिक योद्धा, समाजसेवी एवं नेपाली कांग्रेसका पूर्वनेता स्व. श्यामबहादुर कार्कीको एघारौं स्मृति दिवसमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद गगन थापाले विद्यार्थीहरूलाई पोशाक एवं स्टेसनरी सामान हस्तान्तरण गर्नुभएको हो।

सो अवसरमा महेन्द्र शान्ति माविलाई २ थान कम्प्युटर, गणेश आधारभूत विद्यालयका ६४ जना, बालकोट आधारभूत विद्यालयका १३ जना र बालविनायक आधारभूत विद्यालयका ५१ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिएको प्रतिष्ठान्का अध्यक्ष विष्णुराज कार्कीले जानकारी दिनुभयो। कार्यक्रममा पूर्वमन्त्रीसमेत रहनुभएका नेता थापाले कार्कीले सामाजिक, शैक्षिक र राजनीतिक क्षेत्रमा पुर्‍याएको योगदानको चर्चा गर्नुभयो।

सूर्यविनायक नगरपालिका ३ मा श्यामबहादुर कार्की स्मृति प्रतिष्ठान्ले आयोजना गरेको कार्यक्रममा नेपाली कांग्रेसका भक्तपुर जिल्ला सभापति दुर्लभ थापा, प्रदिप कार्कीलगायतले स्व. कार्कीले समाजका विविध क्षेत्रमा पुर्‍याएको योगदानको बारेमा चर्चा गर्नुभयो। कार्यक्रममा प्रदेश सांसद रजनी जोन्छे, प्रजातान्त्रिक सेनानी रामबहादुर ठकुरी, कांग्रेस नेता रामप्रसाद दवाडी ,मध्यपुरथिमि नगरपालिकाका उपप्रमुख अन्जनादेवी मधिकर्मी, नेपाल सरकारका पूर्वसचिव शान्तबहादुर श्रेष्ठ, नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीलगायतको सहभागिता रहेको थियो।

# ज्वेलरीको सहयोगमा पत्रकारलाई तालिम

**नेपाल समाचारपत्र**

ललितपुर



नेवा: पत्रकार राष्ट्रिय दबूद्वारा गोल्डेन डायमन्ड ज्वेलरीको सहयोगमा यही शुक्रबार र शनिबार पत्रकारिता तालिम आयोजना गरियो। व्यावसायिक उत्तरदायित्वको सिद्धान्तअनुरूप पत्रकारिता तालिमका लागि सहयोग गर्ने ज्वेलेरीसँगको सम्झौताअनुरूप सो तालिम आयोजना गरिएको थियो।

ललितपुर उद्योग वाणिज्य संघ, ललितपुर सुनचाँदी व्यवसायी संघका पदाधिकारीहरूको उपस्थितिमा शनिबार भएको तालिमको समापनमा उद्यमी व्यवसायीहरूले सो कार्यलाई सामाजिक उत्तदायित्वको सिद्धान्तको नौलो प्रयोगका रूपमा अर्थ्याए।

तालिमका सहभागीहरूलाई ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले प्रमाणपत्र प्रदान गर्नुभयो। सो अवसरमा प्रमुख महर्जनले स्थानीय तहलाई जवाफदेही पत्रकारिताको दक्षता अभिवृद्धि गर्न स्थानीय तह, निजी क्षेत्र र सञ्चारकर्मीहरू सहकार्य गरेर अघि बढ्नुपर्ने खाँचो औंल्याउनुभयो।

समारोहमा प्रमुख जिल्ला अधिकारी प्रेमराज जोशीले एउटा व्यावसायिक संस्थाले पत्रकारिता तालिमको सहयोग गर्नु व्यावसायिक सामाजिक उत्तदायित्वको सिद्धान्तमा नयाँ अभ्यास रहेको धारणा राख्दै सो कार्य सबैका लागि अनुकरणीय रहेको धारणा राख्नुभयो।

समारोहमा ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णलाल महर्जनले मुलुकको समावेशी विकास र समृद्धिका लागि पत्रकारिताको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै व्यावसायिक संस्थाले पत्रकारिता विकासका लागि सहयोग गरेको कार्य व्यावसायिक समाजिक उत्तदायित्वको सिद्धान्तमा नयाँ अभ्यास रहेको धारणा राख्नुभयो। सो कार्यलाई समग्र निजी क्षेत्रले प्रेरणा लिने पनि संघको अध्यक्ष महर्जनको विश्वास छ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका उपाध्यक्षसमेत रहनुभएका गोल्डेन डायमन्ड ज्वेलरीका अध्यक्ष ज्ञानुराज शाक्यले सही र तथ्यपरक सूचना प्रवाह गरेर समाजलाई विकास गर्ने क्षमता पत्रकारिता पेशामा रहेकोले दक्ष पत्रकार उत्पादन गर्न र समावेशी पत्रकारितालाई टेवा पुर्‍याउन सकियोस् भनेर तालिमका लागि सहयोग गरेको बताउनुभयो।

दबूका अध्यक्ष श्रीकृष्ण महर्जनको सभापतित्वमा भएको सो कार्यक्रममा उपाध्यक्ष सुरजवीर वज्राचार्य, महासचिव सुनील महर्जनलगायतले नेपाली पत्रकारितालाई समावेशी बनाउन समाजका सबै पक्षको भूमिका रहेको बताउनुभयो। तालिमको पहिलो दिन वरिष्ठ पत्रकार धर्मेन्द्र झा, नेपाल टेलिभिजनका गजुरधन राई, इमेज न्युज एफएमका सुरजवीर वज्राचार्यले प्रशिक्षण दिनुभएको थियो। शनिबार पत्रकारद्वय केपी ढुंगाना र युवराज गौतमले प्रशिक्षण दिनुभयो। पत्रकार दबूका उपाध्यक्ष सुरजवीर वज्राचार्यको संयोजकत्वमा भएको सो तालिममा ४० जनाको सहभागिता रहेको छ।

## ७ दिन...

तर प्रतिनिधिसभामा भने एक र अर्को बैठक सञ्चालनबीचको अवधि नतोकिएको राष्ट्रिय जनता पार्टी (राजपा)का सांसद लक्ष्मणलाल कर्णले बताउनुभयो। प्रतिनिधिसभा नियमावली, २०७५ को पनि परिच्छेद २ मा नै प्रतिनिधिसभाको अधिवेशन तथा बैठक सञ्चालनसम्बन्धी व्यवस्था छ।

प्रतिनिधिसभाको बैठक सञ्चालन र अन्त्य सभामुखले नै र राष्ट्रियसभाको बैठक सञ्चालन र अन्त्य अध्यक्षले नै गर्नुपर्ने व्यवस्था छ। सभामुख र अध्यक्षको अनुपस्थितिमा अन्य सदस्यले बैठक सञ्चालन रहँदा अध्यक्षता गर्न सक्ने व्यवस्था छ। दुवै सदनले सभामुख र अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने सदस्यको नाम चयन गरेका छन्।

प्रतिनिधिसभा नियमावलीमा ३० परिच्छेद र ६ अनुसूची, राष्ट्रियसभामा २३७ नियम रहेका छन्। फागुन २२ गते बसेको दुवै सदनका अलगअलग बैठकले प्रतिनिधिसभामा १३ सदस्यीय र राष्ट्रियसभामा ९ सदस्यीय नियमावली मस्यौदा समिति गठन गरिएको थियो।

दुवै बैठकमा मन्त्री अनिवार्य उपस्थित हुनुपर्नेछ, मन्त्री नभए बैठक चल्ने गरेका छैनन्। कुनै मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल हुँदा सम्बन्धित मन्त्री अनिवार्य उपस्थित हुनुपर्नेछ। मन्त्री उपस्थित नभए विपक्षीले संसद् अवरोध गर्ने गरेका छन्। प्रतिनिधिसभामा २ सय ७४ र राष्ट्रियसभामा ५९ सदस्य छन्। कैलाली-१ बाट निर्वाचित राजपा सांसद रेशमलाल चौधरीको शपथ भएको छैन। बैठक बोलाइएको समयभन्दा २ घण्टा ढिलो भए प्रतिनिधिसभामा त्यो बैठक स्थगन भएको सूचना टाँसी अर्को बैठक बोलाउनुपर्छ भने राष्ट्रिय सभामा १ घण्टाभन्दा ढिलो भए यो प्रक्रिया अपनाउनुपर्छ।

पहिलो संविधानसभामा बिहान बोलाइएको बैठक दिनभरि नबसी कतिपय अवस्थामा राति मात्र चल्ने गरेको थियो। कैलाली-१ बाट निर्वाचित राजपा सांसद रेशमलाल चौधरीको शपथ भएको छैन।

## पीडितले...

वैदेशिक रोजगारीले परिवार सँगसँगै बस्न नपाएकाले सम्बन्धविच्छेद वा बहुविवाहको क्रम बढेको महिला तथा बालबालिका कार्यालय दैलेखका निमित्त महिला विकास अधिकृत माधुरी न्यौपानेको विश्लेषण छ। यो बालविवाहकै उपज भएको उहाँको दाबी छ।

महिलाहरू आत्मनिर्भर हुन नसक्नुले केही पुरुषले बहुविवाह गर्ने गरेको न्यायिक समितिमा सूचना आउने गरेका र त्यस्ता मुद्दा कानुनी प्रक्रियामा लैजान प्रहरीमार्फत अदालत पठाउने गरेको गुराँस गाउँपालिकाका उपाध्यक्ष दीपा बीसी बताउनुहुन्छ। सामाजिक सञ्जालको दुरूपयोगले यो विकृति फैलिएको उहाँको भनाइ छ।

मदिराले घरेलु हिंसा बढाएको र यसैको कारण सम्बन्धविच्छेद र बहुविवाह बढाएको भैरवी गाउँपालिकाका उपाध्यक्ष पदमकुमारी विष्टको बुझाइ छ। यी समस्याको उचित समाधानबारे उहाँ भन्नुहुन्छ- 'कानुन कार्यान्वयन प्रभावकारी बनाइनुपर्छ।' अहिलेसम्म चलिरहेको मुलुकी ऐन २०२० को विवाहवारी महल १० नम्वरले बहुविवाह गर्नेलाई एक वर्षदेखि तीन वर्षसम्म कैद वा पाँच हजारदेखि २५ हजार रूपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था छ।

२०७५ भदौ १ गतेदेखि लागू हुने 'मुलुकी अपराध सहिंता ऐन २०७४' को दफा १७५ मा बहुविवाह गर्ने कसूरदारलाई गरिने सजाय बढाएर एक वर्षदेखि पाँच वर्षसम्म कैद वा १० हजारदेखि ५० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने कानुनी प्रावधान राखिएको छ।

## विमस्टेक...

विमस्टेकमा नेपालसहित बंगलादेश, भुटान, भारत, म्यानमार, श्रीलंका र थाइल्यान्ड सदस्य छन्। दुई वर्षअघि सन् २०१६ भित्रै नेपालमा हुनुपर्ने चौथो सम्मेलन भूकम्प, नाकाबन्दी र मुलुकको अन्य राजनीतिक कारण देखाउँदै धकेलिँदै आएको थियो।

यसैबीच सम्मेलनमा सहभागी हुने राष्ट्राध्यक्ष, सरकार प्रमुख र अन्य पाहुनाका लागि आवश्यक पर्ने सवारी जुटाउन सरकारले गृहकार्य अघि बढाएको छ। नयाँ गाडी किन्नेभन्दा पनि विभिन्न मन्त्रालय र निकाय मातहतका सुविधा सम्पन्न गाडी जुटाउन गृह मन्त्रालयले विभिन्न मन्त्रालय र निकायलाई पत्राचार गरेको छ। सम्मेलनलाई लक्षित गर्दै गृहमन्त्रीको संयोजकत्वमा गठित सुरक्षा परिवहन तथा यातायात समितिले गाडी जुटाउने गृहकार्य अघि बढाएको हो।

विगतमा राजपरिवारले प्रयोग गरेका गाडी, ४ वर्षअघि काठमाडौंमा आयोजना भएको १८औं सार्क सम्मेलनमा प्रयोग भएका र अन्य निकायका सुविधा सम्पन्न सवारी जुटाउन समितिले कसरत गरेको हो। १८औं सार्क सम्मेलनताका कतारले नेपाललाई ९ वटा मर्सिडिज गाडी सहयोगस्वरूप उपलब्ध गराएको थियो। गृह मातहतको समितिले नेपाली सेना, सशस्त्र र नेपाल प्रहरी मातहतका गाडीबारे चासो राख्दै पत्राचार गरेको बताइएको छ।

गृहको चासो लिएपछि नेपाल प्रहरीले ४, सशस्त्रले २ र गाडीको संख्या नखुलाएको सेनाले आवश्यकताअनुसार उपलब्ध गराउन सकिने भन्दै जनाउँदै जवाफ दिएका छन्।

# छन्द कविताको नयाँ अभियान घोषणा

**नेपाल समाचारपत्र**

काठमाडौं

कविता विधाको छन्द सिर्जनाको स्तरोन्नति, संरक्षणका साथै नयाँ प्रतिभाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले छन्द कविताको मानकीकरणका लागि नयाँ अभियानको घोषणा भएको छ।

लेखन कुञ्ज (घोस्ट राइटिङ नेपाल) को आयोजनामा कुञ्ज थिएटरमा भएको उक्त कार्यक्रमबाट छन्द कविताको मानकीकरणका लागि गरिने वर्ष भरिका कार्यक्रम सार्वजनिक गरिएको छ।

डा. रामप्रसाद ज्ञवाली र डा. देवी नेपालको छन्द जागरण अभियानको दुई दशकको सहयात्रालाई मूर्तरूप प्रदान गर्दै हरेक महिना तीनजना प्रतिनिधि कविहरूका प्रतिनिधि कविताहरू प्रस्तुत गर्ने गरी छन्द तरङ्ग मासिक शृङ्खलाको थालनी गरिएको हो। छन्द अभियन्ता रमेश खकुरेलले छन्द कवितालाई सबै उमेर समूहमा पुर्‍याउने र यसको महत्वबोध गराउने कार्यमा यो अभियान सार्थक हुने बताउनुभयो।

प्रा. राजेन्द्र सुवेदीले संस्कृतपछि नेपाली भाषा मात्र शास्त्रीय छन्दको एक मात्र उत्ताराधिकारी रहेको र अरू भाषाले छन्दको मर्मलाई बहन गर्न नसकेने विचार व्यक्त गर्नुभयो। प्राज्ञ नर्मदेश्वरी सत्यालले नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको आधुनीक नेपाली कविताको प्रतिनिधि संग्रहमा छन्द कविहरूले सम्मानजनक स्थान नपाउनु दु:खद् रहेको बताउनुभयो।

छन्द कविताका अभियन्ता तथा कार्यक्रम संयोजक डा. देवी नेपालले छन्द कविताको जागरणमुखी परम्परालाई प्रस्तुत गर्दै छन्द कविताको मानकीकरणका लागि हरेक महिना स्तरीय कविताहरू सम्प्रेषण गर्दै जाने, वार्षीक कृति प्रकाशन गर्ने र छन्द साधना पुरस्कारसमेत प्रदान गर्ने वार्षिक योजना प्रस्तुत गर्नुभयो।

अर्का संयोजक डा. रामप्रसाद ज्ञवालीले आफूहरूले शुरु गरेको अभियानले औपचारिक उचाइ प्राप्त गरेको र नयाँ पुस्तासमेत छन्द जागरण अभियानमा समर्पित भएको देख्दा यो अभियान झन फलदायी हुने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा कोषराज न्यौपाने, प्राडा. हेमचन्द्र नेपाल, डा. शैलेन्दुप्रकाश नेपालले छन्द कविताको मानकीकरणका बारेमा आफ्नो भनाइ राख्नुभएको थियो। कार्यक्रमको सफलताको कामना गर्दै अक्षयकोषको स्थापनाका लागि कवि भारद्वाज मित्रले आफ्नी आमाको सम्झनामा रु १ लाख प्रदान गर्नुभयो। साथै सहभागीहरूले एक वर्षको कार्यक्रमभरि उपस्थित हुने बाचासहित अग्रिम नाम दर्ता गराउनुभएको छ।

लेखन कुञ्ज (घोस्ट राइटिङ नेपाल) का अध्यक्ष कमल ढकालले यस्तो ऐतिहासिक अभियानको भागिदार संस्था बन्न पाएकोमा खु:सी व्यक्त गर्दै अभियानका लागि संस्थाबाट गर्नुपर्ने सबै कुरामा कुनै पनि कमि आउन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रत्येक महिनाको तेस्रो शुक्रबार छन्द तरङ्ग नयाँ बानेश्वर, थापागाउँमा रहेको लेखन कुञ्जको कुञ्ज थिएटरमा गुञ्जनेछ। शृङ्खलाको थालनी १५३औं मोती जयन्तीका सन्दर्भमा भदौ २२ गते शुक्रबार डा. रामप्रसाद ज्ञवाली, डा. देवी नेपाल र प्रभा भट्टराईका कविताबाट गरिनेछ।

2018, AUG Sunday 5

# अर्थ

राष्ट्र बैंकले २८ वटै वाणिज्य बैंकहरूलाई अनिवार्य रुपमा शाखा विस्तार गर्न भन्दै स्थानीय तह नै तोकेको थियो। तर, बैंकहरूले विभिन्न समस्या देखाउँदै शाखा विस्तारमा ढिलाई गरिरहेका छन्। तोकिएको समयमा सबै स्थानीय तहमा बैंक शाखा विस्तार हुन नसकेपछि केही समय थपेरै भए पनि सबै स्थानीय तहमा बैंकका शाखा पुऱ्याउने राष्ट्र बैंकको लक्ष्य छ।


हिमाल स्टील आजको भाउ

JAGDAMBA STEEL

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | ८ एमएम | १०-३२ एमएम | २५ एमएम | २८-३२ एमएम |
| --- | --- | --- | --- | --- |
| काठमाडौं | ९१।०० | ८८।०० | ९१।०० | ९१।०० |
| [illegible] | ८९।४० | ८६।४० | ८९।४० | ८९।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।४० | ८७।४० | ९०।४० | ९०।४० |
| [illegible], विराटनगर, धरान, इटहरी | ९१।९५ | ८८।९५ | ९१।९५ | ९१।९५ |
| [illegible] | ९०।७० | ८७।७० | ९०।७० | ९०।७० |
| पोखरा, स्याङ्जा | ९०।६० | ८७।६० | ९०।६० | ९०।६० |

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन २०, अगस्ट ५, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
| --- | --- | --- |
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।४८ | ११०।०८ |
| युरो १ को रू. | १२६।९६ | १२७।६६ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।६९ | १४३।४७ |
| स्विस फ्रन्क १ को रू. | ११०।१४ | ११०।७४ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।९८ | ८१।४३ |
| क्यानाडियन डलर १ को रू. | ८४।२८ | ८४।७५ |
| सिङ्गापुर डलर १ को रू. | ८०।१४ | ८०।५८ |
| जापानी यन १० को रू. | ९।८१ | ९।८६ |
| चिनियाँ युआन १ को रू. | १५।९९ | १६।०८ |
| साउदी अरब रियाल १ को रू. | २९।१९ | २९।३५ |
| कतारी रियाल १ को रू. | ३०।०७ | ३०।२३ |
| थाई भाट १ को रू. | ३।२९ | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८० | २९।९७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।८२ | २६।९६ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७२ | ९।७८ |

#### खरिद दर

| | खरिद दर |
| --- | --- |
| स्विडिस क्रोनर १ का रू. | १२।३० |
| डेनिस क्रानर १ का रू. | १७।०४ |
| हङकङ डलर १ का रू. | १३।९५ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# अझै पाँच दर्जन स्थानीय तहमा बैंकको अत्तोपत्तो छैन

नेपाल समाचारपत्र

काठमाडौं

गत आर्थिक वर्षको अन्त्यसम्म सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार गर्ने नेपाल राष्ट्र बैंकको लक्ष्य रहे पनि अझै १ सय १६ वटा स्थानीय तहका बासिन्दा बैंकिङ सुविधा बाहिर रहेका छन्।

बैंकहरूले दुर्गम स्थानमा पूर्वाधार समस्याको कारण देखाउँदै आफ्नो शाखा बिस्तार गर्न ढिलाइ गरिरहेको छन्। राष्ट्र बैंकले गत आर्थिक वर्षको अन्त्यसम्ममा सबै स्थानीय तहमा बैंक शाखा विस्तार गरी वित्तीय पहुँच पुऱ्याउन सबै वाणिज्य बैंकहरूलाई निर्देशन दिए पनि बाटो-घाटो, विद्युत्, इन्टरनेट, सुरक्षा, भौगोलिक विकटतालगायतका कारण देखाउँदै दुर्गम स्थानमा बैंक शाखा विस्तार हुन सकेका छैनन्। गत वैशाखसम्म १ सय १६ स्थानमा बैंक शाखा खोल्न समस्या रहेको बताउँदै आएका बैंकहरूले अहिले पनि १८ वटा स्थानीय तहमा जान नसक्ने भन्दै राष्ट्र बैंकलाई जानकारी गराउने गरेको राष्ट्र बैंकले जनाएको छ।

वाणिज्य बैंकहरूको शाखा विस्तारका लागि केन्द्र विवाद तथा भाडामा घर नपाउँदा पनि समस्या आएको भन्दै राष्ट्र बैंकको निर्देशन आलटाल गर्दै आएका छन्।

बैंकहरूले प्रतिबद्धता जनाएको आधारमा हेर्दा नेपाल बैंक लिमिटेडले डोल्पा जगदुल्ला गाउँपालिकामा शाखा विस्तार गरेको छैन। नेपाल इन्भेष्टमेन्ट बैंकले दार्चुलाको दुहुँ गाउँपालिकामा शाखा विस्तार गर्न बाँकी रहेको छ। नेपाल एसबीआई बैंकले ओखलढुंगाको लिखु गाउँपालिका, नुवाकोटको पञ्चकन्या गाउँपालिका, बैतडीको शिवनाथ गाउँपालिकामा शाखा खोलेको छैन। बैंक अफ काठमाण्डौंले सप्तरीको छिन्नमस्ता गाउँपालिकामा शाखा पुऱ्याउन नसकेको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ।

नेपाल क्रेडिट एन्ड कमर्स बैंक लिमिटेडले सबैभन्दा धेरै स्थानमा शाखा विस्तार गर्न नसके को देखिएको छ। बैंकले ते हथुमको

बैंक

मेन्छयायेम गाउँपालिका, बाराको करैयामाई गाउँपालिका, रौतहटको यमुनामाइ गाउँपालिका, सप्तरीको विष्णुपुर गाउँपालिका, सिराहाको धनगढीमाई नगरपालिका र लक्ष्मीपुर पतारी गाउँपालिका, काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिका, सिन्धुपाल्चोकको जुगल गाउँपालिका नवलपरासी पूर्वको हुप्सेकोट गाउँपालिका, गुल्मीको सत्यवती गाउँपालिका, र कञ्चनपुरको कृष्णपुर नगरपालिकामा शाका विस्तार गर्न नसकेको राष्ट्र बैंकले जनाएको छ।

त्यसैगरी, माछापुच्छ्रे बैंकले ओखलढुंगाको सुनकोसी गाउँपालिका, कृषि विकास बैंकले सुनसरीको देवानगन्ज गाउँपालिका र गोरखाको गण्डकी गाउँपालिका र बझाङको बुंगल नगरपालिकामा शाखा खोल्न सकेका छैनन्। प्राइम कमर्सियल बैंकले पाँचथरको तुम्वेवा गाउँपालिका र फालेलुङ गाउँपालिका, संखुवासभाको सभापोखरी गाउँपालिका, सिन्धुलीको फिक्कल गाउँपालिका, बझाङको खप्तडछान्ना गाउँपालिका र मुस्ताङको दालोमे गाउँपालिकामा सेवा दिन सेको छैन। प्रभु बैंकले मुस्ताङको लोमन्थाङ गाउँपालिका, डोल्पाको शे-फोक्सुण्डो गाउँपालिका, हुम्लाको खार्पुनाथ गाउँपालिका, डडेल्धुराको नवदुर्गाली गाउँपालिकमा शाखा खोल्न अझै सुरसार गरेको देखिँदैन। त्यस्तै, जनता बैंकले ताप्लेजुङको फक्ताङलुङ गँउपालिका, जाजरकोटको छेडागाड नगरपालिका, दार्चुलाको नौगाड गाउँपालिका, प्युठान ऐरावती गाउँपालिकामा शाखा सञ्जाल विस्तार गरको छैन। सिभिल बैंकले गोर्खाको धार्चे गाउँपालिका, प्युठानको माण्डवी गाउँपालिका, जाजरकोटको शिवालय गाउँपालिका, दैलेखको भैरवी गाउँपालिका, अछामको बान्नीगढी गाउँपालिका, डोटीको आदर्श गाउँपालिकामा शाखा पुऱ्याएको छैन। सेन्चुरी कमर्सियल बैंकले संखुवासभाको चिचिला गाउँपालिका, नुवाकोटकाको बेलकोटगढी नगरपालिका, बागलुङको काठेखोला गाउँपालिका, अर्घाखाँचीको मालारानी गाउँपालिका, गुल्मीको छत्रकोट गाउँपालिका, अछामको चौरपाटी र मेल्लेख गाउँपालिका तथा डोटीको बडीकेदार गाउँपालिकामा शाखा विस्तार गर्न बाँकी रहेको राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंकले २८ वटै वाणिज्य बैंकहरूलाई अनिवार्य रुपमा शाखा विस्तार गर्न भन्दै स्थानीय तह नै तोकेको थियो। तर, बैंकहरूले विभिन्न समस्या देखाउँदै शाखा विस्तारमा ढिलाई गरिरहेका छन्। तोकिएको समयमा सबै स्थानीय तहमा बैंक शाखा विस्तार हुन नसकेपछि केही समय थपेरै भए पनि सबै स्थानीय तहमा बैंकका शाखा पुऱ्याउने राष्ट्र बैंकको लक्ष्य छ।

# आयातकर्ताबाट निर्यातकर्ता बन्न आग्रह

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले निजी क्षेत्र र सरकार मिलेर आर्थिक समृद्धिको नयाँ परिभाषा दिने र नेपालको परिचय बदल्नुपर्ने समय आएको बताउनुभएको छ।



उद्योग संगठन मोरङले शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले आर्थिक समृद्धिको लागि निजी क्षेत्र एक मुख्य खम्बा रहेको भन्दै अब काम गरेर देखाउनुपर्ने बेला आएको बताउनुभएको हो।

मुलुकको आन्तरिक उत्पादनमा जोड दिई आयातकर्ताबाट निर्यातकर्ता, गरीब नेपालबाट सम्पन्न नेपालमा, पिछडिएको नेपालबाट आधुनिक नेपालमा, बेरोजगार नेपालबाट रोजगारयुक्त नेपालमा बदलनका लागि निजी क्षेत्रलाई सहयोग गर्न आग्रहसमेत गर्नुभयो। नेपालले हाल कायम राखेको पुरानो परिचय बदल्न उद्यमी व्यवसायीले योजना ल्याएमा सरकारले त्यसमा पूर्णरुपमा साथ दिनेसमेत उहाँको भनाइ छ।

उद्योगको स्थापना तथा सञ्चालनका लागि चाहिनेजति सहुलियत दिन सरकारले कन्जुस्याईं नगर्ने प्रतिबद्धता जनाउँदै प्रधानमन्त्री ओलीको सरकारले दोहोरो, तेहोरो कर नलिने पनि प्रस्ट पार्नुभयो। अहिलेको बढ्दो वैदेशिक व्यापारघाटालाई सन्तुलन कायम गर्नुपर्ने र समग्र आर्थिक अवस्था परिवर्तन गर्नुपर्ने प्रधानमन्त्री ओलीको भनाइ छ।

प्रधानमन्त्री ओलीले भन्नुभयो- 'हामी आर्थिक परिवर्तन त भनिरहेका छौं। तर, त्यो बाटो समात्न सकिरहेका छैनौं। सरकार र उद्यमीको संयुक्त प्रयासबाट आर्थिक परिवर्तनको बाटो तय गर्नुपर्छ।' अहिले देशलाई स्थिरता चाहिएको तथा जनताले स्थिरताको अपेक्षा गरेको र स्थिरताका लागि गतिशील सरकारको अपेक्षा राखेको उहाँको भनाइ छ।

सोही कार्यक्रममा प्रधानमन्त्री ओलीले नेपाल-भारत व्यापारमा भएको समस्यालाई तत्काल समाधान गरिने समेत बताउनुभएको छ। नेपाल-भारतबीच हाल देखिएका व्यापारका असमझदारी हटाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको नेतृत्वमा एक टोलीलाई भारतीय समकक्षीसँग छलफल गर्न भारत पठाउने तयारी सरकारले गरिरहेको समेत उहाँले जानकारी गराउनुभयो।

नेपालमा केही दिनपछि हुन लागेको बिमस्टेक सम्मेलनमा सहभागी हुन आउँदा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग व्यापार समस्याको बारेमा कुरा गरिने प्रधानमन्त्री ओलीको भनाइ छ। 'बिमस्टेकमा आउन लाग्नु भएका राष्ट्र प्रमुखहरूसँग सामूहिकरुपमा र व्यक्तिगत रुपमा पनि हाम्रा व्यापारका समस्या समाधानका लागि हामी कुरा गर्नेछौं। जसबाट नेपालमा लगानीको थप आधार तय हुनेछ।' प्रधानमन्त्री ओलीले भन्नुभयो।

# उत्पादनशील क्षेत्रमा लगानी गर्न जोड

बुटवल, (नेस)

नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले उत्पादनशील क्षेत्रमा लगानी बढाउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभएको छ। उहाँले बैंक तथा वित्तीय संस्थाले उत्पादनशील क्षेत्रमा लगानी गर्ने र स्थानीय, प्रदेश तथा केन्द्रीय सरकारले पनि लगानीमैत्री वातावरण बनाउन सकेमात्रै समृद्धि हासिल गर्न सकिने बताउनुभयो। उत्पादनशील क्षेत्रमा लगानी बढाउन सकिएन भने मुलुकलाई समृद्ध मुलुक बनाउन नसकिने बताउँदै उहाँले उत्पादनशील क्षेत्रमा लगानी गर्ने हो भने सम्भावना प्रशस्त रहेको पनि उल्लेख गर्नुभयो।

कपिलबस्तुको बुद्धभूमि नगरपालिका-२ गोरुसिंगेबाट शुरू गरिएको सत्यवती लघुवित्त वित्तीय संस्थाको शनिबार औपचारिक उद्घाटन गर्दै गभर्नर नेपालले वित्तीय अवस्था कमजोर भएका गरिबीको रेखा मुनी रहेका व्यक्तिको आर्थिक अवस्था सुधारका लागि लघुवित्त कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो।

गभर्नर नेपालले बिकट र दुर्गम क्षेत्रका जनतालाई लक्षित गरेर लघुवित्त कार्यक्रमको स्वीकृति प्रदान गरिएकाले यसले ठूलो जनसंख्यालाई सहयोग गरिरहे पनि नेपालमा अझै ६० प्रतिशत जनसंख्या बैंक तथा वित्तीय संस्थाको पहुँचमा आउन नसकेको जानकारी गराउनुभयो।

उहाँले नेपालको ९० प्रतिशत भूभागमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति रहे पनि अझै ११६ वटा स्थानीय तहमा बैंक तथा वित्तीय संस्था पुग्न नसकेको जानकारी गराउनुभयो।

नेपालमा करिब १५० बैंक तथा वित्तीय संस्था रहेको र ६७ वटा लघुवित्त वित्तीय संस्था रहेको जानकारी गराउँदै गभर्नर नेपालले मुलुकको पुन:संरचनासँगै अब प्रत्येक स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति हुन सक्यो भने जनताको वित्तीय संस्थासँगको पहुँचलाई सुधार गर्न सकिने बताउनुभयो। नेपाल राष्ट्र बैंकले पनि बैंक तथा वित्तीय संस्थालाई ग्रामीण क्षेत्रमा सेवा विस्तारका लागि निर्देशन गरेकाले उहाँले चाँडै नै सुधार हुने आशा व्यक्त गर्नुभयो।

बैंक तथा वित्तीय संस्थाको विकास तथा बिस्तारले गरिब तथा विपन्न परिवारका सदस्यलाई धनी हुने एउटा अवसर पनि भएको बताउँदै गभर्नर नेपालले अवसरको सदुपयोग गर्न आग्रह गर्नुभयो

प्रदेश नम्बर ५ र ६ का नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, प्युठान, सल्यान र जाजरकोट गरी १० जिल्ला कार्यक्षेत्र रहने गरी नेपाल राष्ट्र बैंकले क्षेत्रीय स्तरको लघुवित्त बित्तिय संस्थाको रुपमा इजाजतपत्र प्रदान गरेको छ।

२०७४ फागुन १४ गते नेपाल राष्ट्र बैंकबाट कारोबार इजाजत लिएको उक्त लघुवित्तले गत वैशाखबाट कारोवार सञ्चालन गर्दै आएको संस्थाका अध्यक्ष कमलप्रसाद ज्ञवालीले जानकारी गराउनुभयो। कृषि, उद्योग, सेवा, व्यापार, तथा अन्य व्यबसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन भरपर्दो रुपमा सहयोग गर्ने गरी सञ्चालन शुरू गरिएको उक्त लघुवित्त वित्तीय संस्थाको हालसम्म अधिकृत पुँजी ४ करोड, जारी पुँजी २ करोड २६ लाख र चुक्ता पुँजी १ करोड ५८ लाख २० हजार रहेको संस्थाका कार्यकारी अधिकृत बाबुलाल नेपालले जानकारी दिनुभयो।

उहाँले संस्थापक शेयरधनीहरूको स्वामित्व ७० प्रतिशत चुक्ता भइसकेको र बाँकी ३० प्रतिशत सर्वसाधारणलाई छुट्याइएको जानकारी गराउनुभयो। उक्त लघुवित्त वित्तीय संस्थाले हालसम्म रुपन्देही, नवलपरासी र कपिलबस्तु गरी तीन जिल्लाका १८ वटा स्थानीय तहमा वित्तीय सेवा विस्तार गरिसकेको जनाएको छ।

# भन्सार छलिका सामान बरामद

भद्रपुर, (नेस)

भद्रपुर छोटी भन्सार र भन्सार सुरक्षामा खटिएका प्रहरीको मिलेमतोमा लैजादै गरेको डेढ लाख मूल्य बराबरको सामान गस्तीमा रहेको प्रहरीले पक्राउ गरेको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीको गस्ती टोलीले शनिबार अपरान्ह साढे ४ बजे भन्सार नजिकै रहेका कारोबारी सन्जिव घोषको घरको गेटबाट सामान बरामद गरेको प्रहरीले जनाएको छ। भारतबाट दुइ गाडी सामान ल्याएर भन्सार गोदाममा राखी भन्सार कर्मचारीसँग सेटिङ मिलाएरको सामान घोषको घरभित्र छिराउँदै गरेको अवस्थामा गस्ती प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ। बरामद गरिएको तीन पोकामा १ सय ४ थान गुम्बामा राख्ने तामा र पित्तल मिसिएको अग्लो दियोको ५७ हजार २ सय र एक पोकामा ५४ थान कपडाको ८६ हजार ५ सय साठी गरी १ लाख ४३ हजार ७ सय ६० मूल्य बराबरको सामान बरामद गरेको सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय भद्रपुरले जनाएको छ।

प्रहरीका अनुसार भारतबाट मेची नदी हुँदै दुई राँगा गाडीमा ल्याएको सामान भन्सारमा छिराएको थियो। भारतबाट सामान ल्याउँदै गरेको अवस्थामा भारी वर्षा भएको मौका पारेर घोषका कामदारले ठेलामा राखेर घोषको घरको गेट खोल्दै गरेको अवस्थामा सामान बरामद गरीएको प्रहरीको भनाइ छ। बरामद गरिएको सामान आवश्यक कारबाहीका लागि आइतबार मेची भन्सार कार्यालय काँकडभिट्टा बुझाइएको सशस्त्रका एसपी रेशम कुमार थाक्सुले जानकारी दिनुभयो। शनिबारको दिन पनि घोषको सामान भन्सारभित्रैबाट बाहिर निस्कनु प्रहरी र कर्मचारीको मिलेमतोबिना असम्भव हुने भद्रपुरका व्यापारीको आरोप छ। घोषको यस्तो चर्तिकला प्राय: भइरहने उनीहरू बताउँछन्।

कपडाको कारोबार गर्दै आएका घोषले पछिल्लो समय अन्य सामानको पनि कारोबार गर्ने गरेको यो घटनाले पुष्टि गरेको छ। प्रहरीले बरामद गरेको गुम्बाको दियो काठमाडौंमा बढी खपत हुने गरेको बुझिएको छ। भन्सार र व्यापारी घोषको घर नजिकै रहेकाले प्राय: अनुकुल मिलाएर बहुमूल्य सामान राजस्व नकाटी भन्सार कर्मचारीलाई मिलाएर लैजाने गरेको विगतको घटनाले पनि देखाएको थियो।

घोषको नजरमा भन्सार कर्मचारी र प्रहरी चुइक्क बोल्न पनि नसकेका कारण यस्तो अवैध कारोबार पटक-पटक हुने गरेको छ। भन्सारभित्रबाट यस्तो काम हुनै नसक्ने भद्रपुर भन्सार अधिकृत किरण शर्माले दाबी गर्नुभयो। काम विषेशले काठमाडौंमा भएकाले के भएको भन्ने विषयमा कार्यालय आएपछि मात्र स्पष्ट हुने शर्माको भनाइ छ। केही दिन अघि दुईजना कारोबारीसहित एउटा मोटरसाइकल र ७० हजार मूल्य बराबरको कपडा भद्रपुरको गणेश मन्दिर छेउको भित्री बाटोबाट नेपाल प्रहरीले बरामद गरेको थियो। बरामद कपडा घोषले दाबी गरी पक्राउ परेका दुई कारोबारीलाई धरौटी बुझाएर छुटाएका थिए।

# मयुरधाप औद्योगिक क्षेत्रका लागि आशयपत्र माग

हेटौंडा , (नेस)

हेटौंडा उपमहानगरपालिका-१३ र १४ मा अवस्थित सरकारद्वारा घोषणा गरिएको मयुरधाप औद्योगिक क्षेत्रभित्र केकस्ता उद्योग स्थापना गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित उद्योग/उद्यमीबाट आशयपत्र माग गरिएको छ। मयुरधाप औद्योगिक क्षेत्रमा आफूले गर्न चाहने उद्योगको विवरण एवम् उक्त स्थानमा केकस्ता उद्योग प्रवर्द्धन गर्न सकिन्छ भन्ने आशयपत्र तोकिएको ढाँचामा समयभित्र बुझाउन सम्बन्धितका लागि सूचना प्रकाशन गरिएको हो।

हाल हेटौंडासहित १० वटा औद्योगिक क्षेत्र सञ्चालनमा छन्। सरकारले ५ वर्षभित्र १७ औद्योगिक क्षेत्र बनाउने भएको हो। सातै प्रदेशमा उद्योग विकास गर्ने उद्धेश्यले थप औद्योगिक क्षेत्र बनाउने तयारी सरकारले गरेको हो। उद्योग मन्त्रालयले तयार पारेको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना अनुसार ५ वर्ष अवधिमा प्रदेश नम्बर-३ मा २ वटा औद्योगिक क्षेत्र निर्माण गरिनेछ।

५ वर्षमा हेटौंडाको मयुरधापमा औद्योगिक क्षेत्र सञ्चालनमा आइसक्नेछ। हेटौंडाको अध्ययन प्रतिवेदन तयार भइसकेको छ। वातावरण प्रभाव मूल्यांकन तयार गरी निजी क्षेत्रसमेतको सहभागितामा पूर्वाधारसहित औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालनका लागि प्रस्ताव आह्वान गरिएको छ। पूर्वमा मयुरधापको बस्ती, पश्चिममा कालापानी, उत्तरमा १६ नम्बर वडा र दक्षिणमा उत्तरपानी पर्ने चार किल्लाभित्र रहेको चुरे खहरेको उकास जमिनमा नयाँ औद्योगिक क्षेत्र स्थापना गर्न लागिएको हो।

राजमार्गसँग जोड्न सडक पुऱ्याउन समस्या नहुने र बिजुली पनि सहजढंगले पुऱ्याउन सकिने भएकाले औद्योगिक क्षेत्र स्थापना गर्न उपयुक्त थलो रहेको हो। अनुत्पादक जग्गा उपयोगमा आउने र औद्योगिक क्षेत्रलाई आवश्यक पूर्वाधार उक्त स्थानमा निर्माण गर्न सहज छ। हेटौंडा औद्योगिक क्षेत्रनजिक रहेकाले पनि उक्त स्थानमा औद्योगिक क्षेत्र स्थापना गर्न सहज भएको हो।

हेटौंडा औद्योगिक क्षेत्रनजिक २ सय १० बिघा जमिनमा औद्योगिक क्षेत्र स्थापना गर्न लागिएको हो। मयुरधापमा स्थापना हुने औद्योगिक क्षेत्रले हेटौंडाको महत्व अझ बढाउने मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष/महासंघ केन्द्रीय सदस्य राजकुमार न्यौपानेले बताउनुभयो। सरकारले संघीयताको नयाँ सीमांकनअनुसार विभाजन गरिएका सातै प्रदेशमा एक/एक ठूला औद्योगिक क्षेत्र स्थापना गर्ने भएको हो। नयाँ औद्योगिक क्षेत्र स्थापनापछि करिब ३० हजारले रोजगारी पाउने बताइएको छ। 'औद्योगिकीकरणबिना मुलुक समृद्ध हुन सक्दैन,' न्यौपानेले भन्नुभयो-औद्योगिक क्षेत्रको विस्तार नै औद्योगिकीकरणको शुरूवात हो। सरकारले हेटौंडा कपडा उद्योगको जमिनमा पनि नयाँ औद्योगिक क्षेत्र विस्तार गरेको छ।'

'औद्योगिक गतिविधिका माध्यमबाट स्थानीयस्तरमा सन्तुलित आर्थिक विकास गर्ने तथा स्थानीय स्रोत, साधन र सीपलाई उद्योगधन्दातर्फ प्रवाहित गर्न सकिन्छ,' केन्द्रीय सदस्य न्यौपानेले उद्योगमा सरकारले बिजुली, पानी, मोटरबाटो, शौचालय, बाल गृहजस्ता अत्यावश्यक सेवा सहुलियतरुपमा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो। औद्योगिक क्षेत्रका उद्योगको रेखदेख, नियन्त्रण र मर्मतसम्भारको जिम्मा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले लिएको छ। सबै क्षेत्रमा समानुपातिकरुपमा औद्योगिक क्षेत्र विकासले रोजगारी वृद्धि गर्ने, उत्पादन बढाउने र देशलाई औद्योगिकीकरणको दिशातर्फ लैजाने तयारीसाथ हेटौंडामा नयाँ औद्योगिक क्षेत्र स्थापना थालिएको औद्योगिक क्षेत्र व्यवस्थापन महाप्रबन्धक नन्दकिशोर बस्नेत बताउनुहुन्छ।

२०७५, साउन
आइतबार
२०

पटक-पटक ताकेता गर्दा पनि राजनीतिक संरक्षणको आडमा अटेर गरेपछि बैंकले अनुसन्धान गरेर चार कर्मचारी र १९ जना ऋणिविरुद्ध बैंकिङ कसुरमा विभिन्न १८ वटा अलग-अलग मुद्दा तयार गरी २३ जनाविरुद्ध १ करोड ७८ लाख बिगो कायम गरी अभियोग दर्ता गराएको थियो।

अर्थ

# फाइनान्सहरूको वित्तीय स्थिति सुधारोन्मुख तर कमजोर

नेपाल समाचारपत्र

काठमाडौं

**आधाभन्दा बढी कम्पनीले प्रकाशित गरेको वित्तीय विवरणका आधारमा फाइनान्स कम्पनीहरूको अझै पनि वित्तीय स्वास्थ्यमा व्यापक सुधार गर्नपर्ने देखिन्छ। १५ वटा कम्पनीमध्ये ७ वटा कम्पनीले नाफा बढाएका छन् भने ८ वटा कम्पनीले नाफा घटाएका छन्।**

विभिन्न बैंक तथा वित्तीय संस्थाले यतिखेर गत आर्थिक वर्षको वित्तीय विवरण धमाधम प्रकाशित गर्दै आएका छन्। अन्य कम्पनीको तुलनामा बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय विवरणप्रति आम सर्वसाधारणको चासो बढी छ।

पुँजी बजारमा भइरहेको दिनहुँको गिरावटका कारण पनि यसपटक बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरणप्रति धेरैको चासो वित्तीय विवरणप्रति धेरैको चासो छ। नेपाल राष्ट्र बैंकले नयाँ फर्मुलामा कम्पनीको वित्तीय विवरण प्रकाशित गर्न निर्देशन जारी गरेको भए पनि हाल अधिकांश कम्पनीले पुरानै फर्मुलामा वित्तीय विवरण प्रकाशित गर्दै आएको स्थिति छ।

शुक्रबारसम्म प्रकाशित भएका वित्तीय विरणको आधारमा फाइनान्स कम्पनीहरूको स्थिति त्यति सन्तोषजनक देखिएको छैन। नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको वित्तीय संस्थाको रूपमा अनुमति पाएका फाइनान्स कम्पनीहरूले अझै नेपाल राष्ट्र बैंकले तोके अनुसारको चुक्ता पुँजी पुऱ्याउन सकेका छैनन्।

पहिलो चरणमा प्रकाशित वित्तीय विवरणअनुसार फाइनान्सहरूको अवस्था सुधारोन्मुख रहेको भए पनि सन्तोषजनक भने देखिएको छैन।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको वित्तीय संस्थाको रूपमा अनुमति पाएका फाइनान्स कम्पनीहरूको संख्या २५ वटा रहेको छ। जसमा राष्ट्रियस्तरका २२ वटा, एकदेखि तीन जिल्ला कार्यक्षेत्र रहेका कम्पनी २ वटा र एक जिल्लामात्रै कार्यक्षेत्र भएको फाइनान्स कम्पनी एउटा रहेको छ। यी कम्पनीमध्ये शुक्रबारसम्म १५ वटा कम्पनीले मात्रै आर्थिक वर्ष २०७४/७५ को चौंथो त्रैयमासको वित्तीय विवरण प्रकाशित गरेका छन्।

आधाभन्दा बढी कम्पनीले प्रकाशित गरेको वित्तीय विवरणका आधारमा फाइनान्स कम्पनीहरूले अझै पनि वित्तीय स्वास्थ्यमा व्यापक सुधार गर्नपर्ने देखिन्छ। १५ वटा कम्पनीमध्ये ७ वटा कम्पनीले नाफा बढाएका छन् भने ८ वटा कम्पनीले नाफा घटाएका छन्।

अहिलेसम्म ८० करोड रुपियाँभन्दा माथि चुक्ता पुँजी पुऱ्याउने फाइनान्स कम्पनी ७ वटा रहेका छन्। जसमा सबैभन्दा बढी चुक्ता पुँजी आइसीएफसी फाइनान्सको रहेको छ। यस कम्पनीको ८८ करोड २१ लाख रुपियाँ चुक्ता पुँजी रहेको छ।

त्यस्तै ८० करोड रुपियाँ चुक्त पुँजी पुऱ्याएका फाइनान्स कम्पनीहरूमा पोखरा फाइनान्स, मञ्जुश्री फाइनान्स, युनाइटेड फाइनान्स, श्रीइन्भेष्टमेन्ट एन्ड फाइनान्स, गुडविल फाइनान्स र गुहेश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स रहेका छन्।

अहिलेसम्मको वित्तीय विवरणलाई आधार मान्दा सबैभन्दा कम चुक्ता पुँजी वर्ल्ड मर्चेन्ट एन्ड फाइनान्सको रहेको छ। यस कम्पनीको चुक्ता पुँजी जम्मा १८ करोड १९ लाख रुपियाँ रहेको छ।

त्यस्तै यी फाइनान्स कम्पनीमध्ये सबैभन्दा बढी नाफा कमाउनेमा जानकी फाइनान्स रहेको छ। यस फाइनान्स कम्पनीले गत आर्थिक वर्षमा १३ करोड ३८ लाख रुपियाँ नाफा कमाएको छ। यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २९ प्रतिशतले वृद्धि गरेको छ।

यसैगरी सिर्जना फाइनान्स कम्पनीले १२ करोड २१ लाख रुपियाँ कमाएको छ। यस कम्पनीको नाफा उच्च देखिए पनि अघिल्लो वर्षको तुलनामा भने कम्पनीको नाफा ७ दशमलव ९१ प्रतिशतले कम हो। सबैभन्दा कम नाफा कमाउनेमा प्रोग्रेसिभ फाइनान्सको रहेको छ। यस कम्पनीले एक वर्षमा जम्मा ३५ लाख रुपियाँमात्रै कमाएको छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा सबैभन्दा बढी नाफा कमाउनेमा हाथवे फाइनान्स र वर्ल्ड मर्चेन्ड एन्ड फाइनान्स कम्पनी रहेका छन्। यी कम्पनीले क्रमशः २८९ दशमलव २२ प्रतिशत र १४२ दशमलव ५५ प्रतिशतले वृद्धि गरेका छन्। अघिल्लो वर्ष ५२ लाख रुपियाँ नोक्सानमा रहेको वेस्ट फाइनान्सले यस वर्ष ४ करोड ४२ लाख रुपियाँ नाफा कमाएको छ।

# कृषि विकास बैंकमा कर्मचारीसहितलाई धरौटी माग

नेपाल समाचारपत्र

विराटनगर

उच्च अदालत विराटनगरको बाणिज्य इजलासले बैंकिङ कसुर मुद्दामा एक सरकारी कर्मचारीसहित आठ जनालाई मुद्दाको बिगो अनुसार लाखौं रुपियाँ धरौटी दाखिला गर्न आदेश गरेको छ। ताप्लेजुङको सदरमुकाम फुङलिङ बजारस्थित कृषि विकास बैंक उपशाखाका कार्यालयका लेखापाल हरिशंकर न्यौपानेसहित सात जनालाई उच्च अदालत विराटनगरका न्यायधीश उमेशराज पौडेल र साधुराम सापकोटाको संयुक्त बाणिज्य इजलासले १७ साउनमा बिगो अनुसारको धरौटी दाखिला गर्न आदेश गरेको हो।

उपस्थित गराइएकामध्ये बैंकका कार्यालय सहयोगी ललितकुमार राईलाई भने साधारण तारेखमा रहेर मुद्दाको पुर्पक्ष गर्न अदालतले आदेश गरेको छ। अदालतले बिगोअनुसारको धरौटी दाखिला गर्न आदेश गरेका एक जना बैंक कर्मचारी बाहेक अन्य छ जना सबै ऋणि हुन्। अदालतले बैंकका लेखापाल न्यौपानेलाई ८४ लाख ६२ हजार धरौटी दाखिला गर्न आदेश गरेको छ। यसैगरी ताप्लेजुङ श्रीजंङगा गाउँपालिका ३ घर भई फुङलिङ बस्दै आएकी ३४ बर्षिय पदमा दिदी भनिने पदमकुमारी नुगो (लिम्बु) लाई ४३ लाख धरौटी माग गरेको छ।

खराब कर्जा प्रवाह गर्ने बैंकका उपशाखा प्रमुख गणेश खतिवडा र कर्मचारी भीम आचार्यसहित १२ जना ऋणि अझै फरार। पदमकुमारी कर्जा प्रवाहमा मिलेमतो गरेर हिनामिना गराउने मुख्य अभियुक्त हुन्। उनले कर्मचारीको मिलेमतोमा जग्गा किनेबेच गर्ने गराउने बहानामा कागजी रुपमा जग्गा बैंकमा राखेर ऋण हिनामिना गर्ने गराउने गरेकी थिइन्। धरौटी माग गरिएका अन्यमा फुङलिङकै सरिता लिम्बुलाई ३ लाख ३६ हजार सुनिता लिम्बुलाई ४ लाख ३६ हजार अनिता जोगीलाई ३ लाख ३६ हजार शान्त काङबालाई ४ लाख ३६ हजार र इन्दिरा खवासलाई १ लाख ३६ हजार धरौटी दाखिला गर्न आदेश गरेको छ। यसैबीच उच्च अदालतको आदेशअनुसार धरौटी दाखिला गरे पनि बैंकिङ कसुर आरोपमा शान्ता काङ्बा र इन्दिरा खवास प्रहरी हिरासतबाट छाडिएनन। ताप्लेजुङ जिल्ला अदालतमा उनीहरू उपर किर्ते जग्गाको मुद्दा विचारधीन भएकाले उनीहरू प्रहरी नियन्त्रणमै रहेका हुन। प्रहरीले उनीहरूलाई विराटनगरबाट ताप्लेजुङनै फर्काएको छ।

ताप्लेजुङको फुङलिङ बजारमा रहेको कृषि विकास बैंकको कर्जा प्रवाहमा भएको अनियतिता आरोपमा कृषि विकास बैकले चार जना बैंक कर्मचारीसहित २२ जनाविरुद्ध उच्च अदालत विराटनगरमा अभियोग दर्ता गराएको थियो। बैंकका तत्कालीन उपशाखा प्रबन्धक विराटनगर महानगर १२ बस्ने गणेश खतिवडा र कर्मचारी झापा दमकका भीम आचार्यसहित अन्य अझै फरार छन्।

# एनसेल प्रालिले 'फुच्चे प्याक' ल्यायो




काठमाडौं, (नेस)

एनसेल प्रालिले डेटा सेवाअन्तर्गत 'फुच्चे प्याक' ल्याएको छ। ग्राहकले यो प्याकअन्तर्गत कर बाहेक मात्र ५ रुपियाँ (करसहित रु ६.३८) मा २५ एमबी डेटा भोलुम प्राप्त गर्न सक्नेछन्। फुच्चे डेटा प्याक आइतबार (साउन २० गते) देखि लागू हुने कम्पनीले जनाएको छ। यस डेटा प्याकअन्तर्गतको २५ एमबी डेटा ग्राहकले एनसेलको कुनै पनि नेटवर्क टुजी, थ्रिजी तथा फोरजीमा बिहान ५ बजेदेखि बेलुका ५ बजेसम्म प्रयोग गर्न सक्नेछन्।

ग्राहकले आफ्नो म्यासेज बक्समा ५ (अंग्रेजी अंक पाँच) टाइप गरी १७१२३ मा एसएमएस पठाइ फुच्चे प्याक सुचारु गर्न सक्नेछन्। यो डेटा प्याक सुचारु भएको दिनदेखि ९० दिनको लागि मान्य रहनेछ। सानो भोलुमको डेटा प्याक चलाउन चाहने ग्राहकका लागि मात्र ५ रुपियाँमा डेटा प्याक ल्याउन पाउँ दानिकै हर्षित भएको एनसेलले जनाएको छ। साथै यस डेटा प्याकले ग्राहकलाई थप मूल्य प्रदान गर्दै आफ्नो साथीभाई तथा परिवारसँग सम्पर्कमा रहिरहन मद्दत पुऱ्याउने कम्पनीले विश्वास लिईएको छ।

एनसेलले ग्राहकको मागअनुरुप सही, दामी तथा राम्रो डेटा प्याकअन्तर्गत विभिन्न भोलुमको डेटा प्याक उपलब्ध गराउँदै आएको छ। ग्राहकले एस्ट्रिक्स १७१२३ ह्यास डायल गरी आफ्नो आवश्यकता अनुरुप एक दिने, तीन दिने, साप्ताहिक तथा मासिक कुनै पनि डेटा प्याक सुचारु गर्न सक्दछन्।

# ११९ उत्पादनविरुद्ध मुद्दा

हेटौंडा, (नेस)

क्षेत्रीय खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले खाद्यपदार्थमा प्रतिकूल देखिएका एक सय १९ उत्पादनविरुद्ध मुद्दा दर्ता गरेको छ। मध्यमाञ्चलका नौं जिल्लामा बजार अनुगमनका क्रममा खाद्यपदार्थमा प्रतिकूल देखिएका व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको हो। कार्यालयले तेस्रो चौमासिक समीक्षा तथा वार्षिक समीक्षा गोष्ठीका अवसरमा यसबारे जानकारी दिएको हो।

एक वर्ष अवधिमा सबभन्दा बढी मकवानपुर, त्यसपछि बारामा बढी मुद्दा परेको कार्यालय प्रमुख राजकुमार रिजालले बताउनुभयो। सबैभन्दा बढी तेल तथा घिउजन्य पदार्थमा ३४ वटा मुद्दा परेका छन्।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी आश्मान तामाङले खाद्यप्रविधि क्षेत्रमा पर्याप्त जनशक्ति र प्रविधि नहुँदा उपभोक्ता अधिकार पूर्णरुपमा कार्यान्वयन नभएको बताउनुभयो।


पोखरा फाइनान्स लिमिटेड
POKHARA FINANCE LIMITED
Head Office : Newroad, Pokhara Lekhnath -9, Kaski
Phone: 061-541135, 531145, Fax: 061-531610

Effective From 2075/04/20 (5th August 2018)

Interest Rate % p.a.

| DEPOSIT TYPES | Quarterly Interest Payment | Yearly | At Maturity |
|---|---|---|---|
| 3 Months | - | - | 8.50 |
| 6 Months | - | - | 9.00 |
| 9 Months | - | - | 9.25 |
| 1 Year | 9.00 | - | 9.50 |
| 2 Years and up to 5 Years | 9.50 | 9.60 | 10.00 |
| 1 Year Special FD (Minimum Amount 5 Lakhs) | 11.00 | | 11.25 |

| DEPOSIT TYPES | Interest Rate % p.a. | Minimum Balance(Rs) | Remarks |
|---|---|---|---|
| Karmachari Bachat | 6.25 | 0.00 | |
| Samajik Surakshya Bachat | 6.25 | 0.00 | Eligibility: People availing Social Security Allowance from Government of Nepal |
| Share Bachat | 6.10 | 0.00 | |
| Rs. 5 Bachat | 6.10 | 5.00 | |
| Sadharan Bachat | 6.10 | 1,000.00 | |
| Bal Bachat | 6.20 | 1,000.00 | Eligibility: Children under 16 years |
| Gurkha Bachat | 6.25 | 1,000.00 | Eligibility: Ex-British Pensioner/ Ex-Singapore Police |
| Nari Bachat | 6.25 | 1,000.00 | Eligibility: Nepalese citizenship card holder (female) |
| Jestha Nagarik Bachat | 6.25 | 1,000.00 | Aged over 55 years irrespective of sex |
| Sharedhani Bachat | 6.25 | 1,000.00 | Eligibility: PFL's shareholders |
| Sainik Bachat | 6.20 | 1,000.00 | All Ex-servicemen(Nepal, British, Indian including Police) |
| Byapari Bachat | 6.20 | 1,000.00 | |
| Provident Fund | 6.10 | 1,000.00 | |
| Suraulo Bachat | 7.50 | 50,000.00 | |
| Corporate Deposit | Up to 6.10% | 1,000.00 | |
| Current Account | - | 5,000.00 | |

ओम डेभलपमेन्ट बैंक लि.
OM DEVELOPMENT BANK LTD.
Head Office : Chipledhunga, Pokhara Ph : 061-521505, 521912
Email : info@ombank.com.np website : www.ombank.com.np

Interest rate on Depsoit

Effective From 20 Shrawan 2075 ( i.e 5 August 2018)

1. Saving Deposits:

| Product Types | Interest Rate | Minimum Balance |
|---|---|---|
| VIP Saving Account<br>Premium Saving Account<br>Om Special Saving Account<br>Muskan Saving Account<br>Normal Saving Account<br>Bir Gurkha Saving Account<br>Jestha Nagarik Saving Account<br>Bal Bachat Saving Account<br>Payroll Mgmt. Saving Account<br>Resconstruction Saving Account<br>Micro Finance Saving/Current Account<br>Lakhapati Yojana Saving Account | 5.00% | 100.00 |
| Salary Saving Account | 7.00% | 11.00 |
| Social Security Saving Account | 5.00% | - |
| Happy Saving Account | 5.00% | 5,000.00 |
| Golden Saving Account | 6.00% | 10,000.00 |
| Silver Saving Account | 6.00% | 10,000.00 |
| Call Deposit Account | upto 5.00% | 1,000.00 |
| Corporate Deposit Accout | 5.00% | 1,000.00 |
| FCY Saving Account (USD) | 1.00% | $100 |
| Current Deposit Account | 0.00% | 1,000.00 |

2. Fixed Deposits:

| Tenure | Quarterly | Yearly | At Maturity | Minimum Balance |
|---|---|---|---|---|
| Fixed Deposit Upto 3 Month | 9.50% | - | - | 10,000.00 |
| Fixed Deposit Upto 6 Month | 9.75% | - | - | 10,000.00 |
| Fixed Deposit Upto 9 Month | 10.00% | - | - | 10,000.00 |
| Fixed Deposit upto 1 Year | 10.50% | 10.75% | 10.75% | 10,000.00 |
| Fixed Deposit above 1 year | 9.50% | 9.75% | 10.00% | 10,000.00 |
| Fixed Deposit above 5 Years | Negotiable | | | |

your bank, your partner



# इंग्ल्यान्डको भारतमाथि सनसनी जित



*बेन स्टोक्स् विराट कोहलीको विकेट लिएपछि*

एड्जबास्टन, (एजेन्सी)

एड्जबास्टनमा भएको पहिलो टेस्टमा ३१ रनको सनसनी जित हात पार्दै इंग्ल्यान्डले भारतविरुद्धको ५ खेलको टेस्ट सिरिजमा १-० ले अग्रता लिएको छ।

मात्र १ सय ९४ रनको मध्यम लक्ष्य थियो। भारतले ११०/५ को स्कोरबाट शनिबार खेल शुरु गर्‍यो। भारतीय टोली जितबाट केवल ८४ रनले टाढा थियो र टोलीका ५ महत्त्वपूर्ण विकेट पनि बाँकी रहेको थियो। जसमा भारतीय कप्तान विराट कोहलीसमेत क्रिजमा थिए। पहिलो इनिङमा जसरी सतक प्रहार गरे त्यसअनुसार भारतले यो टेस्ट जित्ने अनुमान गरिएको थियो।

तर इंग्लिस बलरको घातक बलिङमा नतमस्तक बनेपछि भारत ५४.२ ओभर खेल्दै १ सय ६२ रनमै अलआउट हुन बाध्य भयो। भारतले चौथो दिनको बिहानी समयमा ५२ रन जोडेर बाँकी ५ विकेट गुमाएको थियो। भारतले लक्ष्य भेटाउन असफल भएपछि इंग्ल्यान्डले आफ्नो १ हजारौं टेस्टमा जित हात पार्‍यो। दोस्रो टेस्ट ९ अगस्टमा लर्डस्मा खेलिनेछ।

जेम्स एन्डरसनले दिनको छटौं बलमा दिनेस कार्तिकलाई आउट गरेर इंग्ल्यान्डलाई जितको आशा देखाएका थिए। छैटौं विकेट गुमाएको भारतले यसपछि प्रमुख ब्याटसम्यान विराट कोहलीलाई समेत गुमाएपछि इंग्ल्यान्ड खेलमा हावी भयो। उनलाई बेन स्टोक्सले व्यक्तिगत ५१ रनमा एलबीडब्ल्यूमा पवेलियन फर्काएका थिए। यसअघि पहिलो इनिङमा विराटले सतक (१४९ रन) प्रहार गरेका थिए। स्टोक्सले त्यसपछि सोही ओभरमा मोहम्मद शामीको विकेट लिए। अन्तिममा हार्दिक पाण्ड्याले भारतका लागि केही आस देखाए तर उनलाई स्टोक्सले शिकार बनाएर जित दिलाएका थिए। हार्दिकले ३१ रन बनाएका थिए।

जोए रुटले बलिङ परिवर्तन गर्ने क्रममा स्टोक्सलाई पुन बल ठम्याएपछि उनले पहिलो ओभरमै दुई विकेट लिए। स्टोक्सले ४ विकेट लिन ४० रन खर्चेका थिए। जेम्स एन्डरसनले ५० रन दिएर २ विकेट हासिल गरे भने स्टुआर्ट ब्रोडले पनि २ विकेट नै प्राप्त गरेका थिए। त्यस्तै लेग स्पिनर अदिल रशिदले एक विकेट लिने क्रममा इशान्त शर्मालाई एलबीडब्ल्यूको धरापमा पारेका थिए।

स्टोक्सले अदालती मामिलाका कारण दोस्रो टेस्टमा खेल्ने सन्देह भएको छ। इंग्ल्यान्डले पहिलो इनिङमा २ सय ८७ रन बनाएको थियो। जसमा जोए रूटले ८० रनको सहयोग गरे। भारतले पहिलो इनिङमा २ सय ७४ रन जोडेको थियो। जसमा कप्तान विराटले २२औं टेस्ट सतक र इंग्ल्यान्डमा पहिलो टेस्ट सतक प्रहार गरे। टोली ७ विकेटको क्षेतिमा १ सय ६९ रनमा हुँदा विराटले सानदार १ सय ४९ रन बनाएका थिए। जसअनुसार भारत इंग्ल्यान्डसँग १३ रनले पछि पर्‍यो। इसान्त शर्माले ५ विकेट लिएर इंग्ल्यान्डको दोस्रो इनिङ १ सय ८० रनमा समेटिदिए।

# सन्दीपको यात्रा वेस्टइन्डिजतिर



काठमाडौं, (नेस)

नेदरल्यान्डस्मा एकै ओभरमा दुई विकेट लिएर नेपाललाई खेलमा फर्काएका सन्दीप लामिछानेको अर्को यात्रा वेस्ट इन्डिज हुने भएको छ। वेस्ट इन्डिजमा बुधबारदेखि शुरु हुने क्यारिबियन प्रिमियर लिग (सीपीएल) मा सहभागी हुन सन्दीप नेदरल्यान्डस्बाट एन्टिगा गएका हुन्। सेप्टेम्बर १६ सम्म चल्ने सीपीएलमा उनी सेन्ट किट्स एन्ड नेभिस प्याट्रियटसबाट खेल्नेछन्। उनलाई सो टोलीले ५ हजार अमेरिकी डलरमा अक्सनबाट खरिद गरिएको हो।

हालै नेदरल्यान्डस्मा सम्पन्न वानडे अन्तर्राष्ट्रिय सिरिजमा सन्दीपले २ खेलबाट ४ विकेट लिएका थिए। त्यस्तै यसअघि इन्डियन प्रिमियर लिग (आईपीएल) मा डेब्यु गरेका उनले ३ खेलबाट पाँचै विकेट हासिल गरे। दिल्ली डेयरडेभिल्सले उनलाई २० हजार डलरमा आबद्ध गरेको थियो। यसैगरी उनले गत महिना क्यानडामा भएको ग्लोबल टी २० क्यानडा लिगमा मोन्ट्रियल टाइगर्सबाट ६ खेलमा सहभागी हुँदै ८ विकेट हात पारेका थिए। मोन्ट्रियलमा उनी ४० हजार डलरमा समावेश भएका थिए।

# ओप्स फुटसल हुने




काठमाडौं, (नेस)

प्रथम ओप्स अन्तर विद्यालय फुटसल प्रतियोगिता आइतबारदेखि हुने भएको छ। जीवनको मूल आधार शिक्षा र खेलकुद भन्ने स्लोगनका साथ साउन २३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा २० स्कुलको सहभागिता रहनेछन्। मनमैंजुस्थित जिफोर खेल मैदानमा सञ्चालन हुने प्रतियोगिताका सहभागी टिमलाई ४ समूहमा विभाजन गरी लिगकम नकाउटका आधारमा खेल सञ्चालन गरिनेछ। प्रतियोगिताको अनुमानित बजेट ३ लाख ५० हजार रहेको छ।

# संगीता र पुनम विजयी

काठमाडौं, (नेस)

एसियाडको तयारीमा वैदेशिक प्रशिक्षणमा रहेको नेपाली बक्सिङ टोलीले चार देशबीच भएको अन्तर्राष्ट्रिय मैत्रिपूर्ण खेलमा नेपालकी संगीता सुनार र पुनम रावलले विजयी शुरुआत गरेका छन्। संगीताले ५७ केजी तौल समूहमा थाइल्यान्डकी मुक्केवाज बुन्याबचलाई अंकको आधारमा हराइन्। त्यस्तै पुनमले ६० केजी तौल समूहमा थाइल्यान्डकै मुक्केवाज अपिसाडा हामरलाई अंककै आधारमा स्तब्ध बनाइन्।




## धरहरा

# कांग्रेसले बढायो भाउ



प्रमुख प्रतिपक्षी दल कांग्रेस सरकारको विरोध गर्दै सडकमा उत्रिया छ। मंगलबार उसले काठमाडौंसहित मुलुकका अधिकांश भेगमा नेता कार्यकर्ता उतार्‍यो। नेताले दावी गर्दै भने- 'मुलुकभर विशाल प्रर्दशन भयो, सरकारलाई जसरी हुन्छ घुँडा टेकाउँछौं।' कांग्रेसको यस्तो दावी सुन्दा देख्दा ढिलै भए पनि मुलुकमा प्रतिपक्षी दल पनि रैछ भन्ने लाग्यो।

अनि कांग्रेसले दावी गरे झैं काठमाडौंमा विशाल प्रर्दशन होला भन्दै धरहराले निकै चासो बढायो। उपत्यकाका धेरै ठाउँमा दुरविन पनि घुमायो, तर दावीअनुसार विशाल हैन, प्रर्दशन त विजोग पो रैछ। अपेक्षा गर्‍याभन्दा धेरै कम कार्यकर्ता सडकमा झण्डा हल्लाउँदै थिए। तै पनि भन्दै थिए- 'दुई तिहाइको दम्भ तोड्छौं, सरकारलाई घुँडा टेकाउँछौं, अधिनायकवाद सरकार मुर्दावाद, शाही शैली मुर्दावाद।'

'सरकार फलानो जस्तो', 'ओलीको शैली राजा-महाराजा जस्तो' भन्दै मन्त्री र प्रधानमन्त्रीको भाउ बढाएपछि उनीहरू पक्कै गजक्क पर्‍या होलान्। 'काम गर्न नसके पनि जनतालाई सपना बाढ्न छोड्नुहुन्न हाम्रो बजार भाउ राम्रै रैछ' भन्दै उनीहरू एकआपसमा कानेखुशी गर्दै दङ्ग मख्ख परेको देख्दा धरहरा चाहिँ छक्क पर्न थाल्या छ।

# पीएसजीलाई ट्रफी

लन्डन, (एजेन्सी)

पेरिस सेन्ट जर्मेन (पीएसजी) ले मोनाकोलाई ४-० गोलअन्तरले हराएर ट्रफी डेस च्याम्पियनमा उपाधि जितेको छ। शनिबार भएको खेलमा ब्राजिलियन खेलाडी नेयमारले अन्तिम १५ मिनेट मात्रै खेलेका थिए।

चीनको सेन्जेन युनिभरसियाडे स्टेडियममा भएको खेलमा उनी मार्को भेराटीको स्थानमा आएका थिए। तर उनले गोल भने गर्न सकेनन्। एन्जेल डी मारियाले १२ औं मिनेटमा फ्रिकिकमार्फत् गोल गरेर टोलीलाई अग्रता दिलाए। सात मिनेटपछि क्रिस्टोफर कुन्कुले क्लोज रेन्जमा गोल गरेर अग्रता दोब्बर पारेका थिए। दोस्रो हाफमा तिमोथी वेहले तेस्रो गोल गर्दा डी मारियाले अन्तिममा गोल थपेका थिए।

Call 4-261179, (98511) 08620, (98510) 35406, (9841) 764976 to Advertise on the Collector's Issue of The Largest Selling Entertainment Magazine

LIMITED AD SPACE AVAILABLE




Ad Deadline: Shrawan 18, 2075 (August 3, Friday)

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ